# गौतम बुद्ध महाकाव्यमा रसविधान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

नेपाली केन्द्रीय विभाग दर्शनाचार्य तह तेस्रो सत्रको

पाठ्यांश सङ्केत ६०९ र ६१० को

प्रयोजनको लागि

प्रस्तुत

## शोधप्रबन्ध


शोधकर्ता

सुरेश बजगाईं

दर्शनाचार्य तह

त्रि.वि. दर्ता नं. ६-१-२२-४२२-९८

क्रमाङ्क : ८७३

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौं


२०८१

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागमा दर्शनाचार्य (एम.फिल.) तहको उपाधि हासिल गर्नका लागि *गौतम बुद्ध महाकाव्यमा रसविधान* शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले शोधनिर्देशक आदरणीय सह-प्रा.डा. कृष्णप्रसाद भण्डारीज्यूको निर्देशनमा तयार पारेको हुँ । मैले यस शोधप्रबन्धको कुनै पनि पाठ वा अंश कुनै प्रयोजनका निमित्त अन्यत्र उपयोग गरेको छैन र अन्य कुनै लेख वा ग्रन्थबाट बिना उद्धरण कुनै अंश उद्घृत गरेको छैन भनी प्रतिबद्धता व्यक्त गर्दछु । यस प्रतिबद्धता विपरित कुनै प्रमाण भेटिएमा वा अन्यथा हुन गएमा म त्यसप्रतिपूर्ण जवाफ देही हुनेछु ।

सुरेश बजगाईं

मितिः २०८१/०३/३०

## शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य तह तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि छात्र सुरेश बजगाईले *गौतम बुद्ध महाकाव्यमा रसविधान* शीर्षकको शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नु भएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

मितिः २०८१/०३/३०

(सह-प्रा.डा. कृष्णप्रसाद भण्डारी)
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

## स्वीकृत-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य तह तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि छात्र सुरेश बजगाईंले *गौतम बुद्ध महाकाव्यमा रसविधान* शीर्षकको शोधप्रबन्ध मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## शोधप्रबन्ध मूल्याङ्कन समिति

१) प्रा. डा. कृष्णप्रसाद न्यौपाने ........................................

(विभागीय प्रमुख)

२) सह-प्रा.डा. कृष्णप्रसाद भण्डारी ........................................

(शोध निर्देशक)

३) प्रा. डा. महादेव अवस्थी ........................................

(बाह्य परीक्षक)

४) सह-प्रा.डा. दुर्गाबहादुर घर्ती ........................................

(आन्तरिक परीक्षक)

मितिः २०८१/०३/३०

# कृतज्ञताज्ञापन

*गौतम बुद्ध महाकाव्यमा रसविधान* शीर्षकको यो शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य तह तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि तयार पारिएको  हो । शोधकार्य पूरा गर्न नियमित सुपरीवेक्षण तथा मार्ग निर्देशन गर्नु हुने नेपाली केन्द्रीय विभागका आदरणीय गुरु सह-प्राध्यापक डा. कृष्णप्रसाद भण्डारीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधप्रबन्धको प्रस्ताव स्वीकार गरी अध्ययनका लागि अनुमति प्रदान गर्ने नेपाली केन्द्रीय विभाग, यस विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. कृष्णप्रसाद न्यौपाने ज्यूप्रति सादर कृतज्ञता व्यक्त गर्दछु । यसरी नै प्रा.डा. लक्ष्मणप्रसाद गौतमज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधकार्यको शिलशिलामा प्रत्यक्ष अप्रत्यक्ष सहजीकरण गर्नुहुने नेपाली केन्द्रीय विभागका आदरणीय सम्पूर्ण गुरुहरूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधग्रन्थका स्रष्टा महाकाव्यकार महाकाव्यकार चन्द्रप्रसाद न्यौपानेप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । यस कार्यको तयारीका क्रममा हर तवरले सहयोग पुऱ्याउने हुने स्व. बुवा थलराज बजगाईंलाई स्मरण गर्न चाहन्छु । यस कार्यको अन्य काममा सहयोग गर्न हुने श्रद्धेय आमा चन्द्रकुमारी बजगाईं, श्रीमती बिमला सञ्जेल र छोरा सौगात बजगाईंप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी समय व्यवस्थापन गरि सहयोग गर्नहुने श्री मगरगाउँ मा.वि.का प्रधानाध्यापक फूलध्वज लामाज्यूप्रति पनि धन्यवाद प्रकट गर्दछु, साथै मित्र ऋषिकेश आचार्यमा धन्यवाद व्यक्त गर्दछु । शोधप्रबन्ध टङ्कन गरि सहयोग गर्ने बहिनी रमिता महर्जन प्रति धन्यवाद व्यक्त गर्दछु । अन्तमा यस कार्यको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष अनुरोध गर्दछु ।

सुरेश बजगाईं
दर्शनाचार्य तह
क्रमाङ्क : ८७३
कीर्तिपुर, काठमाडौं
२०८१/०३/३०

# विषयसूची

**पृष्ठ संख्या**

*प्रतिबद्धता*

*शोध निर्देशकको सिफारिस*

*स्वीकृत पत्र*

*कृतज्ञताज्ञापन*

*विषयसूची*

**पहिलो परिच्छेद**

**शोध परिचय**

१.१ विषयपरिचय १

१.२ समस्याकथन १

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधको औचित्य ७

१.६ शोधको सीमा ७

१.७ शोधविधि ७

१.८ सामग्री सङ्कलन विधि ८

१.८.१ सामग्री विश्लेषण विधि ८

१.९ शोधप्रबन्धको रूपरेखा ८

**दोस्रो परिच्छेद**

**गौतम बुद्ध महाकाव्यमा अङ्गी रसको प्रयोग र विश्लेषण**

२.१ रस परिचय ९

२.२ रसको सैद्धान्तिक परिचय ९

२.२.१ विभिन्न सन्दर्भमा रस ९

२.१.२ गौम बुद्ध महाकाव्यका रसको स्थिति १०

२.२ रसका प्रकार १६

२.३ रसका उपकरण १७

२.३.१ विभाव १७

२.३.२ अनुभाव १९

२.३.३ व्यभिचारी भाव १९

२.३.४ स्थायी भाव २०

२.४ नवरसको स्वरूप २०

२.४.१ शृङ्गार रसको स्वरूप २०

२.४.२ वीर रसको स्वरूप २३

२.४.३ करुण रसको स्वरूप २३

२.४.४ हास्य रसको स्वरूप २४

२.४.५ रौद्र रसका स्वरूप २५

२.४.६ भयानक रसको स्वरूप २६

२.४.७ अद्भुत रसको स्वरूप २६

२.४.८ वीभत्स रसको स्वरूप २७

२.४.९ शान्त रसको स्वरूप २८

२.५ गौतम बुद्ध महाकाव्यमा अङ्गी रस ३०

२.५.१ गौतम बुद्ध महाकाव्यमा विभाव ३१

२.५.१.१ गौतम बुद्ध महाकाव्यमा आलम्बन विभाव ३१

२.५.१.२ गौतम बुद्ध महाकाव्यमा उद्दीपन विभाव ३३

२.५.२ गौतम बुद्ध महाकाव्यमा अनुभाव ३४

२.५.३ गौतम बुद्ध महाकाव्यमा स्थायी भाव ३५

२.५.४ गौतम बुद्ध महाकाव्यमा व्यभिचारी भाव ३६

२.६ गौतम बुद्ध महाकाव्यमा अङ्गी रसको विश्लेषण ५९

२.७ निष्कर्ष ६०

**तेस्रो परिच्छेद**

**गौतम बुद्ध महाकाव्यमा अङ्ग रसको प्रयोग र विश्लेषण**

३.१ विषयपरिचय ६१

३.२ गौतम बुद्ध महाकाव्यमा अङ्ग रसको प्रयोग र विश्लेषण ६१

३.२.१ शृङ्गार रसको प्रयोग ६१

३.२.२ वीर रसको प्रयोग ६२

३.२.३ करुण रसको प्रयोग ६२

३.२.४ हास्य रसको प्रयोग ६६

३.२.५ रौद्र रसको प्रयोग ६६

३.२.६ भयानक रस प्रयोग ६७

३.२.७ अद्‌भुत रसको प्रयोग ६७

३.२.८ वीभत्स रसको प्रयोग ६८

३.२.९ शान्त रसको प्रयोग ६९

३.३ गौतम बुद्ध महाकाव्यमा रस परिपाकको स्थिति ७०

३.४ निष्कर्ष ७१

**चौथो परिच्छेद**

**सारांश र निष्कर्ष**

४.१ सारांश ७३

४.२ निष्कर्ष ७६

**सन्दर्भ सामग्रीसूची ८२-८३**

## सङ्केत सूची

| | | |
|---|---|---|
| तृ.प. | : | तृतीय परिच्छेद |
| त्रि.वि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| पृ. | : | पृष्ठ |
| मा.वि. | : | माध्यामिक विद्यालय |
| वि.सं. | : | विक्रम सम्वत् |
| संस्क. | : | संस्करण |
| सम्पा. | : | सम्पादक |
| सह.प्रा. | : | सह-प्राध्याकप |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषयपरिचय

प्रस्तुत शोधको प्रमुख विषय *गौतम बुद्ध* महाकाव्यमा रसविधान रहेको छ । यो कृति आँखा स्वयंसेवी प्रकाशन काठमाडौँबाट (२०५९) सालमा प्रकाशित कृति हो । यो महाकाव्य उनको *चन्द्रयुग* (२०६५) बृहत्तर महाकाव्यमा समाविष्ट छ । यस महाकाव्यमा विश्वका शान्तिदूत गौतम बुद्धको जीवनी र उनको दर्शनलाई श्लोकबद्ध रूपमा प्रस्तुत गरिएको छ । पूर्वीय महाकाव्यका अवधारणा अनुरूप रचना गरिएको यो महाकाव्यमा बुद्धको जीवन चरित्र प्रस्तुत गर्ने महत्त्वपूर्ण प्रबन्धकाव्य हो । यो महाकाव्य अठार सर्गमा संरचित छ । यसमा तेह्र सर्ग रहेका छन् भने जम्मा श्लोक संख्या १५१० रहेका छन् । पछि चन्द्रयुग नामक बृहत्तर महाकाव्य भाग १ मा १८ सर्गसम्म विस्तार भएको छ । पहिलो सर्ग मङ्गलाचरणका रूपमा र अन्तिम तेहौं सर्ग उपसंहारका रूपमा रहेको छ । यो महाकाव्यले बौद्ध दर्शनका अनेक विषयवस्तुलाई प्रस्तुत गरेको छ । कविले ऋषि बाबा, हिमाल, तपोवन, हरिया वन आदिको सौन्दर्यलाई प्रथम सर्गमा चित्रण गरेका छन् । त्यसैगरी चराहरूपको चिरबीर, नदीहरूपको स्वच्छता, जनावरहरूको उपस्थिति काव्यमा गराइएको छ । पूर्णिमाको रात नेपाली पहाडका ह्रस्व, दीर्घ जस्ता दृश्यहरू रहेको उल्लेख छन् । कविले यस महाकाव्यमा कालिदास, महाकावी देवकोटा आदिलाई सम्झिँदै माधवप्रसाद घिमिरे र मोदनाथ प्रश्रित जस्ता अन्य कविको महानतालाई पनि सम्झेका छन् । काव्यमा राजा शुद्धोदनको र रानी मायादेवीको विवाह सम्पन्न भएको र त्यसपछि प्रथम पुत्र सिद्धार्थको रूपमा जन्म भएपछि उनले बाल्यकालमा नै विचित्र किसिमका क्रियाकलाप देखाएका थिए । सिद्धार्थ जन्मनासाथ मुसुक्क हाँसेको, बोलेको र हिँडेको समेत घटना चर्चा गरिएको छ । युवा अवस्थामा उनी बगैँचामा खेल्न जाँदा फूलको विरुवा छुन पुग्छन्  र हाँगाबाट फूल झर्छ । त्यसबेला आफूले गल्ति गरेको महशुस गरि फूलको बोटसँग माफी माग्छ, यो पनि विशेष खालको घटना छ । उनी युवा हुँदा बृद्ध, रोगी, मरेको मान्छे देख्छन् । त्यस्तै भिक्षुको दर्शन पाउँछन् । यो घटनाले वैराग्य उत्पन्न गराउँछ । यस घटना पनि काव्यमा प्रमुखताका साथ वर्णन गरिएको छ । यसपछि उनी दरबार त्याग गरि बुद्धत्वको खोजीमा निस्किन्छ । उनी कठोर तपस्या गरी बुद्धत्व प्राप्त गर्छन् र जीवनभर शान्तिर करुणाको शिक्षा दिलै निर्वाण प्राप्त गर्छन् । यस अर्थमा बौद्ध दर्शन आधारित यो महाकाव्य शान्त रसको गहिरो प्रभाव बोकेको पाइन्छ । राजा शुद्धोदको विवाह देखि सिद्धार्थको जन्म हुन्दै उनले दरबार छोडी

ध्यानद्वारा बुद्धत्वप्राप्ति, धर्मोपदेश दिएको र महापरिनिर्वाणको घटना यस महाकाव्यमा उल्लेख गरिएको छ ।

## १.२ समस्याकथन

*गौतम बुद्ध* महाकाव्यमा विभिन्न रसको प्रयोग भएको पाइन्छ । त्यसअन्तर्गत शान्त रस यसको मूल रस हो । यसमा रस सिद्धान्तमा आधारित विभिन्न रसहरूको न्यूनाधिक प्रयोग भएकाले यो महाकाव्य विश्लेषण युक्त देखिन्छ । उक्त रसका आलम्बन र उद्दीपन विभावको स्थिति एवम् विविध रसको उपयोग के कसरी हुन गएको छ भन्ने मूल समस्यामा केन्द्रित भएर निम्नानुसारका शोध प्रश्नहरू निर्माण गरिएको छ :

१. गौतम बुद्ध महाकाव्यमा अङ्गीरसको प्रयोग के कस्तो छ ?

२. गौतम बुद्ध महाकाव्यमा अङ्गरसको प्रयोग के कसरी गरिएको छ ?

## १.३ शोधको उद्देश्य

शोध समस्यामा केन्द्रित भई गौतम बुद्ध महाकाव्यमा रसको अवस्था पत्ता लगाउनु शोध कार्यको मूलभूत उद्देश्य रहेको छ। यसका निम्ति निम्न लिखित उद्देश्यहरू रहेका छन् :

१. गौतम बुद्ध महाकाव्यमा प्रयुक्त अङ्गीरसको विवेचना गर्नु,

२. गौतम बुद्ध महाकाव्यमा अङ्ग रसको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

*गौतम बुद्ध* महाकाव्यसँग सम्बधित भएर विभिन्न समयमा भिन्न–भिन्न अध्ययन कर्ताले अध्ययन गरेको पाइन्छ। ती अध्ययनलाई यहाँ क्रमशः प्रस्तुत गरिन्छ।

श्याम रिमाल (२०५९) ले गोरखापत्रमा असोज १९, *गौतम बुद्ध महाकाव्य प्रकाशित* शीर्षकमा न्यौपानेको गौतम बुद्ध महाकाव्य प्रकाशनको समाचार छापेका छन् । त्यसमा न्यौपानेको महाकाव्य प्रकाशनको औचित्यबारे धारणा र कमलमणि दीक्षितको हासलम्मका उनका कृतिहरूमध्ये सो महाकाव्य उत्कृष्ट कृति हो भन्ने ठहरसहितको टिप्पणी समेत समावेश गरिएको छ । त्यस काव्यका बहुसङ्ख्यक श्लोकहरू अनुष्टुप् छन्नमा रहे पनि सोह्रओटा छन्न प्रयोग गरिएको छ । महाकाव्यकारका कथा, समालोचना, उपन्यास, कविता सङ्ग्रह, अनुसन्धान र महाकाव्य गरी २० ओटा कृतिहरू प्रकाशित भैसकेको समाचार लेखिएको छ भन्ने व्यहोरा प्रस्तुत गरिएको छ । केवल

समचारका रूपमा आएको यस लेखले न्यौपानेको रसविधानका बारेमा गहन चर्चा गरेको पाइन्न । त्यसैले यस अध्ययनले *गौतम बुद्ध* महाकाव्यमा प्रयुक्त विभिन्न अङ्गी रसका आलम्बन र उद्दीपन विभाव, अनुभाव र सञ्चारी भावका साथै अङ्गीरस र अङ्गरसको विश्लेषण यस पूर्व नभएकाले यस शोधकार्यलाई सन्दर्भ सामग्रीका रूपमा अपनाइको छ ।

विनयकुमार शर्मा (२०५९) ले नेपाल *नेपाली महाकवि र महाकाव्य* नामक आफ्नो पुस्तक *चन्द्रप्रसाद न्यौपाने* शीर्षकमा महाकाव्यकार न्यौपानेको सङ्क्षिप्त जीवनी, व्यक्तित्व लगायत उनका महाकाव्य सोल्मू र सिमाना बारेमा चर्चा गर्दै कथावस्तु र स्वतन्त्रता, क्रान्ति, अनीश्वरवाद, विविधता; प्रत्याघात महाकाव्यभित्रका कथा, प्रकृतिवर्णन, राष्ट्रियभावना, सामाजिक पक्ष र कल्पना, स्वच्छन्नता र समानताका बारे चर्चा गरेका छन् । (नेपाल, २०५९) पृ. ७०६ । नेपालको यस अध्ययनले *गौतम बुद्ध* महाकाव्यमा प्रयुक्त विभिन्न अङ्गी रसका आलम्बन र उद्दीपन विभाव, अनुभाव र सञ्चारी भावका सहयोगी भाव साथै अङ्गीरस र अङ्गरस प्रयोजनको विश्लेषण नभएकाले यस अध्ययनलाई शोधकार्यको सन्दर्भ सामग्रीका रूपमा अपनाइको छ ।

काशीनाथ न्यौपाने (२०५९) ले *गौतम बुद्ध महाकाव्यलाई नियालेर हेर्दा* शीर्षक मार्फत् आफ्ना धारणा व्यक्त गरेका छन् । उक्त लेखमा गौतम बुद्ध महाकाव्यको सङ्गठन पक्ष र छन्न विधानको टिप्पणी गर्दै काव्यकारको सङ्क्षिप्त जीवनीका साथ प्रतिभाको पनि चर्चा गरिएको छ । यस अध्ययनले पनि *गौतम बुद्ध महाकाव्य*मा प्रयुक्त विभिन्न अङ्गी रसका आलम्बन र उद्दीपन विभाव, अनुभाव र सञ्चारी भावका साथै अङ्गीरस र अङ्गरस प्रयोजनको अध्ययन विश्लेषण नभएकाले यस अध्ययनलाई शोधकार्यको सन्दर्भ सामग्रीका रूपमा अपनाइको छ ।

कृष्णप्रसाद भण्डारी (२०५९) ले *गोरखापत्र*मा 'नयाँ कृति' स्तम्भअन्तर्गत *गौतम बुद्ध महाकाव्य* शीर्षकमा अति छोटोमा महाकाव्यको १३ ओटै सर्गको कथावस्तु उल्लेख गरेका छन् । अन्त्यमा छन्नमा कविता लेख्ने परम्परामा लागेको खडेरीको विपक्षमा यो महाकाव्य अमृतवर्षा हो भनी महाकाव्यकारको प्रशंसा गरिएको छ । तसर्थ यस अध्ययनले पनि *गौतम बुद्ध* महाकाव्यमा प्रयुक्त विभिन्न अङ्गी रसका आलम्बन र उद्दीपन विभाव, अनुभाव र सञ्चारी भावका साथै अङ्गीरस र अङ्गरस प्रयोजनको अध्ययन विश्लेषण नभएकाले यस अध्ययनलाई शोधकार्यको सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

माधव घिमिरे (२०६०) ले 'टङ्गाल' *रचना* द्वैमासिक, पूर्णाङ्क ७६, बैशाख-जेठ, कृति समीक्षा स्तम्भ अन्तर्गत *महाकाव्यकार न्यौपानेको गौतम बुद्ध* नामक शीर्षकको लेख प्रकाशित गरेका छन् । उक्त सङ्क्षिप्त लेखमा कलिलै उमरेमा महाकाव्य रचना गर्ने महाकाव्यकारको बहुआयामिक व्यक्तित्वको उल्लेख गरिएको छ । यस *गौतम बुद्ध* महाकाव्यमा रसविधान शीर्षकमा अध्ययन गर्दा आंशिक सहयोग अध्ययन विश्लेषण नभएकाले यस अध्ययनलाई शोधकार्यको सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

हेमराज पाण्डे (२०६०) ले 'अभागी' कार्तिक अङ्क, *मधुपर्क*मा कृति समीक्षा स्तम्भअन्तर्गत एक लेख प्रकाशित गरेका छन् । उक्त लेखको शीर्षक बौद्ध दर्शनसम्बन्धी कृति राखेर एक दर्जनजति रहेको नेपाली महाकाव्य रचनामा त्रिकालदर्शी, विश्व-शान्तिका महामानव गौतम बुद्धजस्तो अत्यावश्यक, समसामयिक विषय छानेर काव्य लेखन गर्ने काव्यकारको सराहाना गरेका छन् । तसर्थ यस अध्ययनलेपनि *गौतम बुद्ध* महाकाव्यमा प्रयुक्त विभिन्न अङ्गी रसका आलम्बन र उद्दीपन विभाव, अनुभाव र सञ्चारी भावका साथै अङ्गीरस र अङ्गरस प्रयोजनको अध्ययन विश्लेषण नभएकाले यस अध्ययनलाई शोधकार्यको सन्दर्भ सामग्रीका रूपमा अपनाइको छ ।

योगबहादुर थापा (२०६३) ले *"साहित्यकार चन्द्रप्रसाद न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन"* शीर्षकको शोधपत्रमा महाकाव्यको अङ्गी रस शान्त हो भने मूलभाव शम हो । यस बाहेक रतिभाव र श्रृङ्गार रस, भयभाव र भयानक रस, शोकभाव र करुण रस, आश्चर्यभाव र अद्भुत रस पनि काव्यका ठाउँ-ठाउँमा आएको उल्लेख गरेका छन् । यस अध्ययनले पनि गौतम बुद्ध महाकाव्यमा प्रयुक्त विभिन्न अङ्गी रसका आलम्बन र उद्दीपन विभाव, अनुभाव र सञ्चारी भावका साथै अङ्गीरस र अङ्गरस प्रयोजनको अध्ययन विश्लेषण नभएकाले यस अध्ययनलाई शोधकार्यको सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

डिल्लकुमार देवकोटा (२०६४) ले *चन्द्रप्रसाद न्यौपानेको महाकाव्यकारिता* शीर्षकको शोधपत्रमा 'गौतम बुद्ध' महाकाव्यमा विविध रसभावको सम्मिश्रण गरिएको छ । पूर्वीय महाकाव्य लक्षणले निर्धारित गरेका नवरस र पाश्चात्य महाकाव्य अवधारणाले अपेक्षा गर्ने त्रास र करुणाको संयोजन उक्त महाकाव्यमा गरिएको छ । यस महाकाव्यको अङ्गीरस शान्त रस हो । यहाँ मूल भावका रूपमा शमभाव रहेको छ । यसका साथै रति भाव र शृङ्गार रस, भय भाव र भयानक रस, शोक भाव र करुण रस, आश्चर्यभाव र अद्भुतरस पनि यस महाकाव्यमा समावेश गरिएका छन् ।

महाकाव्यको प्रारम्भमा शान्त रसभावको प्रस्तुति भएको छ । बुद्धत्वका बारेमा शम भावलाई प्रस्तुत गर्ने क्रममा शान्त रसको प्रस्तुति देखिन्छ । महाकाव्यमा तेस्रो सर्गबाट प्रारम्भ भएको राजा शुद्धोदन र मायादेवीको विवाह, मायादेवीको ऋतुदानको प्रसङ्गबाट प्रस्तुत काव्यमा पूर्ण रूपमा श्रृङ्गारिक भाव अभिव्यक्त भएको पाइन्छ । सिद्धार्थले मध्यरात्रिको सुनसान अँध्यारोमा, राज्य त्याग गर्दाको अवस्था, उनले भोगेका विभिन्न दुःखद क्षणहरू तथा उनको महापरिनिर्वाणको समयलाई देखाउने क्रममा करुण भावको अभिव्यक्ति भएको छ । त्यस्तै भयानक रसको उपस्थिति पनि यस महाकाव्यमा भएको देखिन्छ । अन्य रसभावहरू यसैलाई सहयोग गर्न उपस्थित छन् भन्ने निष्कर्ष निकाले पनि *गौतम बुद्ध महाकाव्य*मा प्रयुक्त विभिन्न अङ्गी रसका आलम्बन र उद्दीपन विभाव, अनुभाव र सञ्चारी भावका साथै अङ्गीरस र अङ्गरस प्रयोजनको अध्ययन विश्लेषण नभएकाले यस अध्ययनलाई शोधकार्यको सन्दर्भ सामग्रीका रूपमा अपनाइको छ ।

ध्रुवकुमार चौंलागाई (२०६६) ले *गौतम बुद्ध महाकाव्यको कृतिपरक अध्ययन* शीर्षकको शोधपत्रमा गौतम बुद्ध महाकाव्यमा राजा शुद्धोदन र मायादेवीको प्रेमको वर्णन, क्रोधको चर्चा, शान्तिको मार्ग चिनाउने विविध श्लोकको उदाहरण दिँदै रसको अध्ययन गरे ता पनि तसर्थ यस अध्ययनलेपनि *गौतम बुद्ध महाकाव्य*मा प्रयुक्त विभिन्न अङ्गी रसका आलम्बन र उद्दीपन विभाव, अनुभाव र सञ्चारी भावका साथै अङ्गीरस र अङ्गरस प्रयोजनको अध्ययन विश्लेषण नभएकाले यस अध्ययनलाई शोधकार्यको सन्दर्भ सामग्रीका रूपमा अपनाइको छ ।

श्रीबहादुर आले (२०६८) ले *काव्य तत्त्वका आधारमा गौतम बुद्ध महाकाव्यको अध्ययन* शीर्षकको शोधपत्रमा गौतम बुद्ध महाकाव्यमा पनि विभिन्न भावहरूलाई अनिवार्य तत्त्वको रूपमा स्वीकार गर्दै रतिभाव, उत्साहभाव, क्रोधभाव, घृणाभाव, शोकभाव, भयभाव, समभाव र वात्सल्यभाव आदि प्रयोग गरेको पाइन्छ भन्ने अध्ययन गरे तापनि यस अध्ययनले समेत *गौतम बुद्ध* महाकाव्यमा प्रयुक्त विभिन्न अङ्गी रसका आलम्बन र उद्दीपन विभाव, अनुभाव र सञ्चारी भावका साथै अङ्गीरस र अङ्गरस प्रयोजनको अध्ययन विश्लेषण नभएकाले यस अध्ययनलाई शोधकार्यको सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

टीकादत्त पौडेल (२०६८) ले *गौतम बुद्ध महाकाव्यमा अलङ्कारको प्रयोग* शीर्षकको शोधमा गौतम बुद्ध महाकाव्यमा विभिन्न अलङ्कारहरूको प्रयोग भएको छ । कथावस्तुको प्रयोग गर्ने क्रममा कथावस्तुले दिन खोजेको सन्देशलाई प्रभावकारी रूपमा व्यक्त गर्न अलङ्कारहरूको प्रयोग भएको छ

। यसमा योजनागत अलङ्कारको प्रयोग नभए पनि शब्दालङ्कार, अर्थालङ्कारको प्रयोग विविध सर्गमा भएको पाइन्छ । गौतम बुद्ध महाकाव्यमा प्रयोग भएका शब्दालङ्कारहरूमा अनुप्रास अन्तर्गत छेकानुप्रास, वृत्यानुप्रास, अन्त्यानुप्रास लगायतका अलङ्कारको प्रयोग छ भने अर्थालङ्कारहरूमा उपमा, उत्प्रेक्षा, रूपक, दृष्टान्त, सन्देह, विषम लगायतका अर्थालङ्कारहरूको प्रयोग भएको छ । गौतम बुद्ध महाकाव्यमा प्रयोग भएका अलङ्कारहरू सबै सर्गमा त्यतिकै प्रभावकारी छन् । यद्यपि नवौं सर्ग अर्थात् यस महाकाव्यको मूल सर्गमा दृष्टान्त अलङ्कारको प्रयोगले महाकाव्य आफ्नो सन्देश प्रभावकारी रूपमा प्रस्तुत गर्न सफल भएको छ भन्ने निष्कर्ष रहेकाले यस अध्ययनमा पनि गौतम बुद्ध महाकाव्यमा प्रयुक्त विभिन्न अङ्गी रसका आलम्बन र उद्दीपन विभाव, अनुभाव र सञ्चारी भावका साथै अङ्गीरस र अङ्गरस प्रयोजनको अध्ययन विश्लेषण नभएकाले यस अध्ययनलाई शोधकार्यको सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

कपिलदेव लामिछाने (२०७९) ले *नेपाली बौद्ध प्रबन्धकाव्यको अध्ययन* पुस्तकमा गौतम बुद्ध महाकाव्यसँग विविध अध्ययन गरिए पनि रसविधान सम्बन्धी अध्ययन भएको पाइदैन । तसर्थ यस अध्ययनले पनि *गौतम बुद्ध महाकाव्य*मा प्रयुक्त विभिन्न अङ्गी रसका आलम्बन र उद्दीपन विभाव, अनुभाव र सञ्चारी भावका साथै अङ्गीरस र अङ्गरस प्रयोजनको अध्ययन विश्लेषण नभएकाले यस अध्ययनलाई शोधकार्यको सन्दर्भ सामग्रीका रूपमा अपनाइको छ ।

माथि उल्लिखित विभिन्न शोधपत्र तथा अनुसन्धान कर्ताले र समीक्षकहरूले गौतम बुद्ध महाकाव्यमा भिन्न–भिन्न समयमा गरेका अध्ययन पूर्णतः रसकेन्द्रित नभई रसको आंशिक अध्ययन मात्र गरेको देखिन्छ । त्यसैले गौतम बुद्ध महाकाव्यमा रसविधानको अध्ययन गर्नु आवश्यक भएको हो ।

### **१.५ शोधको औचित्य**

प्रस्तुत शोधकार्यमा चन्द्रप्रकाश न्यौपानेकृत *गौतम बुद्ध* महाकाव्यमा प्रयुक्त रसका आधारमा गरिएको अध्ययन आफैमा एक प्राज्ञिक गहन अनुसन्धेय विषय हो । महामानव गौतम बुद्धको जीवनमा आधारित भएर रचित यस महाकाव्यमा बुद्धको जन्म, बाल्यकाल, वैराग्य चिन्तन, दरबार बर्हिगमन, बुद्धत्व प्राप्ति एवम् उनको समग्र जीवनका घटनाक्रममा आधारित कृति हो र यसमा नवरसको प्रयोग गरिएको छ । यसका साथै यसमा अङ्गी रस र अङ्ग रसको प्रयोग गरिएको छ । अहिलेसम्म यस महाकाव्यमा रससँग सम्बन्धित कुनै प्रकारको शोध कार्य नभएको पूर्वीय

महाकाव्यका अवधारणा अनुरूप शृङ्गार, वीर, शान्त, करुण मध्ये एउटा अङ्गी रस हुनु पर्ने भएकाले गौतम बुद्ध महाकाव्यमा अङ्गी रसको रूपमा कुन रस प्रयोग भएको  छ ? अङ्ग रसको प्रयोग कुन–कुन रूपमा भएको छ ? साथै विभिन्न अङ्गी रसका आलम्बन र उद्दीपन विभाव, अनुभाव र सञ्चारी भावका साथै अङ्गरसका विषयमा अनुसन्धानको खाँचो रहेकाले यस महाकाव्यको शोध कार्य गर्नु स्वतः औचित्यपूर्ण  छ ।

## १.६ शोधको सीमाङ्कन

*गौतम बुद्ध* महाकाव्यको अध्ययन विविधि प्रकारले गर्न सकिने भए पनि यस महाकाव्यमा प्रयुक्त रसको स्थिति रसतत्त्वको आधारमा खोजी गर्नु यस शोधको सीमाङ्कन
हो । यस महाकाव्यमा प्रयक्त अङ्ग रस र अङ्गी रसका दृष्टिले अध्ययन विश्लेषण गर्नु यस शोधको सीमाङ्कन रहेको छ ।

## १.७ शोधविधि

शोध-कार्य सम्पन्न गर्नको लागि चाहिने आवश्यक सामग्री सङ्कलन तथा अध्ययन विश्लेषणमा निम्नलिखित  विधिको प्रयोग गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

*गौतम बुद्ध* महाकाव्यमा रसविधानसँग सम्बन्धित यस शोधको अध्ययन कार्यमा मुख्य स्रोत पुस्तकालयीय विधि हो । पुस्तकालयीय कार्यबाट मुख्यतः प्राथमिक र द्वितीय स्रोतका सामग्रीहरू सङ्कलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत गौतम बुद्ध महाकाव्यको मूल कृति, महाकाव्य रचना सिद्धान्तमा आधारित पुस्तक तथा लेख रचना रहेका छन् । द्वितीय स्रोतका सामग्रीहरूका रूपमा पूर्वीय साहित्य सिद्धान्तअर्न्तगत रससिद्धान्तसँग सम्बन्धी विभिन्न सामग्रीको सङ्कलनका साथ अध्ययन विश्लेषण एवम् विवेचना गरिएको छ ।

### १.८.२  सामग्री विश्लेषण विधि

*गौतम बुद्ध* महाकाव्यमा रसविधान रहेको यो शोध शीर्षकलाई उपुक्त सैद्धान्तिक आधारको रूपमा पूर्वीय काव्य चिन्तकहरूले प्रतिपादन गरेका काव्य तत्त्व मध्ये रससिद्धान्त रहेको छ । रस

सिद्धान्तलाई मूल मर्ममा राखेर सैद्धान्तिक आधारको अध्ययन आगमन विधिबाट गरिनेछ । शोध शीर्षकको प्रकृति अनुसार विवेचनात्मक र विश्लेषणात्मक विधि अबलम्बन गरिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : गौतम बुद्ध महाकाव्यमा अङ्गी रसको प्रयोग र विश्लेषण

तेस्रो परिच्छेद : गौतम बुद्ध महाकाव्यमा अङ्ग रसको प्रयोग र विश्लेषण

चौथो परिच्छेद : सारांश र निष्कर्ष

सन्दर्भ सामग्रीसूची

## दोस्रो परिच्छेद

# गौतम बुद्ध महाकाव्यमा अङ्गी रसको प्रयोग र विश्लेषण

### २.१ विषय प्रवेश

रस् धातुमा *अच्* वा *आ* प्रत्यय लागेर रस शब्द निर्माण भएको छ । जसको अर्थ स्वादका रूपमा आस्वादन गर्न सकिने भन्ने हो । यसले पदार्थमा निहित तत्त्व, काव्यमा भाव, ब्रह्ममा शक्ति भन्ने बुझाउँछ । रस शब्दको प्रयोग वेद, आयुर्वेद, संहिता, उपनिषद्, रामायण, महाभारत, पुराण, कामशास्त्र, साहित्यशास्त्र, नाट्यशास्त्र जस्ता ग्रन्थहरूमा पनि भएको पाइन्छ । जसले पदार्थको स्वादमय शक्ति, काव्यमा भएको भाव र ब्रह्मलाई स्पष्ट पारेको छ । गौतम बुद्ध महाकावयमा शान्तिको पयार्य आनन्दको खोजी गरिएको छ ।

### २.२.रसको सैद्धान्तिक परिचय

रसका सन्दर्भमा आचार्य भरतमुनीले सर्वप्रथम *विभावानुभावव्यभिचारीसंयोगाद्रसनिष्पत्तिः* भन्ने सूत्र दिएका छन् । यसमा विभाव, अनुभाव र व्यभिचारीभाव (सञ्चारी भाव) को संयोजनबाट रस निष्पत्ति हुन्छ भन्ने आधारलाई सिद्धान्तको मानी रसको चर्चा गरिन्छ ।

### २.२.१ विभिन्न सर्न्दभमा रस

वैदिक ग्रन्थअनुसार रसलाई सोम, मधु, दुग्ध, जल वा पानी आदि नामले सङ्केत गरिएको छ । त्यसैगरी आयुर्वेदमा पदार्थको स्वाद वा गुण, धातुको लेपन उपनिषद्मा आत्मतत्त्व, वस्तुको सार वा भाव, पदार्थको गुण, ब्रम्हज्ञान, सच्चिदानन्द भनिएको छ । कामशास्त्र अनुसार राग, अनुराग, प्रीति, रति, आशक्ति,काम पुराण अनुसार वस्तुको सार, आनन्द भनिएको छ । रामायणमा पेय पदार्थ, विष, जीवन रस, सञ्जीवनी नामले सङ्केत गरिएको छ । भरतमुनिका अनुसार महाभारतमा पानी वा जल, मदिरा, गन्ध, काम, स्नेह र काव्यशास्त्रमा आनन्द नामले रसलाई चिनाइएको छ (( गड्तौला, २०७१, पृ. १ ) ।

पदार्थको आस्वादन युक्त स्वादका रूपमा रसिलो स्वाद, तरल पदार्थ, पानी अन्य वस्तुसँग मिसिदा हुने झोलिलोपन, फलफूल, जडिबुटी आदिको मिश्रण निचोर्दा निस्कने तरल पदार्थ, प्रयोगशालामा परीक्षण कार्यमा प्रयोग हुने र निस्कने पदार्थ नै रस हो । यो विभिन्न स्वादमा हुन्छ ।

यथा हि नानाव्यञ्जनौषधिद्रव्यसंयोगाद्रसनिष्पत्तिः तथा नानाभावोपगमाद्रसनिष्पत्तिः जसरी नाना किसिमका व्यञ्जन, द्रव्य आदिको संयोजनबाट रस निष्पत्ति हुन्छ । त्यसैगरी विभिन्न भावको तालमेलबाट मानसिक आनन्दात्मक अवस्थामा रस निष्पत्ति हुन्छ (नाट्यशास्त्र, ६/२२) ।

काव्यमा हुने काव्य-भाव नै रस हो । काव्य श्रवण र पठनबाट पाठकमा हुने काव्यानन्दले काव्यरस पैदा हुन्छ । जसले पाठकलाई काव्यमा समाहित गराउँदछ । विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रस निष्पत्ति हुन्छ ।

रसलाई ब्रम्हानन्द प्राणतत्त्वको अर्थमा पनि हेरिएको छ । योग, साधना, श्रवण, मनन र निधिध्यासनबाट प्राप्त हुने ईश्वरीय चिन्तन वा ध्यानबाट प्राप्त ब्रम्हज्ञान र शक्ति नै रस हो ( तैत्तिरीयोपनिषद् २/७) ।

### २.१.२ गौतम बुद्ध महाकाव्यमा रसको स्थिति

कपिलवस्तुको तिलौराकोट नामको राज्यका राजा शुद्धोदनको विवाह मायादेवीसँग भएको कुरा कविले सुरुवाती चरणमा प्रस्तुत गरेका छन् । यस हिसाबले यस महाकाव्य राज परिवारको जीवनशैली अवस्था र त्यतिबेलाको सामाजिक परिवेश रीतिरिवाज आदिलाई काव्यको शुरुवातमा चर्चा गरिएको छ । त्यसका अतिरिक्त कविले किसानको महिमा उसको परिश्रम र प्रकृतिको सुन्दर चित्र पनि काव्यमा प्रस्तुत भएको छ । त्यतिमात्र होइन गौतम बुद्धलाई शान्तिका दुध, महाज्ञानी भन्दै कविले बन्दना गरेका छन् ।

महाकाव्यको द्वितीय सर्गमा सभ्य, सुन्दर प्रान्त भनेर आफ्नो देशलाई चिनाउँदै सात हजार वर्ष पहिलेको आर्य, क्षेत्री र ब्रह्मणको सभ्यतालाई चिनाएका छन् । त्यसै गरी भगवान श्रीकृष्ण, पाण्डव र कुरुक्षेत्रको वर्णन गर्दै चीनको तिब्बत र भारतको समेत भूमिलाई काव्यांशमा चित्रण गरेका छन् । हाम्रो उत्तरतिर हिमाल भएको कुरालाई पटक पटक वर्णन गर्दै गौतम बुद्ध हिमालको भू-भागमा जन्मेको कुरा खुलाएका छन् । मंगोलियनरूपको सभ्यता बौद्ध मार्गी र मंगालियनरूपको सम्बन्ध चर्चा समेत गरिएको छ । यसै सर्गमा शाक्य वंश राजारूपको चर्चा गर्दै शुद्धोदन र उनको परिवारको वंश संसारभरि फैलिएको कुरा समेत चित्रण गरिएको छ । क्षेत्रीरूपको वीरताले गर्दा राज्यको सुरक्षा भएको कुरा पनि काव्यांशमा चित्रण गरिएको छ । कविले चन्द्रमा, वृक्ष भएको सुन्दर लुम्बिनी नगरको उद्यानलाई समेत चर्चा गरेका छन् । राजा शुद्धोदन, श्रीकृष्ण प्रेमी अत्यन्त

प्यारा र सम्मानित राजाको रूपमा चर्चा गरिएको छ । बुद्धलाई सम्झदैं कविले प्रतिभावान् र ज्ञानी व्यक्तिको रूपमा काव्यांशमा सम्झेका छन् ।

महाकाव्यको तृतीय सर्गदेखि कविले मायावति प्रजावति यामिनी जस्ता रूप र गुणको चर्चा गरिएका छन् । रानी अत्यन्तै करुणामय भएकी अरूको दःख बुझ्न सक्ने एउटा बलेको दिपक जस्तै अवस्थामा रहन सक्ने सुन्दर असल नारीको रूपमा चित्रण गरिएको छ । जनतारूपले राजासँग दुःख पोख्ने र राजा चिन्तित भएर उनीरूपको समस्या सुन्ने धैर्य राजामा भएको कुरा उल्लेख छ ।

चौथो सर्गमा रानी मायादेवीको निधन र कालदेव आएर सिद्धार्थको दर्शन गरी भान्जा नालकलाई सिद्धार्थको शिक्षाको जिम्मेवारी दिई गएको घटना वर्णन गरिएको छ । गर्मी याम भएको जतातत‍ै झाडापखला चलेकाले मायादेवीको स्वास्थ्य खराब भएकाले उनको निधन भएको थियो । शिशुको लालनपालनको जिम्मेवारी प्रजावतीले लिएको, वालका जन्मने बित्तिकै मुसुक्क हाँसेको, म जस्तो श्रेष्ठ अरू कोही छैन भनी बोलेको जस्ता अनौठा व्यवहार देखाएको चर्चा कविले गरेका छन् । सिद्धार्थका मामा कालदेव आफू वृद्ध भएकाले सिद्धार्थ बुद्ध बन्ने भन्ने भविष्य वाणी पूरा भएको देख्न नपाउने भन्दै खिन्नताका साथ फर्केको चित्रण गरिएको छ ।

महाकाव्यको पाँचौं सर्गमा सिद्धार्थ अत्यन्तै वीतरागी भएको चर्चा पाइन्छ । बालक सिद्धार्थलाई सुसारेहरूले हातैहातमा खेलाएको आँखाबाट अझेल पर्न नदिएको, सिद्धार्थ भने आँखा छलेर यताउता हिँड्ने गरेको, बगैँचामा पुतली र फुलसँग रमाएको, बगैँचामा पलेँटी कसेर आसन बनाई बसेको, एउटा फूलको बोट हल्लाएर फूल झारेको र गल्ती महसुस  भएको भनी माफी मागेको धेरै जसो योसाधनामा बस्ने सिद्धार्थको स्वभाव भएको वर्णन पाइन्छ । उनी तर्क विर्तक गर्ने चिरित्रको पनि वर्णन गर्दै कविले भोको पेट राखेर भोकप्यास खप्ने गरेको पनि वर्णन पाइन्छ । बालक सिद्धार्थ कीटपतङ्ग र पशुपन्छीसित रमाउने गरेको हिंस्रक पशुले पनि उनी छेउ गएपछि हिंस्रक प्रवृत्ति छोडेको, यता प्रजावती र राजा शुद्धोदनलाई सिद्धार्थको यस्तो विपरीत गतिविधि देखेर उनलाई गित सङ्गीतले भिडाउने सल्लाह दिएको थियो । शाक्यमुनि भएकाले बुद्धको चोला र योगीको भेष व्यर्थ भएको उनलाई राज्य विस्तारमा लगाउनु पर्ने सुप्रसिद्ध महाजनसित शुद्धोदनले प्रेममार्गमा लगाउन भनेको त्यही अनुसार यशोधारा र सिद्धार्थसँगसँगै बगैँचामा जाने गरेको यशोधराले छन्नद्वारा सिद्धार्थका बारेमा बुझेको र यशोधरा र सिद्धार्थको बिच कुराकानी भएको कुरा यस सर्गमा वर्णन गरिएको छ ।

छैटौं सर्ग सिद्धार्थले आफ्नो विवाहको लागि स्वीकृति दिएको, यशोधरा र सिद्धार्थको नजिकपनले गर्दा दरबारमा खुशी छाएको, वैशमा जो पनि उन्मत्त हुने विश्वासले सिद्धार्थले गृहस्थी जीवनमा फर्काउने अनेक प्रयास गरेको देखिन्छ । यशोधराले आफ्नो जोडा सिद्धार्थसँग मिल्ने भन्दै विवाहको प्रस्ताव राखेको तर सिद्धार्थले आफ्नो लागि शुभ, सभ्य र रम्य व्यर्थ भएकाले बिहे नगर्ने बताए । तर यशोधराले जे भएपनि सिद्धार्थ पति पाउँ भनेको चर्चा पनि यसै सर्गमा छ । यता सिद्धार्थले आफ्नो विवाह भएपछि एक पुत्रको जन्म दिई आफु र आफ्नो घरबार राज्य छाडी सन्त, बुद्ध बन्ने सर्तमा विवाहको स्वीकृति दिएको बताइएको छ ।

सातौं सर्गमा सिद्धार्थ र यशोधराको विवाह भएको छ । विवाहमा भव्य तयारी गर्दै गर्दा सिद्धार्थलाई चाहने अर्की नारी सन्ध्याको छट्पट्टि पनि चर्चाको विषय बनेको छ । भव्य विवाहको तयारीमा सन्ध्याले यशोधरालाई मारेर फ्यालिदिनु, जग्गेको तयारी गर्नु, आफ्ना मान्छे र सेनालाई पठाइन् तर उनीरूप त्यसमा सफल हुन सकेनन् । वैशाख पूर्णिमाको शुभ साइतमा विवाहको तयारी भएको  छ । जग्गेमा समय भन्दा पहिले नै यशोधराको भेषमा सन्ध्या पुगेको थिइन् । सन्ध्याको षड्यन्त्र चाल पाएर उनलाई गिरफ्तार गरी जेल हालिएको छ । उता आकर्षक पहिरन र सजावटमा यशोधरा विवाह मण्डपमा पुगेकी छिन् । सिद्धार्थ यशोधराको अत्यन्तै भव्य सँग विवाह भएको छ भने उता सन्ध्या यो घटनाले बेहोश भएकी छिन् ।

महाकाव्यको आठौं सर्गमा सिद्धार्थले आफू छोराको जन्म भएपछि राज्य त्याग गर्ने बाचा सहित विवाह गरेको हुनाले यशोधरालाई ऋतुदान गरेको घटनाको बयान गरेको छ । विवाहले गर्दा जगमगाएको तिलौराकोटमा सिद्धार्थ र यशोधरा शयनकक्षमा पुगेको, सिद्धार्थ मौन बसेको हुँदा यशोधराद्वारा बोल्न तथा सम्भोगका लागि आह्वान गरेको, यस्तो अवस्थामा सम्भोग र ऋतुदानमा नलागी बुद्धले आफू प्रेम पासमा फँसेको भन्दै उपदेशका लामो फेहरिस्त सुनाएको, यशोधराले यस्ता अर्ती होइन प्रेममै शान्ति र तृप्ति भएको ऋतुदानका लागि पुनः आमन्त्रण गरेको, बुद्धले पुनः निमन्त्रण गरेको घटनालाई कविले प्रमुखताका साथ वर्णन गरेका छन् । बुद्धले आफ्नो सन्तान अत्यन्तै चर्चित महाज्ञानी भएर जन्मने कुरा यशोधरालाई सुनाएका छन् । जसले गर्दा यो सर्गमा खुशीको भाव सञ्चार छ ।

महाकाव्यको नवौं सर्गमा सिद्धार्थ गौतमले श्रीमती यशोधरालाई जीवनमा चाहिने व्यवहारीक ज्ञानको सल्लाह दिएको बताइएको छ । कवि लेखनाथ पौड्यालको नैतिक दृष्टिान्त शैलीमा झै विभिन्न श्लोकरूप प्रस्तुत गरिएको छ । कुनै लक्षण काम लाग्ला भनी जानी नजानी व्यावहारीक

सन्देश कविको कथनमा आएको पाइन्छ । कथावस्तुले नमागेको विषयवस्तुरूप महाकाव्यको यस सर्गमा भेट्न सकिन्छ ।

महाकाव्यको दशौं सर्गमा यशोधरा गर्भवती भएकी छिन् । जुन खबरले सबैतिर प्रसन्नताको सञ्चार भएको छ । सर्गको सुरुतिर विभिन्न अर्ती उपदेशको बयान छ । बुद्धले यशोधरालाई तिमी छोरा जन्माएर राज्य चलाउ म शान्तिको दूत हुँ । अप्ठ्यारो मार्गमा कुरा भनेका छन् । उता यशोधराले राज्यको जिम्मेवारी छाडेर एकान्तमा बस्नु, पुरुषार्थ नहुने, जोगी बन्ने कल्पना छोड्नु पर्ने भन्दै सिद्धार्थलाई कामक्रोधमा बाँड्न खोजेकी छिन् । विस्तारै गर्वको दश महिना पुगेको सिद्धार्थ विषयी मार्गमा लागेको देखेर दरबारका सुसारे, प्रजावती, सुपबुद्ध, छन्न सबै खुशी भएको विषय वर्णन गरिएको छ ।

महाकाव्यको एघारौं सर्गमा सिद्धार्थ नगर भ्रमणमा निस्केका छन् । उनलाई वैराग्यले छोएको छ । सिद्धार्थ र यशोधराबाट दरबारमा बच्चा जन्मने खबरले उमङ्ग फैलिए पनि सिद्धार्थलाई भने मनमा जीवन र जगतको विषयले चिन्ता र वैराग्य छाएको छ । उनी झनै एकान्तमा बस्न थालेका छन् । ससांरिक चिन्तनका कारण छन्नका साथ नगरमा घुम्न गएको पाइन्छ । त्यस शिलशिलामा गौतम बुद्धमा वृद्ध मानिस, रोगी, मृतक र सन्यासी अथवा भिक्षु देख्छन् । सन्यासीबाट सिद्धार्थले ति मानिसहरू बारेमा जानकारी लिन्छन् । सन्यासीको उत्तरले उनलाई झनै आफू पनि भिक्षु बन्ने सङ्कल्प गरेको बयान छ । यस पछि सिद्धार्थमा झनै वैराग्यको भावना आएको पाइन्छ । सन्ध्याले गरेको प्रणय अनुरोधलाई सिद्धार्थले म त अब छिट्टै भिक्षु हुने भनेर पुन अस्विकार गरेको अवस्था पनि यस सर्गमा चर्चा गरिएको छ ।

महाभारतको बाह्रौं सर्गमा राहुलको जन्म भएको छ । सिद्धार्थलाई आफू संसारिक बन्धनमा पर्न गएको भनेर यस घटनाले वैराग्य झनै बढाइ दिएको छ । अति कष्टदायक व्यथा लागेर यशोधरा बेहोश भएकी छिन् । शिशु जन्मेको र दरबारमा खुशी छाएको तर सिद्धार्थको मनमा भने अँध्यारो छाएको छ । यसै बिच उनको नाम राहुल राखियो । ज्योतिषीहरूले राहुल निःसन्तान हुने घोषणा गरेका छन् । यसै बिच सिद्धार्थ सुनसान रातमा भ्रमणमा निस्केका छन् । कृषा गौतमीले सिद्धार्थको प्रशंसा गर्दै के माग्छौं, माग भन्दा ऋतुदान मागेका तर सिद्धार्थले माफी माग्दै अस्वीकार गरेका छन् । चिन्ताले भरिएका सिद्धार्थलाई मनोरञ्जन दिन उनी बस्ने कक्षामा नग्न नर्तकीहरू गएका छन् । सिद्धार्थ आँखा चिम्लेर सुतेका थिए । उनी व्यूझिँदा नर्तकीरूप नाङ्गै भुतुङ्गै सुतेको देख्दा उनको मनमा खिन्नता छाएको छ । त्यसपछि उनी तुरुन्तै गृहत्याग गर्ने विचारले ढोकामा

पुगेको सबै द्वारपाल घुरिरहेको छन्नलाई उनले उठाएको, छन्नले रातमा बाहिर जान रोकेको जस्ता विषय काव्यमा वर्णित छन् । त्यस क्रममा सिद्धार्थले छन्नलाई आफूले शान्त जीवन बाँच्न चाहेको, दरबारको सुख सबै क्लेश युक्त लागेकाले पुत्र राहुल र यशोधरालाई वरैबाट हेरेर उनन्तीस वर्षको उमेरमा महाभिनिष्क्रमणमा निस्केको कुराको वर्णन गरिएको छ । उनी निस्कँदा दरबारका जासुसीरूपको सिपाही आई तिमी चक्रवर्ती राजा बन्छौं फर्क भनेका छन् । सिद्धार्थले आफू राजा होइन बुद्ध बन्छु भनी जासुसरूपलाई फर्काइदिएका छन् । सिद्धार्थले दरबार छोडिएको खबरले यशोधरा लगायत सम्पूर्ण प्रजामा रुवाबासी मचेको छ । छन्न पनि रुँदै घोडा लिएर दरबार फर्केको छ ।

तेह्रौं सर्गमा भिक्षा माग्दै हिंडेका सिद्धार्थको भेट मगधराज विम्बिसारसित हुन्छ । सिद्धार्थ अनोमा नदीमा पुगी कपाल मुण्डन गर्छन् र गेरुवा वस्त्र धारण गर्छन् । त्यसपछि उनले घटिकारलाई प्रथम शिष्यका रूपमा स्वीकार गर्दछन् । उता दरबारमा यशोधराले विलाप गरी आफ्नो आफू दुःखमा दुवेका कुरा गर्छन् । यता सिद्धार्थ आफूलाई राज्य र सुखभोग आवश्यक नभएको भन्दै विम्बिसार प्रभावित भएर सिद्धार्थको शिष्य बन्दछन् ।

चौथौं सर्गमा सिद्धार्थको साधना र बुद्धत्व प्राप्तिको विषय गरिएको छ । गाउँबस्ति घुमेएपछि सिद्धार्थ मन र इन्द्रियलाई नियन्त्रणमा राखेर कठोर तपस्याका निम्ति वनमा पुगका छन् । उनले गुरु उद्दकरामपुत्र र आलारकालामलाई भेट गरी ध्यान सिकेका छन् । त्यसबाट पनि उनी सन्तुष्ट हुन नसकी उरुबेल पुगेर फलफूल खाई फेरि तप र ध्यानमा लागेका छन् । सिद्धार्थ जन्मँदाको समयमा भएका आठ पण्डित मध्ये गौडिन्यले थाहा पाएर आफ्ना पाँच शिष्यसहित उनी त्यहाँ पुगेका छन् । ती पञ्च वर्गीय भिक्षु नामले प्रख्यात भएका छन् । हठ योग व्यर्थ हो भन्दै सिद्धार्थले अन्न खाएका छन् । सिद्धार्थले अन्न खाई तपस्या तोडेको ठानी पञ्च वर्गीय भिक्षुले अविश्वास गरी उनलाई छाडेर हिंडेका छन् । अन्न खाई तपस्या गरेको बेलामा सिद्धार्थले रातमा अनौठा पाँचवटा सपना देखेका छन् । उनले सेना, परेवा हिमालतिर उडेको, नाभिबाट फूल उठेर सबैतिर ढाँकेको, काला र सेता कमिला पैतालाबाट चढेर घोडासम्म पुगी रङ्गमा बदलिएको, काला, सेता, निला जस्तासुकै चरा उडे पनि आकाशमा पुगेर सेता भएका, फोहोरमा गए पनि सबै चरा सफा भएका विषयका बारेमा चित्रण गरिएको छ । त्यसपछि उनले आजै म बुद्ध बन्छु भन्ने आत्माबलका साथ सिद्धार्थले नुहाएर राम्रो कपडा पहिरी पूर्वमुखी भएर पीपलको वृक्षमुनि ध्यान गरेका छन् । छ वर्षको कठोर ध्यानपछि सात वर्ष पुग्न लाग्दा उनले पीपलको वृक्षको नाम बोधिवृक्ष रहोस्

भनि भनेका छन् । सुजाताले पुत्र रत्न प्राप्त होस् भनि पीपल वृक्षमा भाकल गरेकी छिन् । सुजाताले सुनको थालमा सिद्धार्थलाई खिर खान दिएकी छिन् । खिर खाएको पात्र नदीमा फ्याकिएको भाँडो माथितिर बगेको छ । त्यसपछि बैशाख पूर्णिमामा सिद्धार्थलाई महामार दुष्ट राक्षसले गाली गर्दै लसार लछार पछार पारेको छ । वाण हानेर रगताम्य बनाएको छ । यस क्रममा उनलाई वैशाख पूर्णिमाका दिन बुद्धत्व प्राप्त भएको छ । सिद्धार्थ त्यहाँ सात हप्ता जति बसेर बुद्धत्व र ज्ञानको प्रसारको लागि प्रस्थान गरेको वर्णन पनि यसमा छ । त्यसपछि उनले विभिन्न ठाउँमा पुगेर धर्मदेशना गरेको कार्य गरेको वर्णन यस सर्गमा रहेको छ ।

महाकाव्यको पन्ध्रौँ सर्गमा धर्म देशना गर्दै हिडेका बुद्ध स्वजनको स्मरण गर्दै जन्मस्थानमा पुगेको वर्णन छ । यस क्रममा शुद्धोदनको दरबारमा रुवाबासी चलेको छ । शुद्धोदन र यशोधराले आफ्नो विलाप प्रस्तुत गरेका छन् । उता सिद्धार्थले बुद्धत्व प्राप्त गरी धर्म देशना गर्ने क्रममा बिम्बिसार पुगेको चर्चा छ । यता राहुल बाबा बाबा भनेर त्यतै भेट्न गएको चर्चा छ । अनकन्टार जङ्गलमा राहुल र बुद्धको भेट भएको छ । बुद्धले राहुललाई धर्म उपदेश गरी दरबारमा पठाएका छन् । त्यहाँ उनको भव्य स्वागत भएको छ । बुद्धको पछाडि थुप्रै मानिस लागेको बताइएको छ ।

महाकाव्यको सोह्रौँ सर्गमा गौतम बुद्धले परिवार, नगरवासी र शिष्यरूपलाई धर्मदेशना गरेका छन् । उनले जीवन, बुद्धत्व, शान्ति, नारी मुक्ति, प्रेम गितादर्शन, कर्मयोग, ज्ञानयोगका विषयमा प्रवचन दिएका छन् । यस क्रममा छन्न, कुमार, यशोधरा, कालु दाइ, आनन्द चिररात्रज्ञ, कौडन्यजस्ता थुप्रै व्यक्तिरूप बुद्धबाट प्रभावित भई भिक्षु बनेको बयान गरिएको छ ।

महाकाव्यको सत्रौँ सर्गमा गौतम बुद्धको देहावसान भएको घटना चित्रण गरिएको छ । उनी असी वर्षको हुँदा कम्जोर बनेका सेवक र शिष्यरूपले उनको हेरचाह गरेको राहुललाई शान्ति स्थापना गर्दै प्राणी र समाजको हित गर्ने उपदेश दिएको, राजा होइन योगी बन्ने सन्देश दिएको जस्ता घटना वर्णन गरिएको छ । अन्त्यमा कुशी नगरमा पुगेर आफ्नो देह त्याग गरेका छन् । उनको शरीरलाई घ्यू र श्रीखण्डले जलाइएको छ । त्यसपछि उनको पुत्र राहुलले शान्तिको सन्देश छर्दै राज्य चलाएको वर्णन पाइन्छ ।

अन्तिम अठारौँ सर्गमा बुद्धको महिमा तथा गुणगान गाइएको छ । यहाँ कविले शान्ति बाहिर होइन आफै भित्र पाइन्छ । कार्लमार्क्स जस्ता बुद्धकै बाटोमा हिँडेका छन् । नीजि सम्पत्ति राख्नाले

बुद्धत्वको बोध हुँदैन, यसले अनावश्यक खिचातानी देखाउँछ भन्ने विचार प्रस्तुत गरी महाकाव्यको समापन भएको छ ।

विषय क्षेत्रका हिसाबले महाकाव्यमा बुद्धको जीवनमा घटेका अनेक घटना, मानव जीवन दर्शन, मानवता, शान्ति र भूगोलको हिसाबले नेपालको कपिलवस्तुदेखि भारतको कुशीनगर प्रसङ्गवश चीन, तिब्बत, जापान, भुटान, थाइल्यान्ड, म्यानमार, मलेसिया, कोरिया आदि मुलुक र स्थानको पनि उल्लेख छ । सिद्धार्थको जन्मस्थान लुम्बिनी, बाल्यकाल बिताएको कपिलवस्तु, कर्मथलो तथा बुद्धत्व प्राप्त गरेको स्थल उरुबेल, गयासम्मका विविध स्थानको वर्णन पाइन्छ । यसमा विविध रसको प्रयोग भएको छ । जसमा शृङ्गार, शान्त, करुण, रौद्र, वीर, भयानक लगायत विविध रसभावको रस-निष्पत्ति भएको छ । पूर्वीय अवधारणाअनुसार महाकाव्यमा रसविधानको अवस्था के कस्तो छ भन्ने कुरा महत्त्वपूर्ण देखिन आउँछ । यही दृष्टिले महाकाव्यको अध्ययन गर्ने कार्य यस शोधप्रबन्धमा गरिएको
छ ।

## २.२ रसका प्रकार

साहित्य वा काव्य आनन्दबाट प्राप्त हुने रसका प्रकारहरूको चर्चा आचार्य भरत अगाडिबाट भए तापनि व्यवस्थित र प्रमाणिक आधार भने आचार्य भरतको नाट्यशास्त्रलाई नै मानिन्छ । भरतले चित्तवृत्तिका आधारमा मुख्य चार र अन्य शाखा चार गरी आठवटा रसका प्रकार हुने आधार प्रस्तुत गरेका छन् । उनका अनुसार मूल रस शृङ्गार, रौद्र, वीर र वीभत्स हुन् भने अन्य चार शाखा रस यि नै मूल रसबाट निष्पति हुन आउँछन् (नगेन्द्र, सन् १९६४, पृ.२९) । भरत पछाडिका भामह, दण्डी, वामन, रुद्रट, आनन्दवर्धन, भोजराज, मम्मट, विश्वनाथ, जगन्नाथ, भट्टलोल्लट, श्रीशङ्कुक, भट्टनायक, अभिनवगुप्त जस्ता रस चिन्तकले शान्त रस थपी रसको सङ्ख्या नौवटा निर्धारण गरेका छन् ।

## २.३ रसका उपकरण

रस उपकरण भन्नाले साहित्य वा काव्यमा पाठकलाई प्रभाव पार्ने तत्त्वलाई
चिनिन्छ । लौकिक जीवनमा रति (प्रेम), शोक,क्रोध, आदि चित्तवृत्ति(अन्तर्वृत्ति), हरू प्रकाशनका लागि जुन माध्यमहरूको आश्रय लिइन्छ ती कारण, कार्य र सहकारी कहलाउँछन्: तिनै कारण, कार्य र सहकारीहरूलाई श्रव्य र दृश्य काव्यमा प्रस्तुत गरिँदा तिनको नाम क्रमशः विभाव, अनुभाव र

सञ्चारी (व्यभिचारी) भाव हुन जान्छ । तिनै विभाव आदिबाट अभिव्यक्त हुने स्थायी भाव रस कहलाउँछ (उपाध्याय, २०६७, पृ. २६-२७) । भरतका अनुसार रस उपकरण अन्तर्गत विभाव, अनुभाव र व्यभिचारीभाव पर्दछन् । उनले संयोगात् पदद्वारा स्थायी भावसमेत रस सामग्रीका रूपमा रहने बताएका छन्

(गड्तौला, २०७१, पृ. १६) ।

### २.३.१ विभाव

विभाव शब्द वि उपसर्ग लागेको भू धातुबाट विभाव्यते अनेन अर्थात् विभावयति इति व्युत्पत्तिबाट बनेको हो । जसको अर्थ भावनालाई प्रस्फुटित पार्नु भन्ने हुन्छ । जसले सामाजिक-र्दशक वा पाठक) का मनमा अवस्थित रति (प्रेम), शोक आदि भावनाहरू आस्वादनरूपी अङ्कुरलाई उमार्ने काम गर्दछ त्यसलाई विभाव भनिन्छ (उपाध्याय, २०६७, पृ. २८) । यी आलम्बन र उद्दीपन दुई किसिमका हुन्छन् ।

### क) आलम्बन विभाव

काव्यमा नायक र नायिकाको वर्णन गरिने विषयलाई आलम्बन विभाव भनिन्छ । शान्त रसको अनित्यताको बोध हुनु शान्त रसको आलम्बन विभाव हो । वेद्धान्त श्रवमा, मनन गर्नु तपोवनको चित्रण, साधु, वैरागीको दशृन, चीवर धारण गर्ने सन्यासीको दर्शन उद्दीपन विभाव हो । विषय वासनामा अरूची शत्रु र मित्रहरू उदासीन चेष्टा हुनु फलप्राप्ती वा हानीमा उदासीत हुन, नाकको अगाडी हेरेर सत्यको चिन्तन गर्नु अनुभाव

हो । यसरी नै हर्ष, उन्माद, स्मृती, मति आदि यसका व्यभिचारी भाव हुन् (पण्डीतराज जगन्नाथ, रसगङ्गाधर, टिकाकार, पृ. ३३) । जसमा भाव आड लिएर बस्दछ । आलम्बन विभाव पनि विषय र आश्रय गरी दुई किसिमका हुन्छन् । ती हुन् विषय आलम्बन र आश्रय आलम्ब ।

### अ. विषय आलम्बन

जुन विषयमा चर्चा गरिन्छ, त्यस विषयलाई आलम्बन विभाव भनिन्छ । जस्तै गौतम बुद्ध महाकाव्यमा बुद्धले शान्तिको बारेमा उपदेश दिँदा शान्तिको विषय विषय आलम्बन हो ।

**आ. आश्रय आलम्बन**

जुन विषयले नायक वा नायिकामा आश्रय लिएर प्रस्तुतती दिन्छ, त्यस्तो विषय आश्रय आलम्बन हो । गौतम बुद्ध महाकाव्यमा शान्तिको विषय गौतम बुद्धले चर्चा गरेको हुनाले शान्तिको सन्देश गौतम बुद्धभित्र अन्तरनेहित छ । त्यस कारण गौतम बुद्ध आश्रय आलम्बन हुन् ।

**ख) उद्दीपन विभाव**

काव्यमा वर्णित नायक र नायिका आलम्बन विभावका रूप, गुण, आभूषण हुन् । पुष्प, लतिका, चन्द्रिका, वन, उपवन, भ्रमर, कोकिल प्राकृतिक वातावरण, देश काल आदि उद्दीपन विभाव हुन् । विश्वनाथका अनुसार आस्वादनीय रूपमा उद्दीप्त पार्ने तत्त्वलाई उद्दीपन विभाव भनिन्छ ( उपाध्याय, २०६७, पृ. २९) ।

### २.३.२ अनुभाव

काव्य वा नाटकमा विभिन्न किसिमका पात्रबाट पाठक वा दर्शकलाई वास्तिबिकताको अनुभव गराउने कार्य नै अनुभाव हो । जसले वास्तविक जीवनमा सीता आदि र चन्द्र आदि आआफ्ना आलम्बन र उद्दीपन विभावका कारणहरूद्वारा राम आदिका मनमा जागेका रति आदि स्थायी भावहरूलाई प्रकाशमा ल्याएर कार्यको संज्ञा पाउँछन् ती नै काव्य र नाटकमा भनुभाव कहिन्छन् (उपाध्याय, २०६७, पृ.२९) । अनुभाव्यतेऽनेन वागङ्गसत्वकृतोऽभिनय इति अनुभावः भन्ने व्युत्पत्तिको अर्थअनुसार अनुभाव भन्नाले अभिनेताका वाणी, अङ्ग, मन आदिको अभिनयद्वारा दर्शकलाई विशेष भाव बोध गराउनु भन्ने हुन्छ । विभिन्न प्रकारका अभिनयद्वारा वा काव्यका सर्न्दभमा वर्णन विशेषद्वारा काव्य भावसँग पाठकलाई साक्षात्कार गराउने उपकरण नै अनुभाव हुन् । भरतका अनुसार वाणी र अङ्गको अभिनयले अर्थको अनुभावन (साक्षात्कार) हुन्छ त्यस्तो वाणी, शाखा, अङ्ग, उपाङ्गले युक्त भएको अनुभाव हो ।

अनुभावलाई विभिन्न काव्य चिन्तकले विभिन्न किसिमले विभाजन गरेका छन् । यस क्रममा भावचेष्टाका हिसाबले कायिक, वाचिक, सात्विक, आहार्य विश्वनाथले स्वभावका हिसाबले अङ्गज, स्वभावज, सात्विक भेदमा विभाजन गरेका छन् । स्वतः घटित हुने सचेततापूर्वक हुने अनुभावहरू निम्न छन् :

भाव, हाव, हेला, शोभा, कान्ति, दीप्ति, माधुर्य, प्रगल्भता, औदार्य, धैर्य, लीला, विलास, विच्छित्ति, विव्वोक, किलकिञ्चित, मोट्टायित, कुट्टमित, विभ्रम, ललित, मद, विहृत, तपन, मौग्ध्य, विक्षेप, कुतूहल, हसित, चकित, केलि, स्तम्भ, स्वेद, रोमाञ्च, स्वरभङ्ग, वेपथु, वैवर्ण्य, अश्रु र प्रलय हुन् (गड्तौला, २०७१, पृ.१८) ।

### २.३.३ व्यभिचारी भाव

पाठकको हृदयमा प्रभाव पार्न रसलाई थप अस्थायी किसिमका भावको संयोजन जरुरी हुन्छ । ती तत्त्वलाई व्यभिचारी भाव वा सञ्चारीभाव भनिन्छ । व्यभिचारी भावले रसलाई परिपाक बनाउन सहयोग गर्दछ । एउटै रसमा निर्भर नरहेर छिनछिनमा विभिन्न रसहरूमा परिवर्तन वा चलायमान हुने भएकाले यसलाई सञ्चारीभाव पनि भनिन्छ । “स्थायी भावलाई उकास्न सहयोगीका रूपमा आउने अस्थायी भावलाई व्यभिचारी भाव भनिन्छ” (शर्मा र लुइटेल, २०६७२ : ४५) । व्यभिचारीभाव, विभाव र अनुभावका तुलनामा रससित बढी निकट हुन्छन् । स्थायी भावहरूलाई

रसावस्थामा पुऱ्याउन व्यभिचारी तथा सञ्चारी भावहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । निर्वेद, आवेग, दैन्य, श्रम, मद, जडता, उग्रता, मोह, विवोध, स्वप्न, अपस्मार, गर्व, मरण, आलस्य, अमर्ष, निद्रा, अवहित्था, औत्सुक्य, उन्माद, शङ्का, स्मृति, मति, व्याधि, त्रास, व्रीडा, हर्ष, असूया, विषाद्, धृति, चपलता, ग्लानि, चिन्ता, तर्क गरी ३३ किसिमका व्यभिचारी भावहरू रहेका छन् ।

### २.३.४ स्थायी भाव

काव्य रसले चित्तवृत्तिमा सञ्चार गराउने प्रेम, शोक, डर, घृणा, आक्रोश आदि स्थायी भाव हुन् । जुन वर्णनीय विषय वस्तुको सुरुदेखि अन्तिमसम्म प्रवल रूपमा स्थीर हुन्छन् । काव्यमा पछिसम्म स्थीर भएर रहने र अन्य भावहरूलाई समेत आफूमै समाहित गर्ने भावलाई स्थायी भाव भनिन्छ । स्थायी भाव साधारणीकरणका माध्यमले रसका रूपमा परिणत भएको हुन्छ । सहायक वा असहायक व्यभिचारी भावहरूद्वारा व्यवहृत नहुने र रसास्वादनको आधारका रूपमा स्थीर रहने भाव नै स्थायी भाव हो (सिंह, २००७ : २२६) । स्थायी भाव शृङ्गार रसको रति वा प्रेम, हास्य रसको हाँसो, करुण रसको शोक, रौद्र रसको क्रोध, वीर रसको उत्साह, भयानक रसको भय, वीभत्स रसको जुगुप्सा, अद्‌भुत रसको विस्मय र शान्त  रसको शम वा निर्वेद गरी नौ प्रकारका हुन्छन् ।

### २.४ नवरसको स्वरूप

साहित्यमा प्रयोग हुने नौ किसिमका रसलाई विभिन्न पात्रका कार्य, स्वभाव, अनुभव र अनुभूतिको आधारमा विभाजन गरिएको छ । जसलाई यहाँ चर्चा गर्नु सान्दर्भिक हुन्छ ।

### २.४.१ शृङ्गार रसको स्वरूप

रसका प्रकारमध्ये शृङ्गार रसलाई प्रमुख रस मानिन्छ । शृङ्गार शब्द *शृङ्* धातुमा र *आर* प्रत्यय लागेर बनेको छ । *शृङ्ग*को अर्थ कामुक जोडीबाट प्रर्दशित र *आर* को अर्थ गतिविधि हो । यसले पात्रको रतिरागात्मक अवस्थालाई उजागर गर्दछ । आचार्य भरतले यसलाई मूल रस र उनी पछिका रस चिन्तकले यसलाई रसराज भनेर चर्चा गरेर प्रमुख स्थान दिएका छन् । भरतले शृङ्गार रस रति स्थायीभावबाट उत्पन्न स्वरूप भएको पवित्र, शुद्ध र दर्शनिय वस्तुसँग तुलनीय हुन्छ भनी उल्लेख गरेका छन् (भरतमुनि, सन् २०१९, पृ. २४४) । यो नायक नायिकाको संयोग र प्रेमाकर्षणबाट उत्पन्न हुने हुँदा रसलाई परिपाक अवस्थामा पुऱ्याउन निम्न रस उपकरणका आवश्यकता पर्दछ ।

क) स्थायी भावः रति वा प्रेम, मिलन, मान, प्रणय, स्नेह, अनुराग, विजय, आध्यात्मिक भाव

ख) विभावः कुनै व्यक्ति, वस्तु वा स्थान, भौतिक जीज (मानव र मानवेत्तर)

आचार्य विश्वनाथले शृङ्गार रसका विप्रलम्भ र सम्भोग शृङ्गार गरी दुई भेद उल्लेख गरेका छन् । विप्रलम्भ शृङ्गारमा रति वा अनुराग उत्कृष्ट भएर पनि आफूले चाहेको नायक वा नायिकालाई प्राप्त गर्न नसक्नु विप्रलम्भ शृङ्गार भनिन्छ (साहित्यपूर्ण ३ : १८७ पृ.
२३०) ।

अ) आलम्बन विभावः नायक र नायिका, सह नायक सह नायिका आदि पात्र

आ) उद्दीपन विभाव :

अनुकूल ऋतु वा मौसम, एकान्त स्थान, चाँदनीको चहक, वनकुसुम, यादागार स्मृतिका भाव, प्राकृतिक सौन्दर्य, पात्रका मनोकाना पूर्ण पल आदि ।

**ग) अनुभाव :**

पात्रका क्रियाकलापजन्य अनुभव, अङ्कमाल गर्नु, प्रेम पूर्वक हेराइ, चुम्बन, स्पर्श, लज्जा, टोलाउनु, यादमा हराउनु, कल्पनामा रमाउनु, लामो स्वाश लिनु, किंकर्तव्यविमूढ हुनु आदि । यी कायिक र वाचिक गरी दुई किसिमका हुन्छन् । विश्वनाथका अनुसार वाचिक १८ किसिमका हुन्छन् । कायिक अनुभाव शरीरको लक्षणबाट व्यक्त हुन्छन् भने वाचिक बोली वा शब्दद्वारा प्रकट हुन्छ ।

**घ) व्यभिचारी भाव :**

काव्यको नायक नायिका वा प्रधान पात्रामा निर्वेद, आवेग, दैन्य, श्रम, मद, जडता, उग्रता, मोह, विबोध, स्वप्न, अपस्मार, गर्व, मरण, अलसता, अमर्ष, निन्द्रा, अवहित्था, औत्सुक्य, उन्माद, शङ्का, स्मृति, मति, व्याधि, त्रास, व्रीडा, हर्ष, असूया, विषाद्, घृति, चपलता, ग्लानी, चिन्ता, तर्क जस्ता अस्थीर भाव देखिनु व्यभिचारी भाव हो । यो पात्रमा उदाउने र अस्ताउने गर्दछ ।

शृङ्गार रसलाई दुई भागमा विभाजन गरिएको छ । जसमा सम्भोग शृङ्गार र विप्रलम्भ शृङ्गार (नगेन्द्र, सन् १९६४, पृ.२४९) पर्दछन् । सम्भोग शृङ्गारले नटनटीको संयोग वर मिलन र

विप्रलम्भ शृङ्गारले नटनटीको वियोगलाई व्यक्त गर्दछ । काव्यमा आवश्यकता अनुसार दुवै किसिमका शृङ्गारको प्रयोग हुन्छ ।

**अ) सम्भोग शृङ्गार :**

मिलन वा संयोगको स्थितिमा पैदा हुने हुँदा यसलाई सम्भोग शृङ्गार वा संयोग शृङ्गार पनि भनिन्छ । जसमा निम्न स्थिति हुन्छ :

आलम्बन विभावः नायिका विषयालम्बन, नायक आश्रयालम्बन वा नायक विषयालम्बन, नायिका आश्रयालम्बन हुन् ।

उद्दीपन विभावः एकान्त स्थल, वन, बगैंचा, नायक नायिकाले हाउभाउ प्रकट गर्नु आदि ।

अनुभावः नायक नायिका एक आपसमा नजिक हुनु, समाउनु, रोमान्चक क्रियाकलाप गर्नु आदि ।

व्यभिचारी भावः आवेग, व्रीडा, उत्तेजना, हर्ष, उन्माद आदि व्यवहार देखाउनु ।

स्थायी भावः रति वा प्रेम ।

**आ) विप्रलम्भ शृङ्गार :**

नायक नायिका वा प्रियजनको विछोड भएको अवस्थामा विप्रलम्भ शृङ्गार रसको प्रयोग हुन्छ । जसमा निम्न स्थिति हुन्छ ।

आलम्बन विभावः नायिका विषयालम्बन, नायक आश्रयालम्बन वा नायक विषयालम्बन, नायिका आश्रयालम्बन, उद्दीपन विभावः एकान्त स्थल, वन, बगैंचा, नायक नायिकाको हाउभाउ आदि ।

अनुभावः आँखा रसाउनु वा रुनु, स्वरमा पीडा हुनु वा मन्दपन हुनु, लामो सुस्केरा हाल्नु, अनुहार उदासी हुनु, डर र छट्पटी हुनु आदि ।

व्यभिचारी भावः मोह वा आशक्ति, चिन्ता, मरण, उग्रता, ग्लानि, वेदना आदि ।

स्थायी भावः रति वा प्रेम ।

### २.४.२ वीर रसको स्वरूप

नायक वा नायिकाको शत्रु वा विपरित मनोदशा भएको पात्रसँगको भिन्न उद्देश्यमा हुने टकरावको स्थितिमा जागृत हुने भाव नै वीर रस हो । प्रतिद्वन्द्वीको पराक्रम, उत्साह, उदारता, दानशीलता आदि देखेर वा सुनेर जुन इच्छायुक्त उत्साह पैदा हुन्छ, त्यसैबाट वीर रसको उत्पत्ति हुन्छ वा उत्तम प्रकृतिमा रहने तथा उत्साह स्थायी भावात्मक वीर रस हुन्छ । उत्साह, अध्यवसाय, अविषादित्व, अविस्मय आदि अनेक अर्थ विशेषबाट वीर रसको आविर्भाव हुन्छ (भरतमुनि, सन् २०१९,पृ.२४८) । यस रसमा प्रतिद्वन्द्वीलाई पराजित गर्नतर्फ मन गएको हुन्छ र प्रतिशोधको भावना रहन्छ । यसमा उत्तम प्रकृतिको उत्साह हुनुपर्ने अवधारणा पाइन्छ (गड्तौला, २०७१,पृ.४६) । वीरताको प्रतिबिम्बन नै यस रसको मूल विशेषता हो । यसको रसस्थिति निम्न किसिमको हुन्छ :

क) विभावः नायक नायिकाका क्रियाकलाप,

अ) आलम्बन विभावः शत्रुको हाँक, हातहतियार, युद्धस्थल,

आ) उद्दीपन विभावः वीरता प्रर्दशन, उत्साह सुऱ्याइँ, चतुरोपन,

ख) अनुभावः आक्रमण गर्नु, मुठी बेसरी कस्नु, शस्त्र अस्त्रको प्रयोग एवम् कटु वचन उच्चारण गर्नु, गर्वमय वाणी व्यक्त गर्नु ।

ग) व्यभिचारी भावः गर्व, हर्ष, धृति, अमर्ष, असूया, उन्माद, आवेग, ग्लानि आदि ।

घ) स्थायी भावः यसको स्थायीभाव उत्साह हो ।

### २.४.३ करुण रसको स्वरूप

काव्यका प्रमुख पात्रको आफ्नो अतिप्रिय, घनिष्ठ, सहयोगी भित्र आदि व्यक्तिको निधन वा अज्ञात तवरले विछोड, अनिष्ट, प्राकृतिक विपत्, षड्यत्रको शिकार आदि हुँदा चित्तवृत्तिमा हुने नकरात्मक असर नै करुण रस हो । यसले पाठकको सहानुभूति बटुल्ले काम गर्छ । भवभूतिले करुणरसलाई मात्र काव्यको एक रस मानेका छन् । यस रसले जीवनका सुखद् अवस्थाको करुणामय स्थिति बताउँछ । यो रस प्रियजनको वियोग, विपत्ति, धनक्षति, अग्नि दहन आदिको कारणबाट उत्पन्न हुन्छ र त्यहीँ  कारुणिकताको प्रतितिधित्व करुण रसले गर्दछ (भरतमुनि, सन् २०१९, पृ. २४७) । यस रसलाई परिपाक बनाउन निम्न उपकरणले सहयोग गर्दछन् ।

क) विभावः नायक नायिकाका विविध क्रियाकलापहरू

अ) आलम्बन विभावः नायक नायिका वा मुख्य सहायक पात्र

आ) उद्दीपन विभावः मृत वा घाइते शरीर, विरह, मेघ गर्जन, रोगव्याधी, भूकम्प, जानु वा अन्य प्राकृतिक विपत्ति पर्नु, रातको अन्धकारमा अत्यास हुनु खलनायकको आगमन हुनु आदि ।

ख) अनुभावः अश्रुधारा खस्नु, प्रलाप वार्नु, पुकार गर्नु, वेदना सुनाउनु, कम्पन उठ्नु, कराउनु, रुनु, चिच्याउनु, छाती पिट्नु, पुर्पुरो समाउनु, पश्चाताम मान्नु, लामो श्वास लिनु, ईश्वरको निन्दा गर्नु, विस्मरण हुनु, निराश हुनु, क्रन्दन गर्नु, कारुणिकतामा डुब्नु, शिथिल हुनु, स्तम्भ, निःशब्द, ओठ मुख तालु सुक्नु, केश फिजार्नु, विरहिणी हुनु आदि ।

ग) व्यभिचारी भावः दैन्य, निर्वेद, ग्लानि, चिन्ता, मरण, स्मृति, अश्रु, जडता, व्याधि, विषाद्, त्रास, आवेग आदि ।

घ) स्थायी भावः शोक वा पीडा यसको स्थायीभाव हो ।

### २.४.४ हास्य रसको स्वरूप

काव्यमा नायक नायिका वा अन्य पात्रको कार्यबाट सन्तुष्टि, तृप्ती वा अस्वभाविक कार्यबाट उत्पन्न हुने वाचिक, भाषिक, पोसाक, हाउभाउ आदिको गडबडीको भएमा हास्य रसको उदय हुन्छ । यो काव्यको चरम खुशी वा सुखलाई प्रकट गराउने तत्त्व पनि हो । हास्य रस उट्पटाङ्ग, गलत कार्य, अन्जान अवस्था, षड्यन्त्र आदिले गर्दा उपन्न हुन पुग्छ । हास्य रस दुई किसिमका हुन्छन् । आफैँ हास्दा हात्मस्थ हास्य र अन्यलाई हसाउँदा परास्त हास्य (भरतमुनि, सन् २०१९, पृ.२४६) । मानिसमा विद्यमान हासो चित्तवृत्तिको विकासात्मक अवस्था पनि हो । कुनै अनौठो वस्तु, चीज वा घटना देखेर मन प्रफुल्ल हुनु र हाँसोको तरङ्ग पैदा हुनु सहजलाई वृत्ति मानिन्छ । यसले काव्य र काव्यकारको स्वस्थ्यता, उच्च वौद्धिकता, मिठासपन थप्ने हुनाले संवाद, हाउभाउ, पहिरहन आदि उद्दीपन विभाव हुन् । यस रसका भावहरू निम्न छन् ।

क) विभावः नायक नायिक वा मुख्य अन्य पात्रको हाउभाउ

अ) आलम्बन विभावः विकृत वस्तु, रूपरङ्ग अनौठा चीज, पहिरहन आदि ।

आ) उद्दीपन विभावः प्रफुल्ल मुहार, सहजवृत्ति, स्वीकृति, चमकदार मुस्कान, उन्मात हासो आदि ।

ख) अनुभावः आँखा खुम्चनु, पेट मिच्नु, लुटुपुटु हुनु, आँसु आउनु, प्रसन्नता हुनु आदि ।

ग) स्थायी भावः हास वा हाँसो, हसावट स्थायी भाव हो ।

### २.४.५ रौद्र रसको स्वरूप

पात्रका मनको गहिराइमा रहेको क्रोधको अभिव्यक्तिलाई कुनै कारणवश बाहिर प्रकट गर्नु नै रौद्र रूप हो । यो खास गरी अपमान, हेपाइ, अन्याय वा अत्याचार सहँदाको, अवस्थामा उत्पन्न हुन्छ । यो उग्र वाचिक तथा शारीरिक व्यवहारयुक्त, अति मात्रामा शस्त्रप्रहारयुक्त र भयानक कर्महरूका कार्यले परिपूर्ण हुन्छ (भरतमुनि, सन् २०१९ पृ. २४८) । युद्धको प्रहार धात, काट्नु, मार्नु, विकृतछेदन गर्नु, विदारण गर्नु, संग्रममा संभ्रम गर्नु आदि कारणद्वारा रौद्ररस आविर्भाव हुन्छ । राक्षस, दानव, अनुचित युद्ध, स्त्री आदिको बेइज्जती, अपमानपूर्ण व्यवहार वा अहम्मा चोट पुऱ्याउँदा यो रस उत्पन्न हुने हुँदा अनुचित सङ्ग्राम, निर्ममको काटमारजस्ता कार्यले यो रस निर्माण हुन सहयोग पुऱ्याउँछ (भरतमुति, सन् २०१९, पृ. २४७) । आत्मीयजनलाई निन्दा गर्दा, असार्न्दभिक कार्य हुँदा, प्रतिष्ठा प्राप्त मान्यजन, गुरुजन आदिको निन्दाबाट क्रोध भावको अतिशयता हुँदा रौद्र रस आस्वाद्य बन्न पुग्छ (गड्तौला, २०७१, पृ. ४४) । यो रस निष्पत्ति हुँदा निम्न अवस्था हुन्छ :

क) विभावः नायक नायिकाका क्रियाकलाप

अ) आलम्बन विभावः अपराधी, निन्दक, शत्रु, खल पात्र

आ) उद्दीपन विभावः शत्रुको प्रहार, अपराध कार्यमा सामेल हुनु, हत्या, अपमान, गाली बेइज्जती

ख) अनुभावः अनुहार रातो पिरो पार्नु, पाखुरा, सुर्कनु, नाडी निमोठ्नु, गर्जनु, हतियार उठाउनु, जाइलाग्नु जस्तो व्यवहार अनुभाव हो ।

ग) व्यभिचारी भावः आवेग, अमर्ष, गर्व, खेद, उन्माद, व्याधि, चपलता, असूया व्यभिचारी भाव हो

घ) स्थायी भावः क्रोध हो ।

### २.४.६ भयानक रसको स्वरूप

भयानक रस भय वा डरसँग सम्बन्धित छ । अनेक किसिमका सङ्कटले उत्पन्न हुने भयको विशाल रूप नै भयानक रसमा प्रकट हुन्छन् । भयलाई परिपोष गर्ने रस भयानक हो यसमा समस्त इन्द्रियहरूमा विक्षोभ उत्पन्न हुन्छ (गड्तौला, २०७१, पृ. ५१) । भावकका मनमा सुषुप्तावस्थामा रहेको डर काव्य वा नाटकको श्रवण, दर्शनबाट प्रकाशित हुँदा भयानक रस उत्पन्न हुन्छ । डरलाग्दो वस्तु देख्नु अन्धकार हुनु, अकस्मात् कुनै पनि वस्तु देखेर डर लानु, असाधारण, अलौकिक र विचित्र वस्तु व्यक्ति, दृश्य आदि देखेमा भयानक रस उत्पन्न हुन्छ (भरतमुनि, सन् २०१९, पृ.२४८) ।

आशङ्का, विपत्ति पर्दा, गलत कर्मका नतिजा खुलस्त हुन लाग्दा भयका भाव उदाउँछन् । भयनाक रस निष्पत्तिमा निम्न अवस्था रहन्छ ।

क) विभावः नायक नायिकाका विभाव हुन् ।

अ) आलम्बन विभावः भय उत्पन्न गराउने पात्र, बाध, सर्प, अन्धकार, एकान्त, खल पात्र, भूकम्प, रोगव्याधि, चट्याङ, चोर, धातक हतियार देख्नु आदि ।

आ) उद्दीपन विभावः भय प्रदायक चेतना, विचित्र परिवेश, डरलाग्दो स्थल, मसानघाट, तीव्र आवाज आदि ।

ख) अनुभावः रौँ ठाडो हुनु, कमजोर महशुस हुनु, अनुहार फुस्रो हुनु, काम बिग्रनु, तनाब लिनु, स्वर विग्रनु, रुन थाल्नु, पछुतो हुनु आदि कुरा अनुभाव हुन् ।

ग) व्यभिचारी भावः त्रास, चिन्ता, मूर्च्छा, ग्लानि, शङ्का, अपस्मार, आवेग आदि ।

घ) स्थायी भावः भय, डर हो ।

### २.४.७ अद्भुत रसको स्वरूप

पात्रहरूका जीवनमा साथै आफ्नो दुनियाँमा भेटेका अनौठा र अकल्पनीय वस्तु देखेर र तिनका बारेमा आश्चर्यजनक कुरा सुनेर उत्पन्न हुने चित्तवृत्ति नै अद्भुत रस हो । कुनै पनि व्यक्ति वा वस्तुको पहिलो पटक विचित्ररूप देखेर आचार्य चकित भावको जागरण अद्भुत रसको आस्वादन हो । अद्भुतलाई दिव्य दैविक चमत्कारबाट उत्पन्न र आनन्दजन्य मनोरञ्जनपूर्ण घटनाबाट पनि अद्भुत रस प्रादुर्भाव हुन्छ (भरतमुनि, सन् २०१९, पृ.२४८) । अद्भुत रसको आस्वादनका अवस्थामा विस्मयको आधिक्यताका कारण सम्पूर्ण इन्द्रिय विस्मित बन्न पुग्छन् र चित्तवृत्ति एकोहोरो बन्न पुग्छ (गड्तौला, २०७१, पृ.२४८) । अद्भुत भावको काम अचम्मित  पार्नु, अश्चार्यको जालो प्रर्दशन गर्नु हो । यसमा निम्न किसिमको अवस्था हुन्छ :

क) विभावः नायक नायिकाको क्रियाकलाप,

अ) आलम्बन विभावः अलौकिक, विचित्र, असाधारण व्यक्ति वा वस्तु,

आ) उद्दीपन विभावः कम्पन, विस्मयपूर्ण दृश्य वा घटना,

ख) अनुभावः किकंकर्तव्यविमूढ हुनु, अक्क न वक्क हुनु, वाल्ल पर्नु, जीउ काम्नु, पसिना आउनु, अनौठो लाग्नु आदि ।

ग) व्यभिचारी भावः शङ्का, आवेग, हर्ष, तर्क, जडता, उत्सुकता, कौतुहल व्यभिचारी भावका लक्षण हुन् ।

घ) स्थायी भावः विस्मय अर्थात् आश्चार्य हो ।

### २.४.८ वीभत्स रसको स्वरूप

पात्रलाई स्वीकार नहुने, असुहाउँदो वातावरण वा अवस्था जसले घृणा फैलाउँने गर्छ त्यस्तो अवस्था नै वीभत्स रसको अवस्था हो । यस रसमा हिंसा, युद्ध, अशान्ति, दुर्गन्ध जस्ता अशुभ कार्य भाव नतिजाको रूपमा प्रकट हुन्छ । फोहर व्याधि, घीनलाग्दो दुर्गन्धित चीज, मन नपर्ने वस्तु, मन नपर्ने अप्रिय दृश्य एवम् थुक्थुकी आदिबाट वीभत्स रसको निष्पत्ति हुन्छ (भरतमुनि, सन् २०१९, पृ.२४९) । अपाच्य र अखाद्य वस्तुको सेवन, मादक पदार्थ र विषजन्य वस्तुको प्रयोग, घृणित व्यवहार जस्ता दुषित वातावरणको नकरात्मक असर पात्रमा पर्नाले वीभत्स रस पैदा हुन्छ । घृणित वस्तु पात्र आदिलाई देखेर मनमा उत्पन्न हुने चित्तवृत्तिले पनि वीभत्स रसको निमार्ण गर्दछ । यो कुनै क्लेशदायक, अप्रिय, अनिष्ट पदार्थ देख्दा, सुन्दा र भन्दा उत्पन्न हुन्छ अथवा यसको विभावमा अरूचिकर वस्तु हुनसक्छ (गड्तौला, २०७१, पृ. ५३) । यस रसमा निम्न अवस्था देखा पर्दछ :

क) विभावः नायक नायिकाको क्रियाकलाप,

अ) आलम्बन विभावः मानसिक र शारीरिक रूपमा विचलित पार्ने वस्तु, प्राणी, सडेको मासु, रगत, हड्डी, मल मुत्र, रोग व्याधि, घीनलाग्दा चीजबीज

आ) उद्दीपन विभावः वस्तु वा प्राणीको दुर्गन्ध, विकृत रूप, युद्ध मैदानको दृश्य आदि ।

ख) अनुभावः आँखा चिम्लनु, नाक थुन्नु, थुक्नु, शरीर भयभीत बनाउनु जस्तो क्रियाकलाप अनुभाव हो ।

ग) व्यभिचारी भावः आवेग, ग्लानी, रोग व्याधि, चिन्ता, अमन आदि ।

घ) स्थायी भावः घृणा वा जुगुस्सा हो ।

### २.४.९ शान्त रसको स्वरूप

सच्चिदानन्द स्वरूप, शीतल, लोभ, मोह, क्षोभ अर्थात् क्लेश विहीन शिव रूप नै शान्त भाव हो । जहाँ न दुःख रहन्छ न सुख न द्वेष रहन्छ न ईर्ष्या, त्यस्तो सम्पूर्ण अहम्बाट मुक्त भएको हुन्छ । शान्त रस वैराग्य, तत्त्वज्ञान, तपोभूमि, मोक्ष प्राप्तिको उद्देश्य, सुख,दुःखको स्थिति आदिबाट मुक्तभइ मनमा हुने एक प्रकारको आनन्दबाट यो उत्पन्न हुन्छ
(भरतमुनि, सन् २०१९, पृ. २४७) । यसमा सांसारिक विषय वासनाबाट मुक्तभई आध्यात्मिक

चिन्तनमा हुँदै वैराग्य भाव उत्पन्न हुन्छ (उपाध्याय, २०५५, पृ.३५) । यस रसमा समताको भाव रहन्छ । सांसारिक क्षणिकता र निस्सारताको बोधबाट उत्पन्न वैराग्यताको अतिशयता नै शान्त रस हो (गड्तौला, २०७१, पृ.५५) । पात्रको अन्तःस्करणमा ईश्वरीय चिन्तन, भक्ति भाव, मोह भङ्ग हुँदा, लक्ष्य प्राप्ति हुँदा शान्तिको अनुभूति भई शान्त भाव निष्पति हुन्छ ।

क) विभावः नायक नायिकाका क्रियाकलाप हुन् ।

अ) आलम्बन विभावः वैराग्य, सांसारिक अनित्यता, तात्विक ज्ञान, भावना, त्याग आदि ।

आ) उद्दीपन विभावः ईश्वरीय चिन्तन, दान, तीर्थ यात्रा, शास्त्रको अध्ययन, श्रवण, धर्मोपदेश, देवदर्शन, सत्संग, त्याग आदि ।

ख) अनुभावः त्याग, सात्विक रोमाञ्चक, क्षणभङ्गुरता इत्यादि ।

ग) व्यभिचारी भावः हर्ष, धृति, मति, सद्गुण आदि ।

घ) स्थायी भावः शम वा स्थीरता हो ।

शान्त रसको स्थायीभाव शम हो । उत्तम व्यक्तिले यसको आश्रय लिन्छन् । आचार्य विश्वनाथले कुन्दपुष्प र चन्द्रमाको समाज यसको कान्ति सुन्दर हुन्छ (३ : २४५, २४६) भनेका छन् । यसका देवता नारायण हुन् । अनित्यत्व आदि भावले गर्दा संसारका सम्पूर्ण वस्तुहरूमा निःसारता देखापर्छ ।

वास्तवमा परमात्माको स्वरूप नै शान्त रसको आलम्ब हो । यहाँ गौतम बुद्धको स्वरूप शान्त रको आलम्बन विभाव हो । पवित्र आश्रय, बुद्धका विहारहरू, लुम्बिनी, सारनाथ आदि । आफ्ना शिष्यहरू सँगको सत्सङ्ग वार्ता यसको उद्दीपन विभाव हो । बुद्धका अद्भुत ज्ञानयुक्त वाणीले शरीरमा मनमा उत्पन्न हुने रोमाञ्च यसको अनुभाव हो । यसरी नै निर्वेद, स्मरण, हर्ष, मति, बुद्धि प्राणीहरूमा दयाभाव जागृत हुनु आदि शान्तरसका व्यभिचारी भाव हुन् । गौतम बुद्ध जब गाउँमा वा नगरमा जान्थे त्यहाँ उनको शरीरमा साधारण वस्त्रका टुक्रा हुनु, त्रास, कौतुक र दया मिश्रित भावले गाउँ वा नगरवासीले देख्दा उनमा निश्चल भावले ज्ञानमुक्त प्रदान गर्दाको हर्षबाट निद्रा लाग्नु, हातमा भएको भिक्षापात्रको अन्न निःशङ्क भई कागले खानु आदि स्थिति शान्त रसको पुष्टि हो ।

शान्त र दयावीरमा वा दानवीरमा पूर्ण देखिन्न, किनभने ती दयावीर वा दानवीरको मन जब अहङ्कार युक्त हुन्छ । जहाँ अहङ्कार हुन्छ त्यहाँ शान्त रस हुँदैन । अतः हरेक प्रकारका अहङ्कारबाट मान्छे निवृत्त भएपछि मात्र उसमा शान्तरस निष्पत्ति हुन्छ ।

शान्त रसलाई नमान्ने विद्वान्हरूको मत के छ भने जसमा न दुःख छ, न सुख छ न चिन्ता छ, न द्वेष छ, न राग छ, न कुनै किमिसको चाहना छ भने त्यो स्थितिलाई भरतमुनिले शान्तरस भनेका

छन् । यहाँ के कुराको आशङ्का हुन्छ भने कुनै चाहना वा रागद्वेष नभएको अवस्था त स्वस्वरूपापत्ति रूप मोक्षावस्थामा मात्र प्रकट हुन्छ । यस्तो अवस्थामा सञ्चारीभाव नहुने हुँदा शान्त रस कसरी उत्पन्न हुन्छ त भन्ने प्रश्न उठ्छ । यसको उत्तरमा विश्वनाथले मान्छे समाधियुक्त अवस्थामा, योगले रहित संसारी अवस्थामा, योगी र कर्मशील अवस्थामा पनि बुद्धको दिव्यवाणीको विश्वासे फलको आशा र लोकसङ्ग्रह भाव उत्पन्न नहुनु शम अर्थात् शान्त रस उत्पन्न हुनु हो । यो अवस्थामा विभाव अनुभाव र सञ्चारी भावको विरोध हुँदैन (३ : २४९, २५० र पृ. २७३-२७५) ।

शान्त रस बाहेक आठ रसमा यो स्थिति हुन्छ ।

भावाभास : वेश्या आदिमा केही लेज्जाभाव देखिनु भावाभास हो ।

भाव शान्ति : कुनै भावको शान्ति हुँदा भावशान्ति हुन्छ, कुनै भावको हृदयमा उदय हुँदा भावोदय हुन्छ, कुनै भावको सन्धि भएमा भाव सन्धि हुन्छ । भावहरू सम्मिश्रण भएमा भाव सबलता हुन्छ ।

महाकाव्यका लक्षण : विश्वनाथका अनुसार सर्गबन्ध हुनु, नायक धीरोदात्त गुणले युक्त हुनु, उत्तम कुलमा जन्मलिएको हुनु, क्षेत्री हुनु,

श्रृङ्गार, वीर अनि शान्त रसमध्ये कुनै एक रस प्रधान र अन्य रस अङ्ग (अप्रधान) रस हुनु, धर्म अर्थ काम र मोक्ष मध्ये एकफल प्राप्त गर्ने प्रयोजन हुनु, मङ्गलाचरणमा इष्टदेवता, गुरु वा सज्जनको बन्दना गर्नु, एउटा सर्गमा एउटै छन्न हुनु सर्गको अन्तिम श्लोक भिन्न छन्नको हुनु, वर्णनीय विषय सन्ध्या, प्रातः सूर्य चन्द्र प्रदोषकाल, अन्धकार, शिकार वर्णन, वन पर्वत, नदी, समुद्र आदिको वर्णन भुनि, स्वर्ग, नगर, यवी, युद्ध, यात्रा, विवाह, प्रत्रोदय, सन्त्रदान, हुनु । महाकाव्यको नाम, नायक वा नायिकाको नाम हुनु, अनेक भाषाको प्रयोग हुनु आदि ।

काव्यमा रसपूर्ण हुनुलाई अमृत मानिन्छ । प्रेम जनहरूका लागि वासना युक्त मानिसका लागि युवतीले अमृत हुन्छे । त्यसरी नै लोभी मानिसका निमित्त धन नै अमृत हो र सन्यासीका निमित्त मन शान्ति नै सुधा हो । जुन गौतम बुद्ध महाकाव्यको प्रमुख पात्र बुद्धमा लागू भएको निष्कर्ष दिन सकिन्छ ।

## २.५ गौतम बुद्ध महाकाव्यमा अङ्गी रस

गौतम बुद्ध महाकाव्यमा कविले मङ्गलाचरणदेखि नै शान्तिको कामना गर्दै करुणा, दया जस्ता ओजपूर्ण भावले वन्दनाका साथ करुण रसको सङ्केत गरेका छन् । अङ्गी रसको रूपमा शान्तिको ध्वनि दिएका छन् । महाकाव्यको सुरुमा शान्त रस, शृङ्गार, वीभत्स, करुणको निष्पत्ति भए पनि मूल रस भने शान्त रस रहेको छ ।

राजा शुद्धोदन र रानी मायादेवीको विवाह, ऋतुदान, पुत्रलाभको रूपमा सिद्धार्थको जन्म आदि प्रसङ्गमा शृङ्गार रस निष्पत्ति भएको छ । उनको यशोधरासँग विवाह र राहुल नामको पुत्र लाभ हुँदासम्म शृङ्गार रस निष्पत्ति भएको छ । उनीहरूको एक मात्र सुपुत्र सिद्धार्थ अर्थात् गौतम बुद्ध सानैदेखि शान्त स्वभावका, दयालु, अहिंसावादी, समस्त प्राणीको कल्याण सोच्ने करुणामय व्यक्ति थिए । उनलाई जन्म, मरण, रोग, वृद्धपन, दुःख आदिको कारण जान्ने इच्छाले वैराग्य उत्पन्न भएको थियो । यस अवस्थामा करुण रस निष्पत्ति भएको छ । गौतम बुद्ध राजाका छोरा भए पनि उनमा राजकाज र दरबारको सुख सुविधाप्रति कुनै आशक्ति थिएन । त्यसैले उनले रातको समयमा लोकले देखेको सुख सुविधालाई दुःख बुझेर घर परिवार त्याग गरे । यस अवस्थामा करुण रस निष्पत्ति भएको छ । त्यसपछि उनी शान्तिको खोजी र दुःखको कारण पत्ता लगाउन ध्यान गर्न लागे । यसै शिलशिलामा शान्त रस निष्पत्ति भएको छ । त्यसपछि उनले जीवन भर करीब चालिस बर्ष आफ्ना अनुयायीलाई उपदेश दिए यसबखत पनि शान्त रस उत्पन्न भएको छ । उनको महापरिनिर्वाणको अवस्था भने करुण रसले भरिएको छ । यस प्रकार काव्यको उठान, विस्तार र समापनसम्मको अवस्थालाई हेर्दा अन्य सहायक रसबाहेक प्रमुख रूपमा शान्त रस अङ्गी बन्न पुगेको छ । शान्त रसको साधारणीकरणको अवस्थालाई विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भाव जस्ता रस सामग्रीका आधारमा विश्लेषण गरिएको छ ।

### २.५.१ गौतम बुद्ध महाकाव्यमा विभाव

शान्त रसलाई परिपाक गराउन आलम्बन विभाव र उद्दीपन विभावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने हुनाले यिनको पृथक् उपशीर्षकमा विश्लेषण गरिन्छ :

#### २.५.१.१ गौतम बुद्ध महाकाव्यमा आलम्बन विभाव

प्रस्तुत महाकाव्यका पात्रहरू सिद्धार्थ गौतम बुद्ध, राजा शुद्धोदन, रानी मायादेवी, प्रजावती, यशोधरा, सन्ध्या, कृषा गौतमी, साहुल, सुजता जस्ता कयौँ पात्रहरू आलम्बन विभावका रूपमा आएका छन् । आलम्बन विभावमा गौतम बुद्ध कहिले माता पितासँग, कहिले श्रीमती र छोरासँग त कहिले शिष्यहरूसँग बारम्बार शान्तिको उपदेश दिदैँ शम भावमा रहनु परेको छ । शान्तिको खोजी गर्नु र जीवनलाई भवः सागरबाट मुक्ति गराउनु काव्यको मुख्य वर्ण्य विषय भएकाले विषयालम्बन र अनंग आश्रयालम्बनका रूपमा रहेका छन् । त्यस्तै अर्कोतिर गौतम बुद्ध र अनंग दुवै वर्ण्य विषय

भएकाले विषयालम्बन र ती सबैले शम भाव राखेर जीवन मार्गमा हिड्नु पर्ने उपदेश र जीवन चरित्रले गर्दा आश्रयालम्बनका रूपमा रहेका छन् । भिक्षु, शिष्य, खेमा, सकुला, सोण, आनन्द, कुमार, सुसारे, ज्योतिषी चेला सबैले उनको उपदेशको अनुसरण गरेको हुनाले समेत अन्य पात्रहरू पनि आश्रयालम्बनका रूपमा आएका छन् ।

परे सिद्धार्थका छेउ कुनै हिंस्र जनावर
मौन बन्छन् उनीजस्तै भेटैं अद्भुत ईश्वर !
बिच्छी, सर्प, किरा, प्यूसा, भुसुना, उपियाँ सब
बुद्ध छेउ पुगेमा छन् तिनको भावना स्थीर । (सर्ग ४, पृ. ६०)

बुद्ध बाल्यावस्थादखि नै शान्त र अहिंसावादी थिए उनको नजिक जो पुग्थें सबै शान्त र स्थीर भावमा रहन्थें । यहाँ बुद्ध र अन्य पात्रहरू आश्रयालम्बनका रूपमा आएका छन् । यसमा बुद्धको बाल्यअवस्था देखि नै शान्ति प्रिय स्वभावको परिचय हुन्छ । जसको हृदयमा अहिंसावादी भाव उत्पन्न भएको छ र यसले शान्त भावलाई पूर्ण बनाएको छ । जहाँ विभिन्न जीवजन्तु र रिसाएका मानिसरूप पनि उनको नजिक हुँदा शान्त भएको उद्धाहरण भेट्न सकिन्छ ।

तृष्णालाई गरे ध्वंस ज्ञान बुद्धत्व प्राप्तिले
जन्मेखि भए मुक्त मृत्यु रोक्ने यहाँ छ के ?
नाशतत्त्व सबैमा छ वस्तु हुन्न ननासिने
नीति प्रकृतिको यस्तै अस्त बन्ने उदाउने । (सर्ग ९, पृ.१८५)

मानिसको जीवनलाई अनावश्यक तृष्ण, ध्वंस बनाउँछ भन्दै बुद्धले ज्ञानद्वारा त्यसलाई नियन्त्रण गर्न सक्ने कुरा बताएका छन् । संसारका सबै कुरारूप नाशवान् छन् । उडाउने र अस्ताउने काम त प्रकृतिको नियम नै हो भन्दै यस उद्दीपन विभावले समेत उनलाई शान्त हुन प्रेरित गरेको छ ।

चन्द्र सूर्य तथा तारा पृथ्वी सारा नवै ग्रह
मासिनेछ कुनैकाल आस्था, ज्ञान विचार त !
सबै मर्छन् सबै जल्छन् आगो मर्दछ शक्ति नै
बाँच्ने तत्त्व यहाँ के छ ? हा ! हा ! ब्रह्माण्ड विश्व है ! (सर्ग ९, पृ.१८५)

चन्द्र, सूर्य, तारा, पृथ्वी जस्ता सबै ग्रहरूप कुनै न कुनै काल मासिने छन् र आगोमा जल्ने छन् भन्दै बाच्ने जीव यहाँ कुनै पनि अमर छैन भन्दै अनित्य जीवनको वर्णन यस काव्यांशमा भएको छ । जसले शमभाव पैदा भएको छ । जब बुद्धले बुद्धत्व प्राप्ति गरे तब उनले आफ्ना शिष्यलाई शम भावको आभाष गराउन सबै कुरा नाशवान् छन् भन्ने उपदेश दिएका छन् । यस अवस्थामा बुद्ध र शिष्यमा शान्त रस निष्पत्ति हुन पुगेको छ । यहाँ पनि बुद्ध र अन्य पात्रहरू आश्रयालम्बनका रूपमा आएका छन् ।

### २.५.१.२ गौतम बुद्ध महाकाव्यमा उद्दीपन विभाव

प्रस्तुत महाकाव्यमा संसारिक माया, मोह र आकर्षणलाई अनित्य, गौण मानि शान्तिको खोजि, जन्म मृत्युको कारण र त्यसबाट छुटकाराको निमित्त गौतम बुद्धले गरेका प्रयासहरू उद्दीपन विभाव हुन् । आफ्नो मन नियन्त्रमा राख्नु, अनित्य विषयप्रति आशक्ति नराख्नु, हिंसा नगर्नु, त्याग गर्नु काम, क्रोध, लोभ, मोहबाट टाढा रहनु, स्थीर रहनु, सहनशीलता अपनाउनु, गृह त्याग गर्नु, भोकै पीपलको बोटमुनी बसेर ध्यान गर्नु, शास्त्रको अध्ययन गर्नु, रिसाएर आएका मानिसलाई पनि हाँसी हाँसी सम्झाएर आफ्नो चेला बनाउनु, एकान्तमा बसेर चिन्तन गर्नु आदिले शम भावलाई उद्दीप्त पारेको छ ।

अहो ! कुप्रो लट्ठीसित भर लिने जीर्ण फितलो
सुकेको छालामा दलिन घरका हाड चुचुरो
फुलेका छन् रौँ रौँ सकस किन त्यो र्‍याल चुहिँदो
परी वैशाखीका भर किन हिड्यो वृद्ध बिचरो । (सर्ग ८, पृ. १३२)

बुद्धले घुम्ने शिलशिलामा कुप्रो शरीर भएको लठ्ठी टेकेको अत्यन्तै वृद्ध मानिसलाई देख्छन्, जसको छाला हड्डीमा टाँसिएर हड्डीमा चुचुरो देखिएको छ । रौ फुलिएका देखिन्छन्, र्‍याल चुहिएको छ र वृद्ध बिचरो पात्रो बनेको छ । यसले संसारमा दुःख छ भन्ने कुरा प्रमाणीत गर्दछ । तसर्थ यस्तो घटनाभित्र पीडा र करुणा भाव उत्पन्न गराई बुद्ध यस समस्याको समाधानको लागि शान्तिको खोजीमा अगाडि बढिएको काव्यमा चर्चा गरिएको
छ ।

भए टोड्के आँखा जगत धमिलो सम्म गहिरो
'पिता', सुन्छन-, 'जा ! जा !' मनुज सजिलै बन्छ बहिरो
नुहेका कुप्रेका तब त चिउँडोसाथ छ घुँडो
सुसेलेका सु□या ! गरिकन कठै ! वृद्ध वयको । (सर्ग ८, पृ.१३२)

मानिसको शरीर समय अनुसार बढ्दै जाँदा वृद्ध हुन्छ, मानिसका आँखा धमिलो हुन्छन् जसले उज्यालो जगतलाई धमिलो देख्न थाल्छ । कानले सुन्न छोड्छ, घुँडो र चिउँडोसँगै जोडिन्छन् र जीवन दुःखदायी बन्छ । जसले वैराग्य उत्पन्न हुने, मोह
भङ्ग गराउने दृश्य एवम् घटनामा गौतम बुद्धको नजर गएकोले शम भावलाई उद्दीप्त गरेको छ ।

## २.५.२ गौतम बुद्ध महाकाव्यमा अनुभाव

प्रस्तुत महाकाव्यमा त्याग, निर्वेद, सात्विक, रोमाञ्चक, क्षणभङ्गुरता जस्ता विषय आएका छन् जसले अनुभावलाई प्रकट गर्दछन् ।

मोटो गर्धन हारयुक्त मणिका आँखा दुवै गाजली
चम्केकी बिजुली मिलिक्क छरिती नौरङ्गकी हे चरी !
डाँफे लाज लिऊन् मयूर वनका भागून् मुना शावक
नाच्दा डग्मग स्वर्ग हुन्छ कि कसो छोपून् गफा अप्सरा । (सर्ग ६, पृ. १०१)

वनका डाँफेले लाज मान्ने मयूररूपका बच्चारूप नाच्ने स्वर्ग जस्तो लाग्ने नवरङ्गकी चरीरूप मणि जस्तै गाजली आँखारूपले पनि जीवनलाई सधैँ आकर्षण दिन सक्दैन ।

के शोभा छ र रूक्मिणी अनि कतै ती उर्वसी पार्वती
लक्ष्मी मोहन सावित्री सरस्वती घुम्टो लुकेका कति
नाच्छिन् छम्छम मेनका तर त्यहाँ छेऊ टुकी सूर्यको
बल्दी तेज यशोधरासित बसी को हुन्छ सौन्दर्य त्यो ? ( सर्ग ६, पृ.१०१)

यहाँ रोमाञ्चक, क्षणभङ्गुरता जस्ता विषयलाई उठान गरिएको छ जसले रोमाञ्चक क्षणभङ्गुरता सञ्चार गर्नु र यो स्थिति हो । अनुभाव प्रस्तुत श्लोकमा पाइन्छ :

भुलेका छौँ हामी विषय पथमा रोदन भरी
घडा रित्तारित्तै छ हृदय सुक्यो उष्ण नघटी

छ यो तेरो मेरो तब त झगडा, आतुर छ यो
कहाँ खोज्ने होला अब त मनको शान्त घर त्यो । (सर्ग ८, पृ. १२९)

हामीले जीवनमा अगाडि बढ्दा शान्तिको आशा गरेका हुन्छौं तर जीवनको घडा बिस्तारै रित्तो हुँदै जान्छ र मान्छे डराउँछ, आतुर हुन्छ र बैचेन हुन पुग्छ । त्यसले हाम्रो जीवन अनित्य हुन्छ भन्ने कुराको बोध गौतम बुद्धले महशुस गरेका छन् । जसलाई यहाँ उद्दीपन विभावले प्रष्ट पारेको छ ।

अहो ! के भो यस्तो ? सकल दुनियाँ रोदनमय
कता जाने होला सबतिर भयो के जलमय ?
भए यस्ता कैयौं प्रलय जगमा क्रान्ति किन यो
जपँ कैयौं ॐ ॐ हृदयसित वैराग्यपनको । (सर्ग ८,पृ.१२९)

यो दुनियाँका सबै घटनारूप देख्दा मनमा रोदन उत्पन्न हुन्छ, कता जाने के गर्ने मानिस हरपल निर्णय लिन खोजिरहेको हुन्छ । जसले गर्दा कयौं किसिमका संघर्ष र प्रलयको ज्वाला खेप्नु पर्ने हुन्छ । मानिसमा वैराग्य उत्पन्न हुन पुग्छ । निर्वेद, सात्विक, क्षणभङ्गुरता भाव जगाउने र वैराग्यपनको अनुभाव प्रस्तुत श्लोकमा स्पष्ट तवरले भेट्न सकिन्छ । हामी विभिन्न विषयलाई आफ्नो भनेर भुलिरहेका छौं तर यि सबै हाम्रा होइनन् भन्ने प्रस्तुत आशय काव्यांशमा रहेको छ ।

### २.५.३ गौतम बुद्ध महाकाव्यमा स्थायी भाव

प्रस्तुत काव्यमा स्थायी भावमा आएको शान्त रसको शम भाव बौद्ध दर्शनको केन्द्रिय मर्म अनुसरण गर्ने किसिमको छ । काव्यको सुरुवात किसान र प्रकृतिको गुणगानबाट शृङ्गार रस, राजा शुद्धोदन र मायावेदीको विवाह संयोग शृङ्गार, राजकाजको सुख, सिद्धार्थ गौतम जन्म हुने भविष्यवाणी, उनको सुखद् बाल्यावस्था, यशोधरासँग विवाह, राहुलको जन्म अवस्थालाई संयोग भावको स्थिति भनिन्छ । सिद्धार्थमा अहिंसा, दया, करुणा, मानवता आदिले पारेको प्रभाव करुण रस भाव भनिन्छ । सांसारिक दुःखको ज्ञान, जन्म मरणको चक्र, भव सागरको चिन्ता र चासो, बालक, रोगी, वृद्ध, मरेको लास, दरबारको सुखलाई तुच्छ र अनित्य सुख, परिवार, आमा, बुबा, छोरा, श्रीमती आदि त्याग गर्दै छन्नकसँग रातमा दरबारबाट निस्कनु, कठोर तपस्याद्वारा बुद्धत्व प्राप्ति, जीवनभर शान्तिको उपदेश यि सबै अवस्थामा शम स्थायी भाव प्रकट भएको छ ।

बसी मौन तपस्यामा बुद्ध हुन्थे समाधिमा
टुलूटुलू गई हेर्थिन् बुद्धको अनुहारमा
कस्ता राम्रा सधैँ ज्ञानी ज्ञानभण्डार बुद्ध यी
बोल्न पाए तिनीसाथ पाउँथे ज्ञान मैपनि । (सर्ग ५, पृ. ६७)

बुद्ध चरित्रले नै शान्त स्वभावका भएकाले मौन तपस्यामा बस्न रुचाउने मान्छेरूप उनीसँग बोल्न पाएपनि आफूलाई पनि ज्ञान प्राप्त हुन्छ भन्ने सोचेर उनको नजिक पुग्थे । यस्तो अवस्था उद्दीपन विभावको कारणले बुद्धमा शान्तभाव निष्पत्ति भएको छ ।

आँखा चिम्लेर के देख्छन् हेर संसार सुन्दर
हरियो वनको देश चराका गीत चिर्बिर
सुसेल्छन् झरना खोला हेर शान्त हिमाल त्यो
आँखा चिम्ली कहाँ हेर्छौ आत्म दर्शन बुझ्छ को ? (सर्ग ५, पृ.६७)

काव्यांशमा गौतम बुद्ध मौन तपस्यामा बस्ने, आत्मज्ञानी, शान्त भावमा रहने, सुन्दर संसार, हरियाली वन, शान्त हिमाल, आत्म दर्शन जस्ता विषयले शम भाव पैदा गरेका छन् ।

### २.५.४ गौतम बुद्ध महाकाव्यमा व्यभिचारी भाव

अङ्गी रसलाई परिपाक बनाउन महाकाव्यमा विभिन्न व्यभिचारी भाव पैदा भएका छन् । काव्य रसलाई पूर्णता दिन यिनको मन्द भूमिका हुन्छ ।

निर्वेदावेगदैन्यश्रममदजडता औग्र्यमोहौ विवोधः ।
स्वप्नापस्मारगर्वा मरणमलसतामर्षनिद्रावहित्थाः ॥
औत्सुक्योन्मादशङ्काः स्मृतिमतिसहिता व्याधिसंत्रासलज्जा ।
हर्षासूयाविषादाः सधृतिचपलता ग्लानिचिन्तावितर्काः ॥ (विश्वनाथ : साहित्यदर्पण, तृ.प.)

विश्वनाथले आफ्नो कृति साहित्य दर्पणमा ३३ वटा व्यभिचारी भाव हुन्छन् भन्दै तिनका नाम उल्लेख गरेका छन् : जुन निर्वेद, आवेग, दैन्य, श्रम, मद, जडता, उग्रता, मोह, विबोध, स्वप्न, अपस्मार, गर्व, मरण, अलसता, अमर्ष, निन्द्रा, अवहित्था, औत्सुक्य, उन्माद, शङ्का, स्मृति, मति, व्याधि, त्रास, व्रीडा, हर्ष, असूया, विषाद्, घृति, चपलता, ग्लानी, चिन्ता, तर्क हुन् । यी अस्थीर भाव व्यभिचारी भाव भएर पात्रमा उदाउने अस्ताउने गर्छन् । पात्रमा सुख, दुःख, सफलता, संघर्ष, द्वन्द्व,

विरह, निरासा, आशा आदिको सञ्चार गराई काव्य पात्रलाई पनि परिपक्व बनाउने व्यभिचारी भावको विश्लेषण निम्न अनुसार गरिन्छ :

**क) निर्वेद**

निर्वेद शब्दको अर्थ खेद, खिन्नता, दुखेसो, वैराग्य, विरक्ति भन्ने हुन्छ । काव्यमा आउने पात्रका मनमा लोभ, माया, मोहबाट वितृष्णा पैदा हुँदा निर्वेद व्यभिचारी भावको उदय हुन्छ । यस महाकाव्यमा बुद्धलाई विभिन्न कुरा, घटना बुद्धत्व प्राप्ति पछि निर्वेद भावको मात्रा बढेको पाइन्छ । जस्तै :

छ सच्चा प्रेमको हिंसा फूलको भूल के थियो ?
हल्लाएँ बोट नै ज्यादा सच्चा प्रेम झरी मऱ्यो
दुनियाँमा यही होला क्रान्ति उत्तम वैभव
अर्को जीवन मारेर गर्दैछन् व्यर्थ उत्सव ! (सर्ग ५, पृ. ५६)

बुद्धको आचरणलाई सुहाउने व्यभिचारी भाव निर्वेद हो ।  यस काव्यांशमा बुद्धले हिंसा नगरीकन बाँच्नु पर्ने कुरा सङ्केत गरेका छन् । जसलाई अहिंसावादी दृष्टिकोण भनिन्छ । फुलले जस्तै मानिसले पनि हिंसा गर्न नहुने हिंसा गर्दा हिंसाले प्रेमको निधन हुने गर्छ । संसारमा सबै भन्दा ठूलो क्रान्ति भनेको नै अहिंसा हो । मानिसले एकचोटि पाएको जीवन अरूको जीवन हिंसा हुँदैन । हिंसा नगरिकन बाँचेको जीवन सबै भन्दा ठूलो वैभव हो र सबै भन्दा ठूलो उत्सव पनि हो भन्ने निर्वेद दृष्टिकोण उक्त काव्यांशमा रहेको छ ।

झरेका फूल गुच्छाका ओइलाउँछ जीवन
रही मौन थुँगा हेर्छन् उड्यो सास कता भन !
अपराध गरेँ मैले हल्लाएँ बोट फूलको
फूल जीवन वैलायो गरेँ संघर्ष व्यर्थको । (सर्ग ५, पृ. ५६)

मानिसको जीवनमा पश्चाताव लाग्ने काम गर्नु हुँदैन । पश्चाताप लाग्ने काम नै अपराध हो भनेर बुद्धले जीवनमा गर्न नहुने काम उक्त काव्यांशबाट सम्झाएका छन् । त्यस बखत निर्वेद व्यभिचारीभाव सञ्चार भएको छ ।

**ख) आवेग**

हर्ष, अग्नी, उत्पात आदिबाट हुने हडबडी, मनोविकार, मानसिक उत्तेजनालाई आवेग भनिन्छ। यस महाकाव्यमा पनि विभिन्न सर्न्दभमा आवेग व्यभिचारी भावको उदय भएको छ। जस्तै :

सारा हर्षित छन् बिहे नजिकमा उल्लासले आउँछ
आहा ! भोज भतेरमा फल तथा केरा दही आउँछ
गोठाला अनि सन्तराज, बटुवा माग्नेहरू लस्कर
मीठा  भोजन पाउँला अब भनी आशा गरेका पर। (सर्ग ६, पृ. ९४)

मानिस बेलाबखत आवेगमा आउन पुग्छ । यस्तो अवस्थामा उसमा विचलन पैदा हुन्छ । जसले आफ्नो सन्तुलन खलबल पार्छ । माथिको काव्यांशमा पनि अत्यधिक खुशीको आवेगमा मान्छेले लोभ र आशा गरेर आफूलाई दुःखी तुल्याएको छ । जसले आवेग सञ्चारी भाव पैदा गराउन मद्दत गरेको छ ।

कोही धन्य थिए भने त्यहाँ दुःखी बनेका थिए
ज्ञानी गौतमको बिहे किन हुने ? भन्दै परेवा उडे
गर्नै हुन्न बिहे भनि तरहका जीवणु बोल्दै गए
बोल्थे प्राकृत वस्तु सृष्टि सब यी के बुद्धको हो बिहे ?( सर्ग ६, पृ. ९४)

आवेग व्यभिचारी भावमा रहँदा मानिसले दुःखको अनुभव गर्छ र दुःखी बन्न पुग्छ । गौतम बुद्धको बिहे किन नहुने भन्दै परेवा उडेको, प्राकृतिक नियम हो भन्दै जीवाणु बोलेको कुरा काव्यांशमा आवेग व्यभिचारी भावको रूपमा आएर स्थितिलाई खलबल पुऱ्याएका छन् ।

**ग) दैन्य**

महाकाव्यका पात्रमा कमजोरी, निर्धोपन, दीनता, गरिबी, मलिनता, नम्रता, दुःखकष्ट आदिका कारणले मनमा खिन्नता जस्ता भाव उत्पन्न हुन्छन् तिनैलाई दैन्य व्यभिचारी भाव भनिन्छ। जस्तै :

के हो जीवन मर्नुपर्छ सबले कल्ले दियो जन्म यो

बाँचुन्जेल छ व्यर्थ दु:ख किन यी आश्चर्यको चक्र यो
व्यर्थै यी दरवार स्वाङ् नृपका माया यही सोच्दथिन्
हेर्थिन् बाहिरको सदृश्य हरिया पीडाहरू पोख्दथिन् । (सर्ग ३, पृ.२४)

मानिसले आफ्नो जीवन त्याग गर्नै पर्ने हुँदा मानिस दिन दुखी प्राणी हो । यो एउटा आश्चर्यको चक्र हो, दरबारको सुख सयल नृपको माया मोह सोचेर अनेक पीडारूप पोखेको कुरा यशोधराले काव्यमा पोखेका छन् ।

शक्ति धेरै भए पचात् आफैँ बन्दछ निर्बल
हुन्छन् वृद्ध युवावस्थामा सारा थाकेर आखिर
शक्तियुक्त कुनै हुन्नन् होइन्छ बल निर्बल
एउटै ठाउँमा बास कसैको हुन्न है स्थीर ! (सर्ग ७, पृ. ११६)

मानिस निर्वल साहाराविहिन अवला प्राणी हो । वृद्ध अवस्थामा थकित हुन्छ, शक्तिको नाश हुन्छ । यो संसारमा सबै कुरा अस्थीर छन्, अनित्य छन् र यिनको अन्तिम साथ पाइदैन भन्ने भाव दैन्य व्यभिचारी भावको सञ्चार गरेको छ ।

**घ) श्रम**

काव्यका पात्रलाई काम गर्दा लाग्ने थकाइ, शरीरको कसरत, व्यायाम, मानवीय चेष्टा, मिहिनेत, शारीरिक मानसिक शक्तिको खर्च नै श्रम भनिन्छ । यस्तो अवस्थामा देखापर्ने भाव नै श्रम व्यभिचारी भाव हो । जस्तै :

चढेँ धेरै उँचा डाँडा तरेँ धेरै नदीहरू
भावनाको भएँ डुङ्गा कविता छन् छ के अरू ?
तरेँ सागर ठूल्ठूला उक्लेँ अग्ला पहाड यी
सन्तुष्टि काव्यमै पाएँ प्राप्ति शून्य अरू जति । (सर्ग १, पृ. ३)

काव्यांशमा श्रम व्यभिचारीभावको चर्चा गर्दै कविले नदी, सागर आदिले समेत अथक परिश्रम गर्छन् र मानिसले पनि आफ्नो लक्ष्यमा पुग्न अथक प्रयास गर्नु पर्छ भन्ने भाव सञ्चार भएको छ ।

कडा क्रान्ति गरे नाङ्गै गर्मीसाथ लडे कतै
संघर्षैले बने बुद्ध अजरामर छन् अझै
एउटा बुद्धको चेलो कठिनाई विताउन
गाह्रो छैन मलाई यो तातो ज्वाला पिलाउन । (सर्ग १, पृ. १०)

क्रान्तिको लागि कडा मेहनत गर्नु पर्ने, सङ्घर्ष गर्नुपर्ने, बुद्धले बुद्धित्व प्राप्तिको लागि कठिन क्रान्ति गरेको जसले गर्दा बुद्धका चेलारूपलाई सजिलो भएको भन्ने आशयले श्रम व्यभिचारी भावलाई उजागर गरिएको छ ।

**ङ) मद**

महाकाव्यका पात्रमा जाँडरक्सी, मादक पदार्थ, नसा, मानसिक विकृत, धन सम्पत्ति रूपको घमन्ड आदिबाट उत्पन्न हुने व्यभिचारी भावलाई मद भनिन्छ । जस्तै :

फलानो त नराम्रो रे ! निन्दा ईर्ष्या गरी गरी
काल कट्छ विनाकाम क्षुद्रको जिन्दगी मरी
तामसी भोजमा मांस मदिरा लागुऔषध
हिंसायुक्त त्यही बन्छ आफैं बन्दछ निन्दित । (सर्ग ७, पृ. ११२)

काव्यांशमा मद व्यभिचारी भावलाई अरूको निन्दा, ईर्ष्या गरेको बिना कामको क्षुद्र जिन्दगी बाँचेको तामसी भोजन मांस मदिरा, लागु औषध सेवन गरेमा यो नै हिंसा हो भनेर सद्गुणयुक्त जीवन जीउनको लागि कविले सन्देश सम्प्रेषण गरेका छन् । त्यसैले यहाँ मद व्यभिचारी भावको सङ्केत मिलेको छ ।

मदिरा बेच्छ वा खान्छ तुलना जो समान हो
गर्ने भन्दा गराएमा नाम चल्दछ कामको
रण्डीबाजी जुवातास जँड्याहा, राजनीति वा
राजा मन्त्री तथा सेना मुर्दाजस्तै बराबर । (सर्ग ७, पृ.११२)

बाँच्नका लागि जसले मदिरा बेच्छ, मदिराको सेवन गर्छ, त्यस्तो कार्य आफूले नगरे अरूलाई गराएमा आफ्नो बदनाम हुन्छ, रण्डीबाजी जुवातास जँड्याहा जस्ता खराब कार्य गरेमा राजा मन्त्री र सेनाको जीवन पनि मरेको मुर्दा जस्तै अर्थहिन हुन्छ ।

**च) जडता**

काव्यका पात्रहरूमा मूर्खता, अज्ञनता, अचेतनता जस्ता अवस्था आउँछन् त्यसबखत उदय हुने व्यभिचारी भावलाई जडता भनिन्छ । जस्तै :

हत्या हिंसा गरी हिंड्ने समदर्शी हुँदैन त्यो
विना उद्देश्य अर्काको हत्या गर्दछ व्यर्थ त्यो
सत्ताका प्रहरी सेना नेता निम्ति शहीद छन्
आफ्नै जात लडाएर हाँस्छन् गद्गद राक्षस । (सर्ग ११, पृ.२२१)

जडता व्यभिचारीभावले गौतम बुद्ध महाकाव्यमा रस परिपाक गराउन मह वपूर्ण भूमिका खेलेको छ । कविले कवितांश मार्फत् हिंसा गरेर हिड्ने व्यक्ति समदशीृ हुँदैन, त्यसले त अर्काको हत्या गरेको सम्मान हुन्छ । सत्तामा बसेर प्रहरी सेनाले जनतालाई आफ्नो शक्तिको दुरूपयोग गर्दा उनीरूप राक्षस जस्तै बनेका हुन्छन् भनेर मूर्खता, अज्ञनता, अचेतन जस्ता भाव पैदा गरी जडता देखाएका छन् । जसले व्यभिचारी भावको काम गरेको छ ।

**छ) उग्रता**

काव्यका पात्र उग्र, डरलाग्दो, कडा, कठोर, प्रचण्ड हुँदा उत्पन्न हुने व्यभिचारी भावलाई उग्रता भनिन्छ । जस्तै :

जग्गे मण्डपमै म गौतम हरूँ लैजाउँ आँखा छली
राखूँ जेल यशोधराकन भनी सन्ध्या बनेकी कली
उस्तै रूप धरिन् र मण्डप पसिन् सन्ध्या भनी चिन्छ को ?
आइन् क्यार यशोधरा कति छिटो शोभा छ सौन्दर्य को । (सर्ग ६, पृ. ९८)

गौतम बुद्ध हेर्दै सुकुमार, हसिँलो, सुन्दर, सुशील, दयालु र भद्र व्यक्ति थिए । सन्ध्याले उनलाई मनपराएकी थिइन् जब बुद्धको यशोधरासँग विवाह हुँदै थियो त्यस बखत सन्ध्याले बुद्धलाई जग्गे मण्डपबाटै यशोधराको आँखा छलेर लान खोजेका थिइन् र यशोधरालाई जेल हाल्न खोजेका थिइन । यस्तो उग्र रूप सबैमा हुँदैन । उग्र रूप लिँदै सन्ध्या विवाह मण्डपमा पसिन्, मलाई अब कसले चिन्छ र ? त्यस बखत यशोधरा अत्यन्तै राम्रो शोभायुक्त पहिरनमा उपस्थित भइन्, यस्तो बेला सन्ध्या झन् उग्र बनेकी छिन् । जसले उग्रता व्यभिचारीभावलाई चिनाएका छन् ।

आइन् मण्डपमा धरी छवि नयाँ आँखा सबैको जुध्यो
साँच्चै यी त यशोधरा सब भुले आएर को हो कुद्यो
शंका जन्म भयो रहस्य कुन हो आएर को फर्कियो
जग्गे बीच छ सैन्य तापनि यहाँ आश्चर्य यो के भयो ? (सर्ग ६, पृ.९८)

जब सन्ध्या विवाह मण्डममा आइन सबैको आँखा उनीसँग जुध्यो । को आयो यहाँ भनेर सबैको रहस्यले शंका जाग्यो, जग्गेमा उग्रताको भाव पैदा हुन पुग्यो । जुन भावले उग्रता व्यभिचारीभावलाई प्रमाणित गरिएको छ ।

**ज) मोह**

काव्यमा प्रस्तुत भएका पात्रमा अविद्या, अज्ञान, निर्बुद्धि, भ्रान्ति, व्यामोह, भय, चिन्ता, भुल, त्रुटि, संसारिक जन्जाल वा प्रपञ्चको आसक्तिबाट उत्पन्न हुने भावलाई नै मोह व्यभिचारी भाव भनिन्छ । जस्तै :

हामी दुर्बल छौं अचेत पनि हौं क्रोधी र लोभी हुँदा
गर्छौं शासन चेतहीन जनमा जोडेर कीर्ते फुँदा
ठूल्ठूला दरबार यी सयलका व्यर्थै गरेँ चाहना
मेरा लागि छ बाग सुन्दर यही छन् फूलका वासना । (सर्ग ३, पृ. २९)

मानिसको स्वभाव लोभी, र क्रोधी हुन्छ जसले हाम्रो चेतनालाई बन्द गर्छ र हामी दुर्बल हुन पुग्छौं । जुन चेतनाले हामीलाई अगाडि बढ्न दिँदैन । मोहरूपी नगरबाट मान्छेलाई आफूलाई टाढा राख्नु पर्छ, नत्र मानिस लोभ, मोह र क्रोधमा व्यर्थै फस्छ । यि क्षणिक बासना हुन् भन्ने आशयले मोह व्यभिचारी भाव सञ्चार भएको छ ।

**झ) विवोध**

काव्यका पात्रमा पुनः प्राप्ति हुने तरङ् वा भाव नै विवोध व्यभिचारी भाव हो । जस्तै :

ऊर्जा गौतममा निस्कियो विषई मार्गमा उठे
बोले–सत्प्रेमले हो वा रिसले यशोधरे !
तिमी पत्नी भयौ मेरी लोकका निम्ति सुन्दरी
विषई मार्गमा ल्यायौ उम्कूँ हाय ! कसो गरी ? ( सर्ग ७, पृ.१०५)

प्रस्तुत काव्यांशले तरङ्ग सृजना गरेको छ । गौतम बुद्ध आफ्नो लक्ष्यमा हिड्दा यशोधरालाई छोडिएका थिए । उनले यशोधरालाई लोकका निम्ति मेरो पत्नी बनेर आएको र आफू शान्तिको खोजीमा लागेको कुरा गरेका छन् । जसले विवोध व्यभिचारी भाव पैदा भएको छ ।

प्रियेवर पति पाऊँ एक आशा लिएथैं
झटपट तब आएँ आज सिद्धार्थ पाएँ
हृदय जति छ सङ्लो हुन्छ इच्छा तथास्तु
तर म त अब चाँडै भिक्षु यौटा हुनेछु । (सर्ग ८, पृ. १४७)

आफू भिक्षु हुन लागेको कुरा गर्दै सिद्धार्थलाई भेटेर खुशी बनेको र उसको आशा पुनः प्राप्तिमा लागेको भन्ने कुरा यस काव्यांशको भाव रहेको छ । जसले विवोध व्यभिचारी भावको काम गरेको छ ।

**ञ) स्वप्न**

महाकाव्यका पात्र निद्रा, सपना, कल्पना वा भावनामा हराउँदा उत्पन्न हुने भावलाई स्वप्न व्यभिचारी भाव भनिन्छ । जस्तै :

जोडी चखेवाको जस्तै प्रेमको साइनो बनोस्
सँगै बाचौँ सँगै नाचौँ जुनी अनि सँगै जलोस्
छाती हाम्रो सँगै गासौँ धर्ती आकाशझैँ बनोस्
नङ मासु मिलेजस्तै प्रेम स्थायी बनी रहोस् । (सर्ग ७, पृ. ११६)

प्रस्तुत काव्यांशमा चखेवाको जस्तै प्रेम जोडी बनोस्, सँगै बाँच्न पाइयोस्, धर्ती आकाश हाम्रो साथी बनोस्, नङ मासु जस्तै मिलेर प्रेम गर्न पाइयोस् भन्ने सपना देखेको हुनाले यहाँ स्वप्न व्यभिचारी भाव सञ्चार भएको छ ।

प्रेममा सत्यको तत्त्व एउटै हुन्छ शान्तिमा
शान्ति नै तृप्ति हो प्रेम अरू प्रेम छ खै यहाँ ?
मेरी प्राण म हुँ प्रेमी सम्झेको छु यशोधरा
हिंड साथै त्यजी राज्य के छ मेरा अरू कुरा । (सर्ग ७ पृ. ११६)

यहाँ यशोधरालाई सम्भँदै गौतम बुद्धले प्रेम, सत्य र शान्तिको चर्चा गरिएको छ । शाीन्त नै तृप्ति हो, अरू त यहाँ तृप्ति बढाउने कुरा नै के छ र यस्तो बेला टाढा हुँदा यशोधरालाई सम्भेको छु । यशोधरा बाहेक मेरो त्यस राज्यमा केही कुरा छैन भन्दै यशाधरालाई स्वप्नको रूपमा देखेका छन् । जसले स्वप्न व्यभिचारी भाव सञ्चार गरेको छ ।

**ट) अपस्मार**

वियोगजन्य कष्टले मूर्च्छित हुने प्रेमी वा प्रेमिकाको  अवस्था, मूर्च्छा पर्ने रोगजन्य अवस्थालाई अपस्मार भनिन्छ । महाकाव्यमा विभिन्न सर्न्दभमा अपस्मार व्यभिचारी भावको उदय भएको पाइन्छ । जस्तै :

बढ्यो व्यथा जो अति कष्टदायक
मरैँ म ऐथ्या ! नजिकै छ संकटा !
खपिन् सबै ती जुन कष्ट आउँछ
व्यथा छ के त्यो ? अब निस्कुँ ! च्याउँछ ! (सर्ग ८, पृ. १५१)

वियोग बेला मानिसले दुःख, कष्ट, मुर्छा अथवा रोग जन्य सङ्कटको सामना गर्नुपर्दछ । माथिको काव्यांशमा कविले कष्टदायी व्यथा बढेको, मरे म **अय्या** भनेर आफूलाई दुःखी महशुस गरेका छन् । जसले अपस्मार व्यभिचारी भावको सञ्चार गरेका छन् र काव्यलाई रस परिपाक गर्नमा सहयोग पुऱ्याएको छ ।

भईन् कि वेहोस त्यहाँ यशोधरा
सुपुत्र जन्म्यो सुरिलो छ च्याँकर
उता चराको चिरबिर्र चिर्बिर
यता नयाँ त्यो शिशुको छ च्याँकर ! (सर्ग ८, पृ.१५१)

जब यशोधराले राहुलको नामको छोरालाई जन्म दिइन् । ऊ अति सुरिलो स्वरमा च्याँच्याँ गर्दै रोयो । त्यसबेला चरारूपको चिरबीर आवाज पनि सुनियो जुन चरा र बालकको उस्तै-उस्तै स्वर लाग्थ्यो भने यशोधरालाई पीडा भएर बेहोस अवस्थामा बाँच्नु परेको हुनाले अचेत थिइन् । यति बेला अपस्मार भावको सञ्चार भएको छ ।

**ठ) गर्व**

महाकाव्यका पात्रमा कुनै ठूलो काम, वस्तु प्राप्त हुँदा सेखी, अभिमान, अहमत्याइँ उत्पन्न हुँदा गर्व व्यभिचारी भावको उदय हुन्छ । जस्तै :

युद्धको अन्तका निम्ति कष्ट भोगेर बुद्धले
शान्ति दर्शन पैल्याए नौला अद्भुत क्रान्तिले
त्यस्तै व्यक्ति भए अर्का परिवर्तित भावका
कार्ल मार्क्स बने दोस्रो पहिलो बुद्ध विश्वका । (सर्ग १, पृ. १२)

महामानव गौतम बुद्धले जीवनमा अत्यन्तै ठूलो काम गरे । उनको काम हाम्रा लागि गर्व गर्ने खालको छ । तर बुद्धले यसमा कुनै घमण्ड देखाएका छैन । यस्तो क्रान्ति दुनियामा अरू कसैले गरेका छैन । यसले संसारका मानिसका सोचमा परिवर्तनका क्रान्ति ल्याइएका छन् । यो गर्व गर्न लायकको विषय छ । यस्तै अर्का व्यक्ति कार्ल मार्क्स पनि हुन् भनेर कविले चिनाएका छन् । जुन कुराले हामीलाई गर्व लाग्छ ।

नेपाली वनमा बुद्ध चिर्बिराई चरासित
नेपाली छहरासाथ सुसेल्दै छन् मजासित
कहाँ मर्छन् यहाँ बुद्ध घरमा छन् किसानका
श्रमीप्यारा महाबुद्ध हेर संघर्षका कथा । ( सर्ग १, पृ. १२)

संसारको सुन्दर देश नेपालमा गौतम बुद्ध जस्तो व्यक्तिको उदय हुनु सानो तिनो गर्वको कुरा होइन । बुद्धको नाम लिँदा चराचुरुङ्गीले  चिरबीर गरेजस्तो नेपाली चराले सुशेली जस्तो हामीलाई गर्व र खुशी महसुश हुन्छ । बुद्धको नाम सबै नेपाली र किसानको घरमा समेत चलेको छ । यो त्यसै भएको होइन । यो गौतम बुद्धले गरेको सङ्घर्ष, त्याग, बलिदानको कथा हो । जुन कुरा सम्झदा हामी अरूलाई गर्व लाग्छ । जसले गर्व व्यभिचारीभाव पैदा गरेर काव्यलाई रस परिपाक गर्न सहयोग गरेको छ ।

**ड) मरण**

जीव जन्तु पशु प्राणी आदिको देहान्त, निधन, वियोगले मरणासन्न हुने अवस्थामा मरण व्यभिचारी भावको उदय भएको छ । जस्तै :

बोलेन आत्मा अब बुद्ध छैनन्
हे बुद्ध भन्दै सब शोक गर्छन्
आनन्द रोए अनुरूद्ध रोए
नदी बगे आँसु झरी बगाए । (सर्ग १२, पृ. २४२)

बियोग र पीडा हुँदा हृदयमा करुण रस पैदा हुन्छ । यसको लागि मरण व्यभिचारी भावले सहयोग गरेको हुन्छ । जब गौतम बुद्धले महापरिनिर्वाण प्राप्त सबै भिक्षुरूप शोकमा डुबेका थिए । यो शोकले उनीरूप घायल थिए । बुद्धलाई बोलाउन कयौं चोटि कोशिस गरे, बुद्ध बोलेनन्, भिक्षु आनन्द पनि रोए, अनुरूद्ध पनि रोए र उनीरूप रोएर आँशुको नदी बगे । आँशुको झरीले बनेको नदी जस्तै मनभरि पीडारूप भरिए । जसले मरण सञ्चारी भावलाई प्रस्तुत गर्दछ । त्यसैले यो व्यभिचारी भाव बन्न पुगेको छ । जसले महाकाव्यमा करुण रस उचाईमा पुऱ्याएको छ भने बौद्ध मार्गीलाई स्तब्ध तुल्याइएको छ ।

**ढ) आलस्य**

काव्यका पात्रको कार्य शैलीमा आउने अल्सीपन, सुस्ती, वेवास्था, ढिलासुस्ती नै आलस्य व्यभिचारी भाव हुन् । जस्तै :

वास्था केही कुनै छैन भुल्दैनन् खेलमा कुनै
मुद्रा गम्भीर नानीको गर्छन् चुम्बन फूलमै
छली आँखा सुसारेका पिता माता तथा यता
साथी सङ्गीसँगै खेल्ने छली हिड्छन् यताउता । ( सर्ग ५, पृ.५४)

प्रस्तुत काव्यांशमा कविले काम गर्नको लागि छल्ने अल्छी गर्ने र माता पिता सुसारेको आँखा छलेर आफ्नो साथी भाईसँग रमाएका छन् र आफ्नो जिम्मेवारी पुरा गरेका छैनन् भन्ने चर्चा गरेका छन् । जसले आलस्य व्यभिचारी भावलाई प्रमाण गरेको छ ।

**ण) अमर्ष**

काव्यका पात्रमा अर्काको असल कुरा नसहने प्रवत्ति, वैरभाव, ईर्ष्या वा डाह नै अमर्ष व्यभिचारी भाव हो । जस्तै :

सन्ध्या छट्पटसाथ विस्मित थिइन् मेरा हऊन् गौतम
पक्री थुन्नु यशोधरा म कसरी ? त्यसको बिगारूँ मन
थालिन् रच्न अनेक कूट तिनले जासूसका साथमा
आफ्ना सैनिक साथ जासुस छरिन् एकान्त एकान्तमा । (सर्ग ६, पृ. ९६)

काव्यांशमा सन्ध्याले गौतम बुद्धसँग विवाह गर्न नपाएको  तर यशोधराले विवाह गरेको कारण उनलाई यशोधरासँग ईर्ष्या र जलन भएको छ । त्यसपछि उनले अनेक कूटील चाल चलेकी छिन् । यशोधरालाई छलेर गौतम बुद्धलाई आफ्नो बनाउन उनले सैनिक र जासुसलाई परिचालन गरेका छन् । यसबाट उनको मनमा भएको वैरभाव, डाह, लोभ बुझ्न सकिन्छ । जसले काव्यमा अमर्ष व्यभिचारी भावको काम गरेको छ ।

चाँडै पक्र यशोधरा जगतमा मारी कतै फाल्दिनू
मेरो गौतम प्राण प्यारसँगमा जग्गे छिटै गर्दिनू
सन्ध्याले सबतर्फ जासुस छरिन ती नायिका निम्तिमा
ज्यादै चङ्ख यशोधरा पनि थिइन् जासूस सामीप्यमा । (सर्ग ६, पृ.९६)

सन्ध्याले सेना र जासुसलाई यशोधरा पक्रेर मार्नु र कतै लगेर फ्यालिदिनु, म मेरो प्राण प्यारासँग जग्गेमा बस्छु भनेर बनाएको योजनाले उनको मनमा उत्पन्न भएको डाहा, लोप, छट्पटी, क्रोध भावलाई प्रमाणित गरेको छ । जसले अमर्ष सञ्चारी भावको काम गरेको छ ।

### त) निद्रा

काव्यका पात्रमा चेत हराएको अवस्था, निद,स्वप्न, सपना देख्ने समय, शरीर शिथिल भएको बखत उदाउने भाव निद्रा व्यभिचारी भाव हो । जस्तैः

निद्राका वशभित्र गौतम हुँदा ती नर्तकी लाजले
सुत्छन् गौतम साथैमा चुप रही गर्दै कुरा सासले
पल्टेका सब दृश्य अद्भुत बन्यो नाङ्गै थिए नर्तकी
उत्तानो कति ठिङ्ग हेर बिचरी ! पालो बसे के गरी ? (सर्ग ८, पृ. १६०)

प्रस्तुत काव्यांशमा गौतम साथमा रहेर नर्तकीले लाज मानेका छन् । नाङ्गा नर्तकीरूप बसिरहेको बखतमा सिद्धार्थ गौतम निन्द्रा अवस्थामा थिए । जसले व्यभिचारी भावको सङ्केत गरेको छ ।

कोल्टेका कति ओल्टिने कति थिए नाङ्गी भुतुङ्गी कति
ओहो ! नग्न शरीर जाग्दछ घृणा तिन्मा थियो दुर्गति !
लामो सास लिएर कामुक बनी घुर्दै रहेका कति
निद्रामा कति त्रासमा कति थिए ती कामिनी नर्तकी । (सर्ग ८, पृ.१६०)

सिद्धार्थ गौतम निद्रामा रहँदा नर्तकीरूप नाङ्गी भुतुङ्गी भएर बुद्धको शयन कक्षमा आएका थिए । जसले बुद्धलाई लोभ मोह पैदा गर्न खोजिएका थिए । तर सिद्धार्थ यि कुनै कुराको वास्ता नगरी निन्द्राको अवस्थामा थिए । यसले निन्द्रा व्यभिचारीभावलाई सञ्चार गरेको छ ।

**थ) अवहित्था**

काव्यका पात्रमा भय, लज्जा, गौरव आदि कारणबाट आफूमा भएको हर्ष वा उल्लास लुकाउने अवस्थामा उदाउने भाव नै अवहित्था व्यभिचारी भाव हो । जस्तै :

ठीकै हो म विवाह गर्छु अहिले सञ्चार यो भन्दिनू
आइन बस्न यशोधरा दिल खिँची अन्माउनू भन्दिनू
इच्छा पूर्ण बनोस् पिता र जननी अज्ञानका लोक यी
खाऊन् टन्न भतेर उत्सव गरी इच्छा भएको जति । ( सर्ग ६, पृ. ९३)

माथिको काव्यांशमा इच्छा पुरा बनोस्, तन्न खाउन, उत्सव मनाइयोस् भन्ने सन्दर्भले गौरवको अनुभुति हुन्छ । त्यसबखत अवहित्था व्यभिचारी भावको उत्पन्न भएको छ । यशोधराले दिल खिच्दा म विवाह गर्छु भनेर तयार हुँदा दरबारका अन्य व्यक्तिरूप खुशीले भित्रभित्रै गौरव महशुस गर्न पुगेका छन् र अवहित्था सञ्चार भएको छ ।

**द) औत्सुक्य**

काव्यका पात्रमा विभिन्न परिस्थिति अनुसार उत्कण्ठा एवम् उत्सुकता जस्ता जिज्ञासा पैदा हुँदा देखापर्ने भावलाई औत्सुक्य व्यभिचारी भाव भनिन्छ । जस्तै :

बन्ने छ कस्तो शिशुको भविष्य
यो चेतनाले छ निक्कै रहस्य !
जे माग्दछौ दिन्छु तिनै विलास
योगी बताऊ शिशुको भविष्य । ( सर्ग ४, पृ. ४७)

प्रस्तुत काव्यांशमा उत्सुकता व्यभिचारी भाव गराउन कस्तो शिशु जन्मेको होला, कस्तो भविष्य होला भन्ने रहस्यले सबैलाई छोएको छ । दरबारका सुसारे, पण्डित, हेरालु सबैले योगीलाई उसको भविष्य बताउन भन्दै उसको अगामी दिनको घटनालाई लिएर उत्सुक्ता पैदा भएको छ । यस बेला यहाँ औत्यसुक्य व्यभिचारी भाव आएको छ ।

उज्याली चन्द्रमा जस्ती बल्दी धप्धप तेजकी
सुनायो नाम कल्ले त्यो बन्दैछिन् भक्त बुद्धकी
माताका साथमा बस्दा पिताका काखमा छँदा
भरे रोज्नू तिमीले जो योग्य सिद्धार्थ हुन् वर । (सर्ग ५,पृ.६६)

**ध) उन्माद**

काव्यका पात्रमा देखापर्ने मानसिक रोग, पागलपन, बहुलट्टीपन, शोक, वियोग आदिले चित्त विभ्रम हुन पुग्ने अवस्थालाई उन्माद व्यभिचारी भाव भनिन्छ । जस्तैः

को हो रून्चे शिशु कुन छ यो कुञ्जको भित्रभित्र
योगी आयो अझ अझ यतै बाल देख्यो विचित्र !
रोएको त्यो धरधर कठै ! भोकतिर्खा खपेर
काँडाघारीसित लडिबुडी ध्यार्र छन् वस्त्र हेर । ( सर्ग १०, पृ.१९६)

प्रस्तुत काव्यांशमा बालकले रोएको विचित्र स्वभाव देखाएको लडिबुडी गरेकोले मानसिक रोगी हो कि पागलपन पो हो कि जस्तो आभास भएकाले यहाँ उन्माद व्यभिचारी भाव आएको छ ।

**न) शङ्का**

काव्यका पात्रमा केही अनिष्ट होला कि भन्ने डर, आशङ्का, सन्देश ,द्विविधा, धरमर, दोधार जस्ता अवस्थामा देखा पर्ने भाव नै शङ्का व्यभिचारी भाव हुन् । जस्तै :

'लग्यो रे कागले कान' होल्लैमा दगुर्दछ
त्यल्ले उन्नती गर्दैन सधै शासित बन्दछ
अप्ठ्यारा जोखिमी काम उद्देश्यैनिम्ति गर्दछ
तिनै विजयमा पुग्छन् अझै साहस बढ्दछ । (सर्ग ५, पृ.६३)

माथिको काव्यांशमा कागले कान लग्यो कि लगेन त्यसको पछि लाग्दा अप्ठ्यारो र जोखिममा परिन्छ । यस्तो शङ्खाले उद्देश्य पूरा हुँदैन भन्ने सन्देश पुगेको छ । त्यसैले यहाँ शङ्खा, व्यभिचारी भाव निष्पत्ति भएको छ ।

बसेका खोपीमा वरपर कतै देख्न नसकी,
परे छक्कै यस्तो नजरसितको दृश्यसित ती
कुनै बूढो मान्छे लुगलुग गरी काम्दछ घरी
चिनेनन् को हो त्यो ? किन यसरी वृद्धपगरी ? (सर्ग ८, पृ.१३३)

यहाँ खोपीमा बसेको हो कि, वरपर गएको यस्तो छक्क पार्ने दृश्यले गर्दा बुढो मान्छे कहिले काम्दछ, कहिले चिन्दैन यस्तो हुँदा उसको मनमा विभिन्न किसिमका शङ्का भाव उत्पन्न भएको छ । जसले व्यभिचारी भावलाई सङ्केत गरेको छ ।

**प) स्मृति**

काव्यका पात्रमा स्मरण हुनु, सम्झना वा हेक्का रहनु , धर्म, दर्शन, आचार, व्यवहार, शासन बारेमा याद भन्ने भाव नै स्मृति व्यभिचारी भाव हो । जस्तै :

बाटो सानो अलिपर थियो भिक्षु यात्री शिकारी
हिंड्ने गर्थे दिनकर छँदा ढुक्क छाती फुलाई
गोरेटोमा नजर शिशुको घुम्न थाल्यो बिचारी
त्यो बेलामा सुरूसुरू यतै एक आयो भिखारी । (सर्ग ९, पृ. १९६)

बाटोमा हिड्ने यात्रुरूप भिक्षु बसेको याद गर्छन् । छाँती फुलाई यात्रा गरेको सम्झन्छन् । गोरेटोमा शिशुले घुम्न थालेको विचार गर्छन् । यो एक खालको विगतको सम्झना हो । यस्तो हुँदा यहाँ स्मृति व्यभिचारी भाव सञ्चार भएको छ ।

मेरा बाबा वनतिर गए शान्त एकान्त ठाउँ
भिक्षा थाप्छन् सबतिर डुली यी चहारेर गाउँ
बाबा खोज्नैकन वन पसेँ राहु मेरो छ नाम
वस्ती मेरो कपिलपुर हो लुम्बुनी वासधाम । (सर्ग ९, पृ.१९६)

राहुलले बाबा सिद्धार्थलाई एकान्त ठाउँमा बस्न गएको सबै तिर डुलेर भिक्षा मागेको आफु कपिलपुरमा बस्ने गरेको भन्ने याद गरेका छन् । जसले स्मृति व्यभिचारीभाव सञ्चार गरेको छ ।

**फ) मति**

काव्यका पात्रले अरूलाई ज्ञान, बुद्धि समझ, राय, मत वा सम्मति दिँदा उत्पन्न हुने भावलाई मति व्यभिचारी भाव भनिन्छख । जस्तै :

लौ हाँस्नु पर्छ सबले बह दुःख बिर्स
माग्छौ म दिन्छु सब चीज छ जो सहस्र
शुद्धोद्धनै यति भनिकन हाँस्न थाले
हाँस्छन् सबैजनहरू रमिता मजाले । ( सर्ग ६, पृ.८१)

प्रस्तुत काव्यांशमा हामीले हाँस्न पर्छ, दुःख पीर बिर्सनु पर्छ, मागेको चिज दिनु नि पर्छ भन्ने विचार राख्दा सबैजना मज्जाले हाँसेको पनि पाइन्छ । यसले यहाँ मति वा समझदारी भावको सञ्चार भएको पाइन्छ ।

**ब) व्याधि**

काव्यका पात्रमा वदेना, पीडा, शारीरिक मानसिक रोग,व्यथा, सङ्कट आदि समस्याले सताएको अवस्थामा प्रकट हुने भावलाई व्याधि व्यभिचारी भाव भनिन्छ । जस्तै :

लाग्यो रोग शरीर वृद्ध अहिले भिक्षा भनी के हिँडून्
कस्छन् आसन वृक्ष पीपलमुनी ती दुःख सास्ती खपून्
रोगी, वृद्ध तृतीय दृश्य सबको चारौं भयो सन्तको
चारौं दृश्य स्वयम् छु आज म यहाँ इच्छा भयो पूर्ण जो । ( सर्ग १२, पृ. २३६)

प्रस्तुत काव्यांशमा शरीरमा रोग लागेको, पीपल मुनि बस्दा साख्ति खप्न परेको, चाँडै तिर अप्ठ्यारामा परेको रोगी वृद्ध, सन्त सबैलाई कठिन अवस्था आएको भन्ने सञ्चारी भावले व्याधि व्यभिचारी भाव पैदा गरेको छ ।

ऐले वृद्ध भए उमेर सकियो बूढा असी बर्षका
सारा शिष्यहरू जुटे सब तिनी सेवासुसारे यता
आए राहुल वृद्ध बाबु नगिचै सेवा गरौं के भनी
यौटा शान्त समाज सिर्जित गरेस् भेला गरी सद्गुणी । (सर्ग १२, पृ. २३७)

प्रस्तुत काव्यांशमा गौतम बुद्ध असी वर्ष पुग्दा आफू वृद्ध भएको र उमेर सकेको कुरा गर्छन् र राहुललाई बाबुको नजिकै बसी सेवा गर्न भन्दछन् । यस बेला मानसिक र शारीरिक व्याधि व्यभिचारी भावको सञ्चार भएको छ ।

**भ) त्रास**

महाकाव्यका पात्रमा झस्कँन पैदा हुँदा, डर, भय, अत्यास, झस्को, धक, सङ्कोच अवस्थामा उत्पन्न हुने भावलाई त्रास व्यभिचारी भाव हो । जस्तै :

गन्हाएको ज्यादा जियभरि बगी पीप रगत
रूघाखोकी, टी.बी. सबसित झुकी बोल्छ फगत
मरेँ ऐथ्या ! चाँडो लग प्रभु चुँडी प्राण पवन
ज्वरो आयो खप्नै सकिन म मरेँ बाँच्न सकिनँ । (सर्ग ८, पृ.१३७)

माथिको काव्यांशमा शरीर गनाएको जीउ भरि रगत र पीप बगेको रुखाखोकी, टी.बी. ले सताएको मरे अय्या भन्दै प्रभुसँग प्राण त्याग गर्न अनुरोध गरेको, ज्वरो आएर खप्न नसकी छट्पट गरेको अवस्थाले डर वा भय उत्पन्न हुँदा त्रास व्यभिचारी भाव सञ्चारी भएको छ ।

सखे, को मान्छे यो ? किन त यसरी रून्छ बिचरो ?
छ जो पीडादायी हरकिसिमको डाहसित यो
प्रभु ! रोगी मान्छे यिनसित डाह छ अब
मरी जानेबेला पनि भइसक्यो चक्र छ सब । (सर्ग ८, पृ. १३८)

माथिको काव्यांशमा रोएको देखेर डाहाले पीडा भएको छ । मर्ने बेलामा दुःख चिन्ता र डाहा भएको हुनाले त्यहाँ त्रास व्यभिचारी भावको सञ्चारी भएको छ ।

**म) व्रीडा**

काव्यका पात्रमा लाज, लज्जा, सरम, असजिलोपना हुँदा उत्पन्न हुने भावलाई व्रीडा व्यभिचारी भाव भनिन्छ । जस्तै :

नाङ्गै प्रर्दशन हुने तरूनी हजार
संकोचले सब लुके नगरेर लुके
सध्या थिईन् मनमनै म बिहा गरूँ कि
सिद्धार्थ प्यार तर प्रेम यशोधारा की । (सर्ग ६, पृ.९०)

प्रस्तुत काव्यांशमा सिद्धार्थ आफ्नो चयन कक्षमा बस्दा नाङ्गै आएका तरुनीरूपले उनलाई तनाब दिएका छन् । यसले गर्दा उनी सङ्कुचले मुख छोपेर सुतेका छन् । सन्ध्याले सिद्धार्थसँग विवाह गर्ने प्रस्ताव गरेकी छिन् । यसले गर्दा सिद्धार्थलाई सरमले छोएको छ र व्रीडा व्यभिचारी भावको सञ्चार भएको छ ।

**य) हर्ष**

महाकाव्यका पात्रलाई चिताएको कुरा पुग्दा वा चाहेजस्तो कुनै काम बन्दा मनमा हुने आनन्द, प्रसन्नता वा खुशीयाली नै हर्ष व्यभिचारी भाच हुन् । जस्तै :

सुहागरात भो अन्त दुलहान फिराइयो
साथसाथै रमाएका प्रेम तृष्णा अझै बढ्यो
वित्यो एक दुई मास तीन चार हुँदै गयो
दशमास भयो चाँडै आयो प्रसुति काल त्यो । (सर्ग ७, पृ. १२८)

प्रस्तुत काव्यांशमा रानीसँग सुहागरात मनाउँदा र दश महिना पछि प्रसुति काल आउँदा खुशी र हर्षको सञ्चार भएको छ । यस्तो बेला उत्पन्न हुने भाव नै हर्ष व्यभिचारी भाव हो ।

बुहारी गर्भ बोकेकी छेउ आइन् प्रजापती
छोरै जन्मोस् थियो चाह सुसारेसाथ एक ती
विषयी मार्गमा लागे हाम्रा राजकुमार रे !
हल्लाखल्ला भयो चर्चा रमाए सुप्रबुद्ध रे ! (सर्ग ७, पृ.१२८)

प्रजापतिले बुहारीलाई बुहारी गर्भ बोकेकी छौं, छोरो जन्मोस् त्यो ऊ जन्मेर सांसारिक मोह र मायामा फसोस्, उसलाई राजकुमार भन्न पाइयोस् भन्ने हल्ला चल्ला त्यहाँ उपस्थित सबैलाई हर्ष व्यभिचारी भावको सञ्चार भएको छ ।

**र) असूया**

काव्यमा पात्रका ईर्ष्या, डाह, डाढ, रिस, इबी, अर्काको गुणमा दोष देखाउने अवस्था आउँदा असूया व्यभिचारी भाव उत्पन्न हुन्छ । जस्तै :

सारा लोक खुशी थिए तर उता सन्ध्या थिइन् तापमा

थालिन् रच्न अनेक कूट तिनले साथी सँगातीसँग
मेरा निम्ति यशोधरा अरि बनी सिद्धार्थका छेउमा
मैले पर्दछ जानु झट्ट अहिले त्यस्तो बिहे रोक्नमा । (सर्ग ६, पृ. ९१)

सन्ध्यालाई सिद्धार्थसँग विवाह गर्ने ठूलो धोको थियो । तर यशोधरा भने सिद्धार्थसँग विवाह गर्न सफल भइन् । यसले गर्दा सन्ध्याको मनमा यशोधराप्रति  रिस, इबी, ईर्ष्या, डाहा जस्तो भाव उत्पन्न भएको छ । जसलाई असूया व्यभिचारी भाव भनिन्छ ।

जुर्ने साइत लग्नका समयमा रच्दै नयाँ कूटले
फक्रौ झट्ट यशोधरा र सजिलै ब्यौली त सन्ध्या हुने
सन्ध्याका परिवारमा र उनका साथीहरूले पनि
यो सल्लाह दिए छ गोप्य रहनू हुन्थे कुरा तापनि । (सर्ग ६, पृ.९१)

सन्ध्याले सिद्धार्थसँग विवाह गर्न अनेक चाल चलेकी थिइन् । यी चालरूप सफल हुन सकेनन् । जसले गर्दा उनलाई ईर्ष्या र जलन उत्पन्न भएको छ । उनले चलेको चाल गोप्य राख्न भन्दै उसको साथीरूपलाई सिकाएका थिइन् । तर उनी षड्यन्त्र सफल बनाउन सकिनन् । जसले गर्दा असफल भईन् । त्यसैले यहाँ असूया व्यभिचारी भाव उत्पन्न भएको छ ।

**ल) विषाद्**

काव्यमा पात्रका मनले सोचेको, चाहेको वा आशा गरेको कुरो नहुँदा, नपुग्दा हुने दुःख खिन्नता, नैराश्य, दिकदानी, बिस्मात नै विषाद् व्यभिचारी भाव हो । जस्तैः

कहाँ हराए अथवा कता छन्
तिमी त आयौ तर फर्किएनन्
रोएर शुद्धोदन झन् कराए
कता गए गौतम छन्न आए । (सर्ग ९, पृ. १६८)

प्रस्तुत काव्यांशमा सिद्धार्थ गौतमले घर छोडी हिँड्दा राजा शुद्धोदनको इच्छा तथा आशा पुरा हुन सकेको छैन । त्यसैले उनलदे सिद्धार्थलाई कता हराएका छन्, कता गएका छन्, भन्दै कराए । यस्तो बेला उनले चाहेको र आशा गरेको कुरा पुरा हुन सकेनन् । जसले गर्दा काव्यमा विषाद् व्यभिचारी भावको उदय भएको छ ।

छाडेर टाढा किन बस्तछौ हे
आई मलाई लग साथमा हे !
खोजी पहेँला वस्त्र पैह्रिन्
भै योगिनी नै अनि भुल्न थालिन् । ( सर्ग ९, पृ. १६९)

प्रस्तुत काव्यांशमा यशोधराले मलाई छोडेर किन टाढा गयो भन्दै पीडा व्यक्त गरेका छन् र पहेँलो वस्त्र पहिरेपछि उनको मनमा पीडा उत्पन्न भएको छ । उनले चाहेको कुरा पूर्ण हुन सक्ने अवस्था छैन । यस्तो बेला काव्यमा विषाद् व्यभिचारी भावको उदय भई रस परिपाकमा सहयोग पुऱ्याएको छ ।

**व) धृति**

काव्यका पात्रले समाउने क्रिया, ग्रहण गर्ने काम, स्थीरता, अचलता, धारण गर्ने भाव, गुण वा शक्ति, धैर्य, धीरता नै धृति व्यभिचारी भाव हो । जस्तै :

ज्यादै भएँ छट्पट के बिराएँ ?
सिद्धार्थ पाएँ तब मुक्ति पाएँ !
हे रोग क्रोधी अनि काल तेरो
विरूद्ध लड्ने शिशु बुद्ध हो यो । ( सर्ग ४ पृ.३८)

प्रस्तुत काव्यांशमा बुद्ध जस्तो सालिन स्थीर र मुक्तिको बाटोमा हिँडेको पात्रोलाई भेटेपछि छट्पटाएको व्यक्ति पनि गुणवान् र धृरता जस्ता स्वभावले भरिपूर्ण हुन्छ भन्ने सन्देश लुकेको पाइन्छ । यस बखत यहाँ धृति व्यभिचारी भावको सञ्चार भएको छ ।

**श) चपलता**

बठ्याइँ, पात्रमा देखापर्ने राग द्वेषबाट हुने अस्थीरताका गुण प्रकट हुने अवस्थामा चपलता व्यभिचारी भावको उदय हुन्छ । जस्तैः

व्यर्थैको घरवारनिम्ति झगडा षड्यत्रको जाल हो
मेरा निम्ति अनेक कूट रचिए मैले सहेँ धन्य हो

सारा यी तप भङ्ग गर्न यिनले षड्यत्रले कूटले !
लागे बन्धनभित्र बाँध्न अहिले भन्छन् बिहे गर्दिने । (सर्ग ६, पृ.९२)

प्रस्तुत काव्यांशमा घर झगडा बनाउनका लागि सन्ध्याले विभिन्न षड्यन्त्र गर्छिन् । उनले चाहेको कुरा प्राप्त नहुँदा राग, द्वेष उत्पन्न पुगेको छ । यस्तो अवस्थामा चपलता व्यभिचारी भाव उत्पन्न हुन पुगेको छ ।

**ष) ग्लानि**

महाकाव्यका पात्रमा पछुतो, खेद, शारीरिक वा मानसिक शिथिलता हतोत्साह अवस्थामा ग्लानि व्यभिचारी भावको उदय भएको छ । जस्तै :

व्यर्थैको घरवारनिम्ति झगडा षड्यन्त्रको जाल हो
मेरा निम्ति अनेक कूट रचिए मैले सहैं धन्य हो
सारा यी तप भङ्ग गर्न यिनले षड्यन्त्रले कूटले !
लागे बन्धनभित्र बाँध्न अहिले भन्छन् विहे गर्दिने । (सर्ग ६, पृ.९२)

गौतम बुद्धलाई विवाह गर्ने भित्रैबाट मन थिएन । तर उनलाई सबैले विवाह गर्न बाध्य बनायो । यस्तो बेला उनलाई ग्लानि महशुस भएको छ र ग्लानि व्यभिचारी भावको उदय भएको छ ।

मेरा निम्ति हरा झाडी हराहीन उजाड छ
हरियाली सुकेको छ नदी झर्ना विषाद छ
आफ्नो रूप स्वयम् हेरी पश्चात्ताप छ फूलमा
मेरो सौन्दर्य के काम एक्लीएकी छ बैंसमा । (सर्ग ७, पृ. १०४)

प्रस्तुत काव्यांशमा यशोधराले आफू विषाद् नदी झर्ना जस्तो भएको, पश्चात्तापमा परेको, बैंसमा पनि एक्लै भएको जस्ता कुराले उनीभित्र ग्लानी व्यभिचारी भावको सञ्चारी भएको छ ।

**स) चिन्ता**

महाकाव्यका पात्रमा चिन्तन, शोक, पिर, सुर्ता समस्याले सताएको अवस्थामा चिन्ता व्यभिचारी भावको उदय भएको छ । जस्तै :

एकान्तमा बसी आफ्नै भावनामा हराउँदै
के भेट्छौ भन है बुद्ध जिय सारा सुकाउँदै
आँखा चिम्लेर देख्दैछौ सपना प्रेम सुन्दर
आखिरी मौनता बस्दा भेटिने वस्तु के छ र ? (सर्ग ५,पृ.६८)

बुद्धलाई काव्यमा एक्लै नबस्न, भावनामा नहराउन भोकै नबसस्नु र जीउ नसुकाउन यसरी आँखा चिम्लेर सुन्दर सपना देख्न भन्दै सम्झाउँदा सम्झाउने व्यक्तिको मनमा चिन्ता उत्पन्न भएको छ । यसरी चिन्ता व्यभिचारी भावलाई सञ्चार गरेको छ ।

**ह) तर्क**

महाकाव्य पात्रमा अड्कल, अनुमान, खण्डन, युक्ति, बहस, वादविवाद वा कल्पना गर्ने सामर्थ्यलाई तर्क भनिन्छ । जस्तै :

कविका वज्रका चोट पर्दैनन् भन्न मिल्छ र ?
आगाको छेउमा राख्दा घिउ ठोसै रहन्छ र ?
मृगका फौजमा हुन्छन् शान्त धावक शावक
तर हिंसामुखी सिंह पसे पर्दछ आपत । (सर्ग ७, पृ.१२०)

कविलाई वज्रका चोट पर्दैन भन्न मिल्दैन । उसलाई पनि बज्रका चोट पर्छन् । आगाको छेउमा घिउ राख्दैमा घिउ ठोस बस्न सक्छ र ? भनेर प्रश्न सोधछन् । मृगको खोजमा नडौडीकन मृगको बच्चा बस्न सक्छ र ? भन्ने तर्क वितर्क हुन्छ । तसर्थ यहाँ तर्क व्यभिचारी भावको उदय भएको छ र काव्यमा रस परिपाक हुन पुगेको छ ।

बताऊ को हुन् यी ? घरजम छ वा छैन यिनको ?
सुनाऊ गर्छन् के ? घर थर छ के छन् ? भन यो
प्रभो ! बूढा मान्छे यिनसित कुनै शक्ति र घर
न वा धन्धा केही न त छ यिनमा नाम र थर । (सर्ग ८, पृ.१३३)

माथिको काव्यांशमा घरजम छ कि छैन भन्ने तर्कपूर्ण प्रश्न गरिएको छ । नाम, थर के हो भनेर प्रश्न गरिएको छ । छ कि छैन भनेर पनि सोधिएको छ । बुढो मान्छेसँग कुनै शक्ति हुन्छ र भनेर प्रश्न गरिएको छ । त्यसैले यहाँ सवाल जवाफको अवस्था सृजना भएकोले तर्क व्यभिचारी भाव उत्पन्न भई काव्यमा रस परिपाक बनाउन सहयोग पुऱ्याएको छ ।

यिनी हामीजस्तै मन र बलका खै त वयका ?
सबै यस्तै हुन्छन् कि भन त सखे ! देशभरका
यिनीजस्तै बूढो थरहर भरे हुन्छु म पनि ?
नबने बूढो यो छ कि कहिँकतै औषधि पनि ? (सर्ग ८, पृ.१३४)

माथिको काव्यमा हामी जस्तै अरू मन र बलका खै त धनी ? भन्दै प्रति प्रश्न गरिएको छ । के अन्त देशमा पनि यस्ता मान्छे हुन्छन् त ? भनेर सोधिएको छ । बूढो नहुने औषधी कतै पाइन्छ कि पाइदैन ? भनेर तर्क वितर्क गरिएको छ । त्यसैले यहाँ तर्क व्यभिचारी भाव उत्पन्न भएको छ ।

## २.६ गौतम बुद्ध महाकाव्यमा अङ्गी रसको विश्लेषण

गौतम बुद्ध महाकाव्य शम स्थायी भाव भएर शान्त रस परिपाक भएको महाकाव्य हो । यसमा ऐतिहासिक पात्र गौतम बुद्ध र उनले बाँचेको समाज, सोच, व्यवहार, जीवन दर्शन आदि विषय काव्यको आधारशिला हुन् । काव्यमा विभाव, अनुभाव र सञ्चारीभावले स्थायी भाव निर्माण गर्दछन् । यस्तै *गौतम बुद्ध* महाकाव्यमा पनि विभिन्न भावहरूलाई अनिवार्य तत्त्वको रूपमा स्वीकार गर्दै रतिभाव, उत्साहभाव, क्रोधभाव, घृणाभाव, शोकभाव, भयभाव, समभाव र वात्सल्यभाव आदि प्रयोग गरेको पाइन्छ । जसले विविध किसिमका काव्य रस निष्पत्ति गराएको छ । जसमा गौतम बुद्धका बुबाको विवाह, बुद्धको जन्म, बाल्यकाल, उनको विवाह, पुत्र लाभ, गृह त्याग, ध्यान, बुद्धत्व प्राप्ति, बौद्ध दर्शनको प्रचार एवम् महापरिनिर्वाण सम्मका विविध घटना र परिस्थितिलाई विविध रस भावमा प्रस्तुत गरिएको छ ।

गौतम बुद्धको जीवनी  र बौद्ध दर्शनको उदयमा आधारित विषयवस्तु भएकाले यस महाकाव्यको उठान, विस्तार र निष्कर्षसम्म करुणा एवम् मैत्रीभावमा आधारित शान्त रस नै महाकाव्यको मूल रस बनेको छ ।

## २.७ निष्कर्ष

रस तत्वका हिसाबले महाकाव्यलाई चिनाउनु पूर्व रसको सामान्य परिचय गरिएको छ । रसको विभिन्न सन्र्दभमा हुने अर्थ स्पष्ट पार्ने कार्य गरिएको छ । सिङ्गो महाकाव्यलाई सारांशको रूपमा रस के कसरी सुरूवात, विस्तार र फैलावट हुन पुगेको छ भन्ने विषयमा स्पष्ट पार्ने कार्य भएको हो । काव्यको हरेक सर्गमा रस निष्पत्ति हुने के कस्तो घटना वा स्थिति आएको छ भन्नका निमित्त काव्य सार उचित हुने भएकाले यो काव्य सार उल्लेख गरिएको छ । जसले अङ्गी रस निष्पत्ति कसरी भएको छ भन्ने स्पष्ट पार्न सहयोग पुऱ्याउँदछ । यी यावात् विषयको चर्चा र अध्ययनबाट के निष्कर्षमा पुग्न सकिन्छ भने शान्त रस अङ्गी रसको रूपमा काव्यको सुरुवात, मध्य र अन्त्यमा पनि रस शक्तिशाली, सवल, सार्थक र अर्थपूर्ण हिसाबले आएको छ । महाकाव्यको रस सम्बन्धि मान्यतालाई अपनाउन सफल भएको छ ।

गौतम बुद्ध महाकाव्यलाई रसविधान अर्न्तगत रहेर अध्ययन गर्दा एउटा महाकाव्यमा हुनु पर्ने महाकाव्यको रसविधानको आधार भेट्न सकिन्छ । रस सामग्री, नवरसका प्रकार शृङ्गार, वीर, करुण, हास्य, रौद्र, भयानक, अद्भुत, वीभत्स र शान्त रसको प्रयोग, अङ्ग अङ्गी रस उचित सम्मिश्रण छ । शम स्थायी भाव छ भने अन्य रस सहायक रसको सन्र्दभमा आएका छन् । व्यभिचारी भावहरू निर्वेद, आवेग, दैन्य, श्रम, मद, जडता, उग्रता, मोह, विबोध, स्वप्न, अपस्मार, गर्व, मरण, अलसता, अमर्ष, निन्द्रा, अवहित्था, औत्सुक्य, उन्माद, शङ्का, स्मृति, मति, व्याधि, त्रास, व्रीडा, हर्ष, असूया, विषाद्, घृति, चपलता, ग्लानी, चिन्ता र तर्कको व्यभिचारी भावको चर्चा गरिएको छ । ३३ प्रकारका सञ्चारी भावको प्रयोग भए पनि समान गतिमा भने तिनको प्रयोग हुन सकेको छैन ।

# तेस्रो परिच्छेद

# गौतम बुद्ध महाकाव्यमा अङ्ग रसको प्रयोग र विश्लेषण

## ३.१ विषयपरिचय

गौतम बुद्ध महाकाव्यमा शान्त रस अङ्गी रसको रूपमा आएको छ भने अन्य रस सहयोगी अङ्ग रसको रूपमा आएका छन् । महाकाव्य रचनाको पूर्वीय अवधारणा अनुसारका पात्र र रसको प्रयोग यस महाकाव्यमा भएको पाइन्छ । बुद्धको सिङ्गो जीवन शान्ति, करुणा, दया, मानवता, मैत्री भावले भरिएको शालिन गाथालाई काव्यमा विविध भावले प्रस्तुत गरिएको पाइन्छ ।

## ३.२ गौतम बुद्ध महाकाव्यमा अङ्ग रसको  प्रयोग र विश्लेषण

### ३.२.१ शृङ्गार रसको प्रयोग

गौतम बुद्ध महाकाव्यमा राजा शुद्धोदन र मायाको प्रेमको वर्णन गर्ने क्रममा कविले रतिभावलाई यसरी प्रस्तुत गरिएको छ :

आहा ! त्यो सुनसान रात क्षणमा सम्भोग आनन्दको
मायामा छ प्रफुल्लता नवपना इच्छा भयो पूर्ण जो
छायाँमा पनि वीर्यवीज छ कसो सन्तुष्ट भो जीवन
थालिन् देख्न जताततै कुसुमका सौन्दर्यका ती वन । (सर्ग ३, पृ.२७)

यस श्लोकमा गौतम बुद्ध र यशोधरा आलम्ब विभावका हुन् रूपमा आएका रति वा प्रेम स्थायी भाव हुन् । यसरी नै एकान्त रात, कुसुम, उद्दीपन विभाव हुन् । प्रफुल्लता, सन्तुष्टी अनुभाव हुन् । वीर्यवीज उत्तेजना व्यभिचारी भाव हुन् । यस अवस्थालाई सम्भोग वा संयोग शृङ्गार पनि भनिन्छ ।

झुके आँखा दुवैका ती अङ्ग अङ्ग मिलाप भो
यशोधरा थिइन् तृप्त रोपी वीजन सृष्टिको
अहो ! एकान्तको कोठा सृष्टिको लागि उर्बरा
शोभा श्रृङ्गार हो  प्यार प्रिय मेरी यशोधरा ! ( सर्ग ७, पृ. १२१)

प्रस्तुत काव्यांशमा शृङ्गार अङ्ग रसको रूपमा आएको छ । यस बेला यहाँ यशोधरा र सिद्धार्थ आलम्बन विभाव भएका छन् । एकान्त कोठा शोभामय पोषक आदि उद्दीपन विभाव र रति स्थायी भाव भएको छ । जसले रस परिपाक गर्नमा मद्दत गरेको छ ।

वियोगको विछोड भो अगाध प्रेम शून्य भो
हुँदा विछोड प्रेमको रमाउने यहाँ छ को ?
कठैबरा यशोधरा रुँदैरुँदै उनै भनी
अलापले विलापले बसिन् कठै भनी उनी (सर्ग १०, पृ.१९१)

प्रस्तुत श्लोकमा आवलम्बन विभाव यशोधरा आलम्बन विभाव हुन् । यसो हुँदा रत्तीभर प्रेम स्थायी भाव भएको छ भने सुन्यता उद्दीपन विभाव भएको छ । विछोडले बिलाप गर्नु रुनु अनुभाव भएको छ । विछोडको चिन्ता व्यभिचारी भावको प्रवाह भएको छ ।

### ३.२.२ वीर रसको प्रयोग

गौतम बुद्ध तपस्या गरी वृक्षका फेदमा बसेका बेला राक्षस महामारले आफ्नो पौरख देखाउने क्रममा उत्साह भावलाई यसरी प्रस्तुत गरिएको छ ।

म हुँ राक्षसको राजा सृष्टिकै ध्वंस गर्छु म
नाम मेरा महामार हत्या गर्दछु निर्मम
मेरो काम संधै युद्ध हतियार बनाउँछु
ध्वंस विज्ञान मार्गी म शान्तिदेखि डराउँछु । (सर्ग ९ , पृ.१८२)

यस काव्यांशमा राक्षस आलम्बन विभाव हो । यसको स्थियी भाव उत्साह हो । उसको सुऱ्याई उद्दीपन विभाव हो । हतियार वा युद्ध अनुभाव हो भने उनमा व्यभिचारी भाव हो ।

### ३.२.३ करुण रसको प्रयोग

छन्नका साथमा गौतम बुद्ध बगैंचामा घुम्दा एक वृद्ध मानिसलाई देख्दा बुद्धका मनमा दयाको भावना जाग्दछ । यसैक्रममा शोक भावलाई यसरी प्रस्तुत गरेको पाइन्छ । जस्तै :

रोएर शुद्धोद्धन झन् वेहोश
मन्त्री, रजौटा कसमा छ होश ?

सारा अँध्यारो अनि आँसु बर्षा

हा ! हा ! छ कोलाहल त्यो सहस्र । ( सर्ग ४, पृ. ३९)

यस काव्यांशमा गौतम बुद्धले छन्नकसँग घुँम्दा गौतम बुद्ध र छन्नक शोक वा पिडामा परेर आलम्बन विभावका पात्र बनेका छन् भने अध्याँरो, आँशु वर्षा उद्दीपन विभाव हुन् । बुद्ध र छन्नकका वेदना कोलाहाल अनुभाव हुन् । उनीहरूको मनमा पैदा भएको चिन्ता त्रास व्यभिचारी भाव हुन् ।

चिन्ता अनेक मनमा छ समाजवादी

सिद्धार्थमा सयल खै ? न त छन् उपाधि

ज्यादा छ चिन्तन भने तब भेट्छ शून्य

आँखा परोस् विषयमा अब चेतजन्य । (सर्ग ६ पृ. ८४)

प्रस्तुत काव्यांशमा शोक वा पीडालाई प्रस्तुत गर्न खोजिएको छ । मनमा अनेक चिन्ता परेको छ । जसले सिद्धार्थले सुख सयल छैन र जतातत‍ै बेचैन छ र छटपट्टिले गर्दा करुण रस निष्पत्ति भएको छ ।

नुहेका ती बूढा थरथर गरी काम्दछ जिय

भयो मर्ने बेला अब त नजिकै काल प्रणय

फुलेका दारीमा सकल जगको दपर्ण थियो

कता जाने हुन यी अब त वयको चक्र सकियो । (सर्ग ८, पृ.१३१)

प्रस्तुत काव्यांशमा वृद्ध वनले शरीर थर थर कामेको छ । मर्ने बेला भएको छ । दारी फुलेका छन् । जीवन छाँया जस्तै बनेको छ । जीवनको चक्र समाप्त हुन लागेको छ । सो समस्याको समाधान छैन भन्ने अर्थमा करुण भाव सञ्चार भएको छ ।

गयौ छाडी मेरा हृदयकन स्वामी किन भन !
सँगै लैजाऊ हे ! म पनि त हुनेथैं सँगसँग
गयौ छाडी ऐले कुन जगतमा प्राणपवन
छिटै सम्झी आऊ प्रणयसित बेथा सुनिकन । (सर्ग ८, पृ.१६५)

सिद्धार्थले घर छोडी बुद्धत्वको खोजीमा जाँदा यशोधरा आलम्बन विभावको रूपमा आएकी छन् । यस बखत उनलाई सोक वा पिडा परेको हुनाले शोक स्थायी भाव भएको छ । उनलाई परेको पीडा अत्यास छटपटी उद्दीपन विभाव हो भने उनको व्यथा पुकार अनुभावको रूपमा आएको छ । विछोडको त्रास आवेग, ग्लानी, अश्रु चाहिँ व्यभिचारी भावमा आएको छ ।

के भेट्छौ भन है बुद्ध जिय
रोईन कराईन बहले सुसाईन
विस्मातले हाय ! यशोधराले
सिद्धार्थ मेरा मनभित्र आऊ
दुःखी रहेको छ अदृश्य घाउ । ( सर्ग ९, पृ. १६८)

माथिको काव्यांशमा यशोधराले बुद्धलाई सम्झदै विछोडको पीडालाई व्यक्त गरेको छ । मनमा अदृश्य घाँउ लागेको बुद्ध फर्केर आउने आशमा बसेको जस्ता विरहले करुण रसको निष्पत्ति उत्कृष्ट तवरले व्यक्त भएको छ ।

यशोधरा कठैबरा ! धुरूधुरू रूँदैकन
कता गयौ तिमी भनी जपेर नाम गौतम
खपेर डाह नौथरी हरेक रात काट्तछिन्
विछोडले कठैबरी ! बरर आँशु झार्दछिन् । (सर्ग १० पृ. १९१)

गौतम बद्धलाई सम्झेर यशोधरा दिनरात रोएकी छन् । हरपल उनी बुद्धको नाम जप्दै बसेकी छिन् । रात काट्दा पनि नौं थरी डाहा र छट्पट्टि भएका छन् । विछोडको आँशु बररर झरेको छ । त्यसैले यहाँ यशोधरा र बुद्ध आलम्बन विवाद छन् । एकान्त रात उद्दीपन विभाव हुन् भने करुण स्थायी भाव हो । पीडा छट्पट्टि र एक्लोपन अनुभाव हुन् ।

चिता बनाए सब हाय ! हाय !
आगो लगाए घृतले जलाए
श्रीखण्ड ल्याए शव त्यो जलाए
शरीर मुर्दा त धुँवा बनाए ।  (सर्ग १२, पृ. २४२)

बुद्धको शरीरले प्राण त्याग गरिसकेपछि मानिसरूपले उनको शबलाई चितामा राखी आगो, घ्यू र श्रृखण्डले जलाए । शरीरलाई धुँवा बनाए । यो क्षण बौद्ध भिक्षु लगायत सम्पूर्ण मानिसलाई करुणा उत्पन्न गर्ने फलको पीडादायक छ । त्यसैले यहाँ करुण रसको शोक स्थायी भाव उत्पन्न भएको छ । जसले अङ्ग रसको काम गरेको छ ।

कठै नि प्यारा जनका महान
आखिर छाडे जन ती तमाम
को बाँच्छ खै यी सब मर्नु पर्छ
जो जन्मियो जानु त पर्छ पर्छ ।  (सर्ग १२, पृ. २४२)

जन्मेपछि मान्छे मर्ने आखिर सबैले यो धर्ति यो जीवन छोडेर जाने उपायहीन अवस्थाले यस काव्यांशमा पीडाबोध उत्पन्न हुन गई करुण रसको निष्पत्ति भएको छ ।

भयो खरानी सब मांस हड्डी
सिद्धान्त बाँकी छ विचार कीर्ति
विचार राम्रो सबतर्फ फैल्यो
हुन् बुद्ध साझा मनभित्रका पो । (सर्ग १२, पृ. २४२)

सिद्धार्थको अन्तिम दाह संस्कार पछि उनको मासु, हड्डी खरानी भयो । केवल कृति मात्र बाँकी भयो । उनी जस्तो महामानव घुमाउनु पर्दा सबैलाई शोक परेको छ । तसर्थ यहाँ शोक स्थायी भाव आँशु झारेको छ । आँशु व्यभिचारी भाव पीडाले कराउनु परेको छ । विछोडको अत्यासले उद्दीपन विभावले काम गरेको छ भने बुद्धका चेलारूप अलम्बन विभाव हुन् ।

### ३.२.४ हास्य रसको प्रयोग

गौतम बुद्ध प्रस्तुत महाकाव्यका प्रमुख पुरुष पात्र हुन । गौतम बुद्ध राजा शुद्धोदन तथा रानी मायादेवीका सुपुत्र र यशोधराका पति हुन् । गौतम बुद्ध जन्मदा अनौठा घटना भएका थिए । जुन काव्यमा यसरी प्रस्तुत गरिएको छः

यौटा बालक हाँस्छ भूमिसितको पैलो थियो भेट जो
च्यापी दूध मुसुक्क हाँस्छ कसरी ! यौटा विजेता थियो
कयौँ मानिसबीच उज्ज्वल थियो संकेत त्यो शान्तिको
लाखौँ वर्ष यहाँ बचेर उसले फेर्नेछ आकाश । (सर्ग ३, पृ. ३२)

प्रस्तुत काव्यांशमा राजा रानी आलम्बन विभाव हुन् । खुशी अथवा हाँसो यसको स्थायी भाव हुन् भने मुसुक्क हाँसेको अनुहार, उज्यालोको सङ्केत उद्दीपन विभाव हुन् । त्यसैगरी प्रशन्नता बालक जन्मेको खुशीको प्रशन्नता अनुभाव हो ।

खुशी छायो सबैतर्फ शद्धोदन तथा अरू
छन्न संगतका सारा जो जो छन् दामलीहरू
सखी सारा रमाएका भाग्यशाली यशोधरा
थिइन् चिन्तातुरा सन्ध्या लुटी मेरा महानर ! (सर्ग ७, पृ.१२८)

प्रस्तुत श्लोकमा यशोधराले राहुललाई जन्म दिँदा यशोधरा अलम्बन विभाव र उनकलाई खुशी अथवा हाँसोको अवस्थाले छोएको छ र हाँस स्थायी भाव भएको छ । खुशीले मुहार प्रफुल्ल भएको अवस्था उद्दीपन विभाव हो । त्यसैगरी बालकको जन्मले प्रसन्नतामा रमाउनु अनुभाव हुन् ।

### ३.२.५ रौद्र रसको प्रयोग

गौतम बुद्ध बुद्वत्व प्राप्त गर्न उरुवेलमा बसेका बेला राक्षसले बुद्ध प्रति अपमान जनक व्यवहार गर्दै दुस्वाच्य बोल्ने क्रममा क्रोध भावलाई महाकाव्यमा यसरी प्रस्तुत गरिएको छ ।

छाडिदे वृक्षको फेद जरा काटेर ढाल्दछु
केको शान्ति यहाँ खोज्छस् आगो दन्दन बाल्दछु ।

बोधिवृक्ष म ढाल्नेछु तरवार लिएर यो
ध्वंस गर्छु बगैँचा नै वीर आएर रोक्छ को ? (सर्ग ९, पृ. १८३)

प्रस्तुत काव्यांशमा राक्षस आलम्बन विभाव हो । त्यसैले यहाँ क्रोध स्थायीभाव भएको छ । जरा काटेर फालिदिनु, आगो दन्दन बाल्दिनु उद्दीपन विभाव हुन् । ध्वंसताको अनुभव अनुभाव हो भने उसको उसको आवेग वा क्रोध व्यभिचारी भाव हो ।

### ३.२.६ भयानक रस प्रयोग

गौतम बुद्ध बुद्धत्व प्राप्त गरी लुम्बिनी फर्केको खबर राहुलले सुनी बाबा भनी जङ्गलमा खोज्न जाने क्रममा एक्लै बालक हिडेको वन्य जन्तुहरूले वरिपरि घेरेको वर्णनमा भय भाव यसरी प्रस्तुत गरिएको पाइन्छः

ठूलाठूला वनचर कडा जन्तु शार्दूलराज
डुक्रीडुक्री वनतिर घुमी मांस खोज्थे शिकार
रोएको त्यो शिशु नजिकमा बाघले झट्ट देख्यो
आयो झम्टी त्यहिँनिर पुग्यो राहु भागोस् कता पो ! (सर्ग १० , पृ.१९५)

यस काव्यांशमा राहुलको मनमा उत्पन्न भएको भया वा डर स्थायी भाव बनेर आलम्बन विभावको अवस्था सृजना भएको छ । उसको डरको चेतना उद्दीपन विभाव उ रोएको अवस्था व्यभिचारी भाव हो ।

### ३.२.७ अद्‌भुत रसको प्रयोग

गौतम बुद्ध उरुवेलमा एक वृक्ष मुनी तपस्या गरी बसिरहेका बेला सुजाताकी सुसारेले खीर चढाउन वृक्षका फेदमा लिप्न आउँदा बुद्धलाई देख्दा विस्मय भावलाई यसरी प्रस्तुत गरिएको पाइन्छ ।

'आश्चर्य भो रे !' शिशु जन्मँदैमा
बोली फुट्यो रे, कति उच्च ज्ञान
म श्रेष्ठ सर्वाधिक योग्यताको
हुँ बुद्ध भन्दै शिशु जन्मियो को ? (सर्ग ४, पृ.४१)

सिद्धार्थ बालकको जन्म भएपछि सुख खबर सिङ्गो राज्यमा फैलियो । यो खबरमा बालकको बोलि फुटेको र तुरुन्तै बोलेको र म बुद्ध हुन्छ भन्ने कुराले सबैलाई आश्चर्य चकित पारेको छ । यस्तो अवस्थामा आश्चर्य स्थायी भाव भएको छ । हर्ष र कौटुहलता व्यभिचारी भाव भएको छ । अनौठो लागेर अनुभाव भएको छ । यो अचम्मको घटनाले उद्दीपन विभावको काम गरेको छ भने सिद्धार्थ गौतम आलम्बन विभावमा प्रस्तुत भएका छन् ।

कहाँ लिप्ने अहो ! वृक्ष फेदमा को छ मानिस ?
गजधुम्म बसेको छ न वा हिंस्रक जीव छ ?
झलमल्ल बसेको छ सफा देखिन्छ आसन
न वा देवा न वा भूत डराएको छ यो मन । (सर्ग ९, पृ. १७९)

प्रस्तुत काव्यांशमा खिर चढाउन आएका सुसारे आवलम्बन विभाव हुन् भने उनको मनमा पैदा भएको विस्मय अथवा आश्चार्य स्थायी भाव हो । उनले देखेको विस्मयपूर्ण अवस्था उद्दीपन विभाव हो । भूत वा देवता के हो भनेर छुट्याउन नसक्नु अनुभाव हो र उत्सुकता वा कौतुहलता व्यभिचारीभाव हो ।

### ३.२.८ वीभत्स रसको प्रयोग

गौतम बुद्ध छन्नसँग बगैंचा घुम्न गएका बेलामा बुद्धले देखेका दृश्यलाई प्रस्तुत गर्दा घृणा भावलाई यसरी प्रस्तुत गरिएको पाइन्छ ।

गन्हाएको ज्यादा जियभारि बगी पीपरगत
रूघाखोकी टी.बी. सबसित झुकी बोल्छ फगत
मरेँ ऐया ! चाँडो लग प्रभु चुँडी प्राणपवन
ज्वरो आयो खप्नै सकिन म मरें बाँच्न सकिनँ । (सर्ग ८, २०५९: पृ.१३७)

प्रस्तुत काव्यांशमा गौतम बुद्ध आलम्बन विभाव हुन् । त्यस अवस्थामा उत्पन्न भएको स्थायी भाव घृणा वा जुगुत्सा हो । गन्हाएको शरीर, रूखाखोकी लागेको जीवन उद्दीपन विभाव हो । ज्वरो आएर खप्न नसक्नु शरीरले नराम्रो अनुभव गर्नु अनुभाव हो । रोग व्याधि व्यभिचारीभाव हो ।

राजामा पीर भारी अझ अझ थपियो हाय ! छोरो हरायो
स्वप्न देखे नराम्रो घर नजिक बसी काग कालो करायो
झुत्ती खेल्थे सिनोमा बगर नजिक ती गिद्ध ब्वासा र स्याल
स्वप्नमा गिद्ध आई मकन पनि ठुँगे माझ झाडी विशाल । (सर्ग १०, पृ.१९२)

प्रस्तुत काव्यांशमा राजा शुद्धोदन आलम्बन विभावको रूपमा आएका छन् भने उनलाई यसबखत छोरो घरमा नहुँदा र नराम्रो सपना देख्दा वीभत्स डर परेको छ । जसको कारणले घृणा वा जुगुत्सा स्थायी भावको रूपमा उदय भएको छ । उनले सपनामा देखेको डर लाग्दो गिद्धको रूप उद्दीपन विभाव हो । यस अवस्थामा उनलाई लागेको डर भएको अवस्था अनुभाव हो । त्यसैगरी मनमा परेको चिन्ता, ग्लानी, आवेग व्यभिचारी भाव हो ।

### ३.२.९ शान्त रसको प्रयोग

महामानव गौतम बुद्धले बुद्धत्व प्राप्त गरेपछि आफ्ना चेलाहरू सामु जीवनमा गर्न हुने न नहुने विषयमा शम स्थायी भावमा विभिन्न उपदेश दिएका छन् । जस्तै :

नाना दिन्छु शरीर ढाक्न बलियो फाट्तैन यो स्पर्श छ
होऊ शान्त र हाँस दुःख जति होस् चाचा त्यही बन्दछ
ईर्ष्या क्रोध र लोभ द्वेष ननिका यी शत्रु हाम्रा बुझ
मर्नै पर्दछ आखिरी सब यहाँ खै के छ बाँच्ने सुख ? (सर्ग १०, पृ.१९९)

माथिको काव्यांशमा गौतम बुद्धले बुद्धत्व प्राप्त गरी सकेपछिको जीवन आलम्बन विभाव हो । जुन अवस्थामा सम वा स्थीरता स्थायी भाव उत्पन्न भएको छ भने उनको त्याग, सत्संग, धर्मोपदेश

जीवनशैली उद्दीपन विभाव हुन् । जीवनमा सुख नदेख्नु, रिस, क्रोध र लोभको त्यागको अनुभाव हो भने उनको सद्‌गुण उपदेश व्यभिचारी भाव हो ।

छन् अष्टाङ्गिक मार्ग यी वचनमा सङ्कल्प सम्यक् स्मृति
सम्यक् दृष्टि, समाधि कर्म घरमा आजीविका संस्कृति
सम्यक् भाव प्रयत्नमा रहिरहे हामीसितै शान्ति छ
यी अष्टाङ्गिक मार्गबाट नहिंडे संसार दिग्भ्रान्ति छ । ( सर्ग १०, पृ. २०१)

प्रस्तुत काव्यांशमा गौतम बुद्धले बुद्धत्व प्राप्त गरेपछि मानव जीवनमा गर्ने काम र नहुने कामको बारेमा स्पष्ट नियम बताउन पुगेका छन् । यसो हुँदा उनी आलम्बन विभावको रूपमा देखा परेका छन् । जसमा उनको स्थिती शान्त, शम र स्थीर भएको छ । यो नै स्थायीभाव हो । उनले दिएको चिन्तन उद्दीपन विभाव हो भने दिग्भ्रान्ति अनुभाव हो । उनको उपदेशमा आएको सन्देश सद्‌गुणयुक्त हर्ष दिने खालको भएकाले व्यभिचारी भाव पैदा भएको छ ।

मन वैराग्यद्वारा नै छ सन्तुलन औ वश
जस्को कारण हो सच्चा ज्ञानको आत्मसंयम
जडता कर्मयोगीको हैन चैतन्य चेतन
चमत्कार नपत्याऊन् कर्मै हो सुख इन्धन । (सर्ग ११, पृ.२२१)

प्रस्तुत काव्यांशमा हाम्रो मनमा उत्पन्न हुने वैराग्यले हामीलाई सच्चा ज्ञानको खोजी गर्न सिकाउछ । जडता भएर बाँच्नु चैतन्य काम होइन । सच्चा कर्म गरेर सुख पाइन्छ भन्ने शान्त रसको स्थायी भाव निष्पत्ति भएको छ ।

## ३.३ गौतम बुद्ध महाकाव्यमा रस परिपाकको स्थिति

गौतम बुद्ध महाकाव्यलाई रस सिद्धान्तको दृष्टिकोणबाट हेर्दा यसमा सबै किसिमका रसका प्रयोग भएको पाइन्छ । प्रथम त अङ्गी शान्त रस, द्वितीय करुण रस हुँदै अन्य रस अङ्ग रसको रूपमा प्रयोग भएको पाइन्छ । काव्यको सुरुमा किसान र प्रकृतिलाई महान उल्लेख गर्दै अगाडी बढेको काव्य राजा शुद्धोदन र मायादेवीको विवाह अङ्ग रसको रूपमा शङ्गार रस परिपाक भएको छ भने अन्य रस अङ्ग रसको  रूपमा आएका छन् ।

राजाको दबारमा बालक जन्मने र त्यो बालका सामान्य नभइ विशेष किसिमको लक्षण र प्रभावशाली हुने जोतिषीको भविष्यवाणीले दरबार प्रजामा हाँसो खुशी र आनन्दको लहर आउँदा अदभुत रस अङ्गको रसको रूपमा परिपाक भएको छ भने अन्य रस सहयोगी रसमा आएका छन् ।

सिद्धार्थ गौतमको रूपमा जन्मेका बालक असाधारण जन्मदा सिङ्गो राज्यमा हर्ष र खुशीयाली छाएको थियो । जसमा हास्य रस परिपाक भएको थियो भने सिद्धार्थ युवा हुँदा उनले देखेका, भेटेका र अनुभव गरेका घटनाको वर्णनमा करुण रसको परिपाक भएको छ । जब सिद्धार्थलाई संसारिक मोह र लोभ हराउँदै वैराग्यले सताउँछ त्यस बखत शान्त रसको उदय भएको र उक्त रस परिपाक भएको छ । सिद्धार्थले बुद्धत्व प्राप्ति गरेपछि झन् शान्त रसको शम स्थायी भाव उत्कृष्ट तवरले परिपाक भएको छ ।

## ३.४ निष्कर्ष

यस परिच्छेदमा गौतम बुद्ध महाकाव्यभित्र प्रकट भएका अङ्ग अङ्गी रसको रसको विकास विश्लेषण गरिएको छ । अङ्गी रसको रूपमा आएका शृङ्गार, वीर, करुण, रौद्र, अद्भुत, भयानक, वीभत्स रसले विभिन्न सञ्चारी भावको विकास गरी अङ्ग रसलाई बलियो बनाउँन मद्दत गरेका छन् । यस क्रममा करुण बुद्धको शिक्षा, सन्देश भएकाले अहिंसा, दया, मानवता, सदाचार, प्रेम आदि उनले जीवनमा पालना गरेका विषय हुन् त्यसैले करुण रसको सहयोगमा शान्त रस अर्थपूर्ण र शक्तिशाली बनेको छ । बुद्ध स्वाभवले चरित्रले र नियतिले समेत शान्त हुन सकेका जसमा करण पक्ष उत्तिकै सार्थक र सहयोगी देखिन्छ ।

वीर रसको विकास र परिपाक महाकाव्यको एउटा मह**त्त्व**पूर्ण घटक हो किनकी बुद्धत्व प्राप्ति निकै कठीन र चुनौतीपूर्ण कार्य भएकाले यस्तो कार्य वीतरागीले मात्र गर्न सक्दछन् । यो आफैले आफूलाई परिवर्तन गर्ने क्रान्ति हो । यमा आफ्नो लागि आफैँले वीरता प्रदर्शन गर्नु पर्ने हुन्छ । आफूले आफैँमा भएका कमी कमजोरी हटाइ सदाचार र प्रेमको पक्षमा जीन हासिल गर्न सक्नु नै वीर रसको परिपाक भएको स्थीति हो । जुन कुरा काव्यांशको उदाहरणले प्रमाणित गर्दछ । शृङ्गार रस राजा शुद्धोदन र रानी मायादेवीको विवाह, सिद्धार्थलाई गर्भमा पाउँदाको अवस्था, रानीको निधनमा रानीलाई पनि पाउने आधाको प्रतिक्षा अीद अवस्थामा शृङ्गार रस पपिाक तर्फ पुगेको छ । सिद्धार्थ र यशोधराको विवाह भई राहुलको जन्म हुँदासम्म शृङ्गार रस परिपाक भएको छ ।

सिद्धार्थले घर छोडी वनमा जाँदा प्रियतमको पर्खाइको आशमा समेत वियोग शृङ्गार रस परिपाक भएको छ । जसले शान्त रसको परिपाकमा महत्त्वपूण भूमिका खलेको छ ।

रौद्र रस वालक कालमा पनि सिद्धार्थले युवा र बुद्धत्व प्राप्त पछि पनि बुद्धले देखाएको पाइँदैन । यसले शान्त रसलाई परिपाक बनाउन खासै सहयोग गरेको भेटिँदैन ।

अद्भुत रस महाकाव्यमा बुद्धको जन्मको बखत नै देखा परेको छ । सिद्धार्थको जन्म हुँदाको पूर्व सन्ध्याकाल र जन्मदा साथ बुद्धले देखाएका बाल चरित्रमा अद्भुत भाव पैदा गरेको छ । उनको मनमै पैदा भएको वैराग्यको सोचले बुद्धत्व प्राप्तिसम्मको मार्गमा पुऱ्याएको छ । बुद्धत्व प्राप्त गर्नु पनि एउटा अद्भुत अनुभव हो । यो अनुभावमा बुद्धत्व पुगेका छन् । उनले सपनामा पाँच चीज देखेको बयान पनि पाइन्छ । जुन अद्भुत रहस्यका छन् । त्यसपछि उनी बुद्धत्व प्राप्त गर्न सफल हुन्छन् । त्यसैले शान्त रस परिपाक बनाउन अद्भुत रस ठूलो सहयोगी बनेको दृष्टान्त काव्यांशमा रहेको छ ।

यस परिच्छेदमा भयानक र वीभत्स रसको समेत उदाहरण दिँदै विश्लेषण गरिएको छ । काव्यांशमा भयानक भाव पैदा गर्ने रोग, जीर्ण शरीर, जीवजन्तुको प्रवेश हुन्छ । वीभत्स दृश्य र घटनाले ठाउँ-ठाउँमा भय र घृणा पैदा गरेको छ ।

गौतम बुद्ध महाकाव्यमा अङ्ग रसको विकास सिद्धार्थको जन्मसँगै उनले बाल्यकालमा नै देखाएको शान्त, अहिंसावादी व्यवहारबाट उदाएको छ । सिद्धार्थले बगैँचामा जाँदा मूलकोबोट हल्लाउँदा फूल झर्ने र बिग्रन पुग्छ । त्यस बेलाबाट नै उनले गल्ती र पश्चाताप महशुस गरी फूलको बोटसँग माफी माग्दछन् । यस कार्यले उनको अन्य वनस्पतिसँग समेत अत्यन्त करुण र शम भाव पाइन्छ । यस हिसाबले काव्यको बिस्तार हुँदै जाँदा अङ्गी रस परिपाक पनि हुँदै बुद्धत्व प्राप्त हुने र धर्मोपदेशको लागि विभिन्न स्थानमा गएर भिक्षुलाई ज्ञान बाँड्दा शम भावपूर्ण रूपमा परिपाक भएको छ । जसलाई काव्यांशबाट विश्लेषण गरिएको छ ।

# चौथो परिच्छेद
# सारांश र निष्कर्ष

## ४.१ सारांश

गौतम बुद्ध महाकाव्य चन्द्रप्रसाद न्यौपानेद्वारा लिखित महत्त्वपूर्ण कृति हो । यस महाकाव्यको अध्ययन विविध कोणबाट भएको छ तर रसविधानको हिसाबले यो पहिलो अध्ययन हो । यस शोधप्रबन्धमा पूर्व कार्यको अध्ययन पश्चात् रस सिद्धान्तको सैद्धान्तिक अध्ययन गरी रसको प्रस्तुतीका आधारमा विश्लेषण कार्य गरिएको छ । जसमा रसचिन्तकहरूले प्रतिपादन गरेका रसको सैद्धान्तिक पक्षलाई क्रमशः प्रस्तुत गरिएको छ भने तेस्रो परिच्छेदमा गौतम बुद्ध महाकाव्यमा रहेका विभाव अनुभाव व्यभिचारी भाव एंवम् स्थायी भावको चर्चा गरिएको छ । त्यस क्रममा ३३ वटा सञ्चारी भावको अध्ययन प्रस्तुत गरिएको छ ।

पहिलो परिच्छेदमा गौतम बुद्ध महाकाव्यसँग सम्बन्धित भएर विभिन्न समयमा गरिएका शोधपत्रको अध्ययन गरिएको छ । जस अन्तर्गत श्याम रिमालले (२०५९) असोज १९ गते गोरखा-पत्रमा गौतम बुद्ध महाकाव्य प्रकाशित भन्ने शीर्षकमा समाचार प्रकाशित गरेका थिए । जसमा विभिन्न व्यक्ति तथा टिप्पणीकरले गौतम बुद्ध महाकाव्यको बारेमा आफ्नो धारणा राखेका थिए भन्ने विषय उल्लेख छ । विनयकुमार शर्माले (२०५३) सालमा नेपाली महाकवि र महाकाव्य नामको पुस्तकमा चन्द्रप्रसाद न्यौपाने शीर्षकमा महाकाव्यकार न्यौपानेको सङ्क्षिप्त जीवनी, व्यक्तित्व लगायत विविध पक्षमा रहेर लेख प्रकाशन गरेको विषयमा उल्लेख गरिएको छ । त्यस्तै काशीनाथ न्यौपानेले लेखेको गौतम बुद्ध महाकाव्यलाई नियालेर हेर्दा शीर्षकको लेखका विषयमा पूर्वकार्यको अध्ययन भएको छ । कृष्णप्रसाद भण्डारी (२०५९) ले गौतम बुद्ध महाकाव्य शीर्षकमा प्रकाशन गरेको विाष्यमा लेखिएको समाचारको बारेमा चर्चा गरिएको छ । माधव घिमिरेले (२०६०) मा महाकाव्यकार न्यौपानेको गौतम बुद्ध नामक शीर्षकमा प्रकाशित लेखको विषयमा उल्लेख गरिएको छ । हेमराज पाण्डे (२०६०)ले मधुपर्कमा कृति समिक्षा अन्तर्गत प्रकाशनमा आएको लेखको बारेमा चर्चा गरिएको छ । त्यसैगरी योगबहादुर थापा (२०६३) ले साहित्यकार चन्द्रप्रसाद न्यौपानेको जीवन व्यक्तित्व र कृ**तित्त्व**को अध्ययन शीर्षकमा गरेको शोधपत्रको चर्चा गरिएको छ । डिल्लीकुमार देवकोटाले (२०६४) सालमा चन्द्रप्रसाद न्यौपानेको महाकाव्यकारिता शीर्षकको शोधपत्र उल्लेखित विषय वस्तुको वर्णन गरिएको छ । यसै शिलशिलामा ध्रुवबहादुर चोलागाँई (२०६६) ले गौतम बुद्ध

महाकाव्यको कृतिपरक अध्ययन शीर्षकको शोधपत्रमा उल्ललेखित विषयवस्तुको व्याख्या गरिएको छ । श्रीबहादुर आले (२०६८) ले काव्य **तत्त्व**का आधारमा गौतमबुद्ध महाकाव्यको अध्ययन शीर्षकको शोधपत्रमा गरेको अध्ययनको चर्चा गरिएको छ । टीकादत्त पौडेल (२०६०) ले गौतम बुद्ध महाकाव्यमा अलङ्कारको प्रयोग शीर्षकमा गरेको शोध कार्यको वर्णन गरिएको छ । पूर्व कार्यको समीक्षा गर्ने कार्यको अन्तमा कपिलदेव लामिछानेद्वारा प्रकाशित नेपाली बौद्ध प्रबन्ध काव्यको अध्ययन शीर्षकको पुस्तकमा भएको विषय वस्तुलाई स्पष्ट पार्ने प्रयास गरिएको छ ।

अङ्गी रसको विश्लेषण सहित उदाहरणरूपको चर्चा गरिएको छ । जसमा महाकाव्यमा हुनु पर्ने शृङ्गार रस, वीर रस करुण रस र शान्ति रस मध्ये शान्त रस अङ्गी रसको रूपमा प्रयोग भएको छ । शान्त र रसको स्थायी भाव राम वा स्थीरता भएकाले बुद्धको सिङ्गो जीवन पात्रा, सङ्घर्षमय चरित्रमा राम भाव निष्पस्तै भएको छ । शान्त रसमा आलम्बन विभाव वैराग्य, सांसारिक अनित्यता तात्विक ज्ञान, भावना, त्याग, जस्ता पक्षरूप हुने हुँदा यहाँ गौतम बुद्ध स्वयम् आलम्ब विभावका पात्र हन् । जीवनको वैराग्यता, क्षण भंङ्गुरता, तात्विक ज्ञान जस्ता विषयले बुद्धलाई सताएका छन् । संसारमा दुःख छ, दुःखको कारण छ । दुःखको कारणबाट छुटकारा पाउन सकिन्छ भन्ने उनको दार्शनिक ज्ञान र उपदेशले गौतम बुद्ध राम भावमा पुगेका छन् । निर्वेद व्यभिचारी विभाले यसलाई परिपाक अवस्थामा पुऱ्याएको छ ।

आलम्बन विभावका केन्द्रीय पात्र गौतम बुद्धलाई सक्रिय बनाउने तत्त्व उद्दीपन विभावरूप जीवन र जगतको चिन्तन, दुःख, दान, तीर्थ पात्रा, शास्त्रको अध्ययन, श्रवम, धर्मोपदेश, सत्संग, त्याग गर्दै उनको जीवन अगाडी बढेको छ । अनुभव अन्तर्गत गौतम बुद्धलाई त्याग, क्षणभङ्गुरता जस्ता विषयले राम स्थायी भावमा पुऱ्याएका छन् । जीवन र जगत् प्रति त्याग, समर्पण र निस्वार्थ प्राणीको सेवा गर्नु पर्दछ भन्ने अनुभव वा ज्ञानले परिनिर्वाणकोबाट सम्म पुऱ्याएको छ । व्यभिचारी भाव अन्तर्गत धृति, मति सद्गुण जस्ता विषयले शान्त रस परिपाक बनाउन मद्दत गरेका छन् ।

गौतम बुद्ध सानै देखि कल्याणकारी, मानवतावादी मात्र नभई समस्त प्राणीप्रति दया, करुणा, सहयोग, श्रम भाव, राम दृष्टि राख्ने व्यक्ति भएकोले पनि शान्ति रसको स्थायी भाव बन्न मद्दत गरेको छ । महाकाव्यको अनेक श्लोकमा बुद्धको उन्नाइस मानवता, दया, करुणा, प्रेम-मैत्री जस्ता विचार र गुणको चर्चा गरिएको छ । बुद्धले आफ्नो नजिक आउने, आफूलाई सताउने हिंस्रक जीव, जनावर सबैप्रति दया, करुण र प्रेम भाव देखाएर परिवर्तन गराएका छन् । यसबाट प्रमाणित हुन्छ की उनी शान्त रस प्रवल रूपमा प्रवाह भएको छ ।

गौतम बुद्धले बुद्धत्व प्राप्त गर्नु अगाडी बाल्यकाल र युवाकालमा देखाएका विचित्र घटना र लीलाले शान्ति, दया, करुणा एवम् वैराग्यता झल्लकाउँछ, जसले विभिन्न उताव चढाव हुँदा व्यभिचारी भावको उदय हुन जान्छ त्यस बखत निर्वेद व्यभिचारीपनको गुण आउनाले बुद्ध संसारिक मोह भन्दा टाढा नै बस्न रुचाउँछन् । यस विषयमा गौतम बुद्ध महाकाव्यमा रसको स्थिति नामक शीर्षकमा पनि उल्लेख गरिएको छ । जसमा काव्यको मङ्गलाचरण देखि नै विषयवस्तुको उठान भएको छ । राजा शुद्धदनको विवाह सिद्धार्थको जन्म हुँदै बुद्धत्व प्राप्तिको घटना सङ्घर्ष, त्याग र बलिदानका क्रममा कतै शृङ्गार रस परिपाक, कतै वीर रसको स्थिति त कतै करुण र परिपाक भएका छन् । अन्य रसको सहयोग पनि चर्चा गरिएको छ । शान्त रसलाई भने बढी प्राथमिकता प्रदान गरिएको छ । यसको सैद्धान्तिक पक्षलाई अन्य रसको भन्दा बढी जोड दिएको छ साथै उदाहरण पनि बढी नै पटक आएको छ । यसको मूल कारण महाकाव्यमा शान्त रस अङ्गी रस भएर आउनु हो ।

परिच्छेद दोस्रो साहित्यका नवरसका विभन्नि पद्यांशको उदाहरण लिएर रस सिद्धान्तको आधारमा अङ्गरसको विवेचत्र एवम् विश्लेषण गरिएको छ । जस अन्तर्गत शृङ्गार,  वीर, करुण, अद्भुत, वीभत्स, भयानक, रौद्र र शान्त रसका विभिन्न श्लोकको व्याख्या विश्लेषण गर्दा आलम्बन विभाग, उद्दीपन विभाव, व्यभिचारी विभाव र स्थायी भावको समेत विश्लेषण गरिएको छ । यसमा सबैभन्दा बढी शान्त रस त्यसपछि करण रस  अन्य रस अङ्ग रसको रूपमा आएका छन् । महाकाव्यको केन्द्रिय अङ्गीरस शान्त र अन्य रस अङ्ग रस हुँदै अङ्गी रसको भूमिका पनि रस परिपाकका हिसाबले मह**त्त्व**पूर्ण छ ।

तेस्रो परिच्छेदमा महाकाव्यमा आएका नवरसको उदाहरण र विश्लेषण गर्ने कार्य भएको छ । महाकाव्यको विभिन्न सर्गमा प्रयोग भएका अङ्ग रसका प्रयुक्त श्लोकहरू छानी तिनीहरूलाई रस सामग्रीको हिसाबले छुट्टा-छुट्टै उदाहरणबाट चिनाउने कार्य भएको छ । यस क्रममा शृङ्गार, वीर, करुण, हास्य, रौद्र, अद्भुत, भयानक, वीभत्स र शान्त रस  के कसरी निष्पत्ति कुन अवस्थामा भएको हो भन्ने दृष्टिकोणबाट विभन्नि प्रशङ्गका उदाहरण आएका छन् । तिनमा विभाव, अनुभाव, सञ्चारी भाव र स्थायी भावको अवस्था के कस्तो छ भन्ने निरूपण गर्ने कार्य सम्पन्न भएको छ । यस शिल-शिलामा शृङ्गार रस केही मात्रामा, करुण रस र शान्त रसको प्रयोग धेरै मात्रामा भएको छ । अन्य रसहरू वीर, करुण, हास्य, रौद्र, अद्भुत, भयानक र वीभत्स रसको प्रयोग तुलनात्मक रूपमा कम मात्रा प्रयोग गरिएको छ । आलम्बन, उद्दीपन विभावको केन्द्रमा बाल्यकालमा सिद्धार्थ

गौतम विवाहदेखि यशोधरा, त्यसभन्दा अगाडी राजा शुद्धोदन र रानी मायादेवी आएका छन् । बुद्धले बुद्धत्व प्राप्त गरेपछि भने उनका चेला, सहयोगी पनि ठाउँ ठाउँमा विषय आलम्बन र आश्रय आलम्बनको रूपमा उदाएका छन् ।

यसबाट शान्त रस यस महाकाव्यको मूल रस हो भन्ने ठहर गरिएको छ । करुण रस यस महाकाव्यमा प्रस्तुत गरिएको दोस्रो प्रमुख रसको रूपमा आएको छ भने अन्य रसहरू सहायक रसका रूपमा आएका छन् । विविध व्यभिचारी भाव र रस प्रयोजनका हिसाबले समेत अध्ययन गरी काव्यगत विश्लेषण समापन गरिएको छ ।

## ४.२ निष्कर्ष

गौतम बुद्धको जीवन चरित्रसँग सम्बन्धित भएर रचेको यो महाकाव्य विभिन्न समयमा विभिन्न कोणबाट अध्ययन भएपनि रसविधानको कोणबाट गरिएको यस अध्ययन शोधप्रश्नमा आधारित भई पूर्वकार्यको समीक्षा, रसको सैद्धान्तिक अवधारणा, अङ्ग अङ्गी रस, सञ्चारी भाव आदिको कोणबाट अध्ययन गरिएको छ । विश्लेषणात्मक रूपमा रसको प्रयोग यस अध्ययनमा गरिएको छ ।

महामानव गौतम बुद्ध नामले नै ऐतिहासिक पात्र बुद्ध दर्शनका प्रणेता भएकाले उनको नाम नै चर्चित नाम बनेको र उनको नाममा आधारित यो महाकाव्य शान्तिको प्रर्याय हो । यस क्रममा उनको जीवनमा आएको विभिन्न उतारचचढाव र बौद्ध दर्शनको मान्यता आदिलाई विभिन्न सन्दर्भले उजागर गरेका छन् । निष्कर्षमा गौतम बुद्ध महाकाव्य बुद्ध दर्शन, करुणा, मैत्री, दया, अहिंसा जस्ता मानवीय श्रेष्ठ र ओजपूर्ण गुणयुक्त रसविधानका हिसाबले समेत उत्कृट बनेको  छ । जसमा शान्त रस प्रमुख दोश्रो रसको रूपमा करुण र अन्य रस सहायक रस बनेका छन् ।

गौतम बुद्ध एक ऐतिहासिक, परिवर्तनकारी, मानवताका नमूना, अहिंसा, करुणामय, दया, मैत्री, ज्ञान, सद्चार र जस्ता गुणवान पुरुष पात्रलाई लिएर रचना गरिएको महाकाव्यमा उनलाई भद्र, सभ्य र शालीन तवरले प्रस्तुत गरिएको छ । रस परिपाकको हिसाबले उनको तत्कालीन परिवेश, राज्य व्यवस्था, शिक्षा प्रणाली, समाज र भूगोल आदिका बारेमा उतार चढावको कारणले शान्त रस परिपाकमा पुगेको छ ।

रस परिपाकको दृष्टिबाट गौतब बुद्ध महाकाव्यलाई अध्ययन विश्लेषण, तुलना र वर्णन गर्नुपर्ने हुन्छ । शृङ्गार, वीर, करुण, हास्य, रौद्र, भयानक, वीभत्स र शान्त रसको स्थिति विभिन्न अवस्थाले कतै सामान्य, कतै उच्च त कर्त निम्न अर्थात् न्यूनाधिक रूपमा रस प्रवाह भएको भेट्न सकिन्छ ।

शृङ्गार रस काव्यको सुरुवाती चरणमा देखा परेको छ । नेपालको प्राकृति हरियाली र यहाँको भूगोलको महिमागानबाट सुरु भएको चर्चा राजा शुद्धोदन र रानी मायादेवीको विवाहसम्म पुग्दा शृङ्गार रसको सङ्केत भेट्न सकिन्छ । राजा शुद्धोदनको विवाह रानी मायादेवीसँग हुनु, राजा रानीको एक आपसमा आकर्षण र हिमचिमले एक अर्का बीच नजिक हुनु र सहवास सम्म पुगेर रानी गर्भवती हुने घटनाले शृङ्गार रस निष्पत्ति भएको भेट्न सकिन्छ तर यो काव्यको सम्पूर्ण विस्तारको हिसाबले थोरै भाग र सीमित क्षेत्रमा रहेको पाइन्छ ।

शृङ्गार रसको प्रयोगको रूपमा अर्को सन्दर्भलाई हेर्दा सिद्धार्थ गौतमको विवाह चर्चा हुन्छ । तर सिद्धार्थ तुरुन्तै विवाह गर्न राजी हुँदैन तर पनि उनलाई सर्तमा विवाह गर्ने वातावरण बन्दछ । त्यस अवस्थामा यशोधरा र सिद्धार्थ गौतमको विवाह हुन्छ । समयक्रम बित्दै जाँदा उनीहरूको प्रेम उत्कर्षमा पुगेर राहुल नामको छोरा जन्म हुन्छ । यस घटनामा विषय आलम्बन र आश्रय आलम्बनमा आएका सिद्धार्थ गौतम र यशोधरा बीच शृङ्गार रस निष्पत्ति भएको स्पष्ट भेट्न सकिन्छ । तर यहाँ पनि काव्यको फैलावट काव्यमा हुनु पर्ने प्रमुख रस भाव हेर्दा शृङ्गार रस पूर्ण शक्तिशाली र परिपाक भएको अवस्था भेट्न सकिँदैन ।

रस परिपाकका दृष्टिले वीर रसको स्थितिलाई तुलनात्मक, विश्लेषणात्मक र वर्णनात्मक हिसाबले चर्चा गर्न सकिन्छ । गौतम बुद्ध महाकाव्यको विस्तार, लम्बाइ, चौडाइ र उचाइ सबै कोण नियाल्दा शृङ्गार रसको तुलनामा वीर रस स्थिति कमजोर रहेको छ । वीरता आफैमा शक्ति हो । हुन त बुद्धत्व प्राप्ति र उपलब्धी गर्ने कुरा सानोतिनो वीरता होइन तर पूर्वीय रस सिद्धान्तले युद्ध मैदानमा योद्धाले देखाउने वीरतालाई सङ्केत गरेको हुनाले बुद्धको वजीतरागीपनलाई यहाँ वीर रस र त्यसको परिपाक भएको भन्नु उचित र न्यायपूर्ण हुँदैन । त्यसैले महाकाव्यमा आएका विभिन्न प्रसङ्गले वीर रसको मान्यता अनुसार युद्ध कौशल र विजय भएको खासै उदाहरण छैन । कविले कतै कतै व्यभिचारी भावको संयोजन गर्दै वीर रसको प्रसङ्ग भने काव्यांशमा भेट्न सकिन्छ । सारमा के उल्लेख गर्न सकिन्छ भने शृङ्गार र भन्दा वीर रसको प्रयोग र परिपाकको स्थिति

कमजोर छ । वीभत्स रसको भन्दा वीर रसको स्थिति भने बलियो छ । अन्य सबै रसलाई हेर्दा महाकाव्यमा वीर रसको स्थिति सामान्य देख्न र अनुभव गर्न सकिन्छ ।

तुलनात्मक, विश्लेषणात्मक र वर्णनात्मक हिसाबले करुण रसको स्थितिलाई परिपाक बनाउने सन्दर्भमा चर्चा गर्न सान्दर्भिक हुन्छ । गौतम बुद्ध महाकाव्यको शीर्षकबाट समेत करण स्वभाव भएको व्यक्तित्वको याद हुन्छ । बुद्ध शान्ति करुण, आदिंहसा र दयाको प्रतिमूर्ति पात्र हुन् । कविले महाकाव्यमा बुद्धलाई आत्मज्ञानी, विवकेशील करुणा भावले भरिएको एउटा अद्वितीय पुरुषको रूपमा चिनाएका छन् । सिद्धार्थ गौतम बालककाल देखि नै कुनै बोट विरुवा, जीवन जानु प्राणी आदिको वर्गलाई दुःख होला की भनेर ख्याल गर्ने, अरूलाई नसताउने कसरी सबैलाई दुःखबाट छुटकारा दिन सकिन्छ भनेर चिन्तन गर्ने स्वभावका थिए । जसले उनलाई करुणा र मैत्रीपूर्ण भावना भएका व्यक्तिको रूपमा चिनाएको छ । कविले उनको स्वभाव अनुकुल परिस्थि खडा गरेर विभन्नि किमिसका सञ्चारी भावको प्रयोग गरेर बुद्ध जन्मेको घटनादेखि करुण रसको उठान गर्दै, मानवता, दया र सम्पूर्ण प्राणी जगत्को भलो सोच्दै करुण रसको उठान, विस्तार र पूर्णतामा लगेर रस परिपाकको स्थिति पैदा गर्न सफल भएका छन् । बुद्धको बुद्धत्व पछिको ज्ञानले त झन् करुण रस पूर्ण रूपमा परिपाक भएको छ भन्ने निष्कर्ष दिन सकिन्छ । तुलनात्मक हिसाबले हेर्दा करुण रस सिङ्गो महाकाव्यको दोस्रो अङ्गी रसको दर्जा प्राप्त गर्न सकेको छ । शृङ्गार, वीर, हास्य, भयानक, अद्भुत, रौद्र, अद्भुत भन्दा बढी उत्कृष्ट र परिपाक भएको तर शान्त रस भन्दा कम शक्तिशाली र परिपाक भएको भन्ने निष्कर्ष रहेको छ ।

हास्य रसलाई रस परिपाकका दृष्टिले विवेचनात्मक, विश्लेषणात्मक, तुलनात्मक र वर्णनजात्मक हिसाबले मूल्याङ्कन गर्दा महाकाव्यको चौथो दर्जामा रहेको देखिन्छ । कविले प्रसङ्ग अनुसार हास्य रसको प्रयोग गरेका छन् । यो रस शान्त, करुण र अद्भुत रस पछि बढी र सान्दर्भिक हिसाबले प्रयोग भएको छ । काव्यमा अनौठा र विचित्र घटना, पात्र र प्रवृत्ति आदिले हाँसोको माहोल सृजना गरेका छन् । तर यो रस पूर्ण परिपाक भने हुन सकेको छैन । अङ्गी रसको सहयोगी रसको रूपमा देखा परेर सिङ्गो महाकाव्यमा व्यभिचारी भावलाई बोकेको पाइन्छ ।

अद्भुत रसलाई पनि रस परिपाकका दृष्टिले विवेचना, विश्लेषण, तुलना र वर्णन गर्न सकिन्छ । अद्भुत अर्थले अनोठों, अचम्मको, विचित्र किसिमकको भन्ने हुन्छ । सिद्धार्थ गौतम जन्मने र त्यो वालक विलक्षण प्रतिभायुक्त ज्ञानी हुन्छ र ऊ बुद्ध बन्ने छ भन्ने भविष्यवाणीले नै महाकाव्यमा अद्भुत भावको रस निष्पत्ति भएको देखिन्छ । नभन्दै मायादेवीको गर्भबाट जन्मेको दिन

नै त्यो बालक मुसुक्क हाँस्ने र हिड्ने कार्य गर्दछ । जन्मेको दिग नै सात पाइला हिड्ने बालक अद्वितीय हुन्छ । यो सामान्य घटना नभई अद्भुत रहस्य बोकेको घटना भएकाले सिद्धार्थ विषय आलम्बन विभाव हुन् । जसले सबैको ध्यान आकर्षण गरेका छन् । मध्य रातमा घर परिवरा र राज्यको सुख सुविधा त्याग गर्ने व्यक्ति साँच्चै अद्भुत हुन्छ । छ वर्षसम्म पीपलको बाटोमा ध्यान गरेको बस्ने काम सिद्धार्थले गरेका छन् । यो झनै अद्भुत कार्य हो । उनले निर्वाण प्राप्त गर्ने बखत पाँच अनौठा, अद्भुत घटनाको सपना देख्छन् । यी पनि अद्भुत रहस्य र अर्थका छन् । त्यसैले पनि यहाँ अद्भुत रस उत्कर्षमा पुगेको छ । नभन्दै केही समयपछि उनले बुद्धत्व प्राप्त गर्छन् । यो झनै असाधारण र अद्भुत घटना थियो । बुद्धत्व प्राप्त पछि उनले दिएका ज्ञान, दुःख निवारणको उपाय साँच्चै अद्भुत र अद्वितीय भएकाले यस महाकाव्यमा अद्भुत रस पूर्ण रूपले परिपाक भएको भेटिन्छ । तुलनात्मक हिसाबले सम्पूर्ण महाकाव्यमा यो रसले तेस्रो स्थान ओगटेको छ । पहिलो शान्त, दोस्रो करुण, तेस्रो अद्भुत रस क्रमशः निष्पत्ति भएका छन् । अद्भुत रस शान्त र करुण भन्दा कम शक्तिशाली तर अन्य रस भन्दा बढी शक्तिशाली बनेर परिपाक भएको निष्कर्ष भेटिन्छ ।

वीभत्स रसको परिपाक  अवस्थालाई विवेचनात्मक, विश्लेषणात्मक, तुलनात्मक र वर्णनात्मक हिसाबले सिङ्गो महाकाव्यमा हेर्दा कविले प्रसङ्गवश विभिन्न सन्दर्भमा यस रसको प्रयोग गरेका छन् । बुद्धले बाल्यकाल देख महापरिनिर्वाण प्राप्त गर्ने बेलासम्म विभिन्न अवस्थामा वीभत्स भावको सामाना गर्नु परेको छ । अप्रिय दृश्य र घटनाले उनलाई असहज महसुश गराएको पाइन्छ । यो उनको जीवन चरित्र, स्वभाव र भावना भन्दा भिन्न र विद्यारित भएकाले महाकाव्यमा यो रसको परिपाक तुलनात्मक रूपले कमजोर र काँचो अवस्था नै पाइन्छ । यस परिपाकको स्थितिमा नपुगेको वीभत्स रसले सहायक नभई विपरित भूमिका खेलेको छ ।

रस परिपाकको दृष्टिले हेर्दा रौद्र रसको स्थिति यस महाकाव्यमा कमजोर, असन्तुलित, अप्रासाङ्गिक अनुभव हुन्छ । महामानव गौतम बृद्ध स्वभाव र चरित्र दुवै हिसाबले शान्त भएकाले रौद्र रसको गुण र स्वभाव कुनै पनि नआएको हुनाले यस महाकाव्यमा कविले अप्रासाङ्गिक स्थानमा रौद्र रसको प्रयोग गरिएको पाइन्छ ।

रस परिपाकको दृष्टिले हेर्दा भयानक रसको स्थिति यस महाकाव्यमा कमजोर, असन्तुलित, अप्रासाङ्गिक अनुभव हुन्छ । महामानव गौतम बृद्ध स्वभाव र चरित्र दुवै हिसाबले शान्त भएकाले

भयानक रसको गुण र स्वभाव कुनै पनि नआएको हुनाले यस महाकाव्यमा कविले अप्रासाङ्गिक स्थानमा भयानक रसको प्रयोग गर्न खोजिएको देखिन्छ ।

शान्त रसलाई विभिन्न व्यभिचारी (सञ्चारी) भावले उत्तेजना र हौसला दिएका छन् । जीवन र जगतप्रतिको दृष्टिकोण, मूल्य मान्यता, एकान्त चिन्तन, वैराग्यता, असमानता, जन्म मरणको भव सागरबाट मुक्ति खोज्ने चाहना, संसारिक जीवन दुःखमय छ, दुःखको कारण छ । दुःखको निवारण सम्भव छ भनेर आशावादी दृष्टिकोण राख्ने गौतम बुद्ध २९ वर्षको उमेरमा घर छाडेर भारतको गया भन्ने स्थानमा गई पीपलको रुखमुखी करिब ६ वर्ष ध्यान गरेर बुद्धत्व प्राप्त गरेपछि पात्र आफ्नो देश फर्कन्छन् । यी सम्पूर्ण घटना घट्दा उनले गरेको कठोर सङ्घर्ष, त्याग र बलिदान सम्झँदा मात्रै पनि भिक्षुरूपमा अद्भुत साहस, वीरता र करुणा जस्ता विभन्नि भावरूप उदय भएका छन् । घर छाडेर जाने समय र त्यसपछि यशोधराले खप्न परेको वियोगको छुटपटि अत्यास लाग्दो, मर्मयुक्त, कारुणीक र निःशब्द हुने खालको छ । यस्ता बेलामा काव्यमा करुण रस शक्तिशाली भएर उदाएको छ ।

मानवताको कसीबाट हेर्दा यस महाकाव्यमा राम स्थायी भाव भएर शान्त रसको प्रवाह निकै शक्तिशाली र अद्वितीय उदाहरण बनेको छ । बुद्धले बुद्धत्व प्राप्त गरेपछि दिएका वचन अष्टशील, पञ्चशील, वचन, दया, करुणा, मानवता र अहिंसाको सन्देशले उनको भव्य व्यक्तित्वमा शान्त रसको उत्कर्ष भेटिन्छ । बुद्धले जीवन र जगतको बारेमा राखेको धारणा 'धम्मपद' जसले संसारको नियम र सत् कर्मलाई सम्झाउने कार्य गरेको छ । यस वखत शान्त रस सबै भन्दा बढी शक्तिशाली बनेर उदाएको छ । बुद्धलाई बुद्ध मात्र नभएर महापुरुष, महा मानव शान्ति दूत जस्ता नामले समे काव्यमा सम्बोधन गरिएको छ । जसले बुद्धलाई शान्त रसको पर्याय अर्थात् आलम्बन विभावको केन्द्र बनाएको छ ।

गौतम बुद्धलाई शान्त रसको केन्द्रमा अड्याउन सांसारिक दुःख, जन्म मरणको चक्र, वृद्ध, रोगी र मरेको मान्छेको लास आदिले सहयोग गरेका छन् । राक्षस, ध्यान भङ्ग गराउन षड्यन्त्र गर्ने षडयन्त्रकारी उनी वादविवाद गर्न आउने व्यक्ति समेत बुद्धलाई क्रोध उत्पन्न गराउन सकेका छैनन् । जसले उनी शान्त र शिष्ट चरित्र भएका शान्तिप्रिय पात्र भन्ने स्पष्ट हुन्छ । अङ्ग रसको रूपमा आएका शृङ्गार, करुण, वीर, हास्य, अद्भुत, वीभत्स, रौद्र, भयानक रसले शान्त रस परिपाक बनाउन मद्दत गरेका छन् । यसलाई बुद्धका जीवनमा विभिन्न समयमा आएका सङ्घर्षका क्षणले

उनको जीवनको श्रेय र प्रेय नै शान्ति रहेको स्पष्ट हुन्छ र महाकाव्यमा पनि शान्त रस अङ्गी रसका रूपमा आएको छ ।

## सन्दर्भ सामग्रीसूची


आले, श्रीबहादुर (२०६८), *काव्य तत्त्वका आधारमा गौतम बुद्ध महाकाव्यको अध्ययन,* (अप्रकाशित स्नाकोत्तर तह शोधपत्र), रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौँ ।

उपाध्याय, केशवप्रसाद (२०४०), *साहित्य प्रकाश,* काठमाडौं : साभ्रा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०३६, पाँचौँ संस्करण), *पूर्वीय साहित्यसिद्धान्त,* ललितपुरः साभ्रा प्रकाशन ।

गड्तौला, नारायण (२०७१, प्रथम संस्करण), *रस र ध्वनि सिद्धान्त,* प्रगति पुस्तक प्रकाशन प्रा.लि., काठमाडौँ ।

घिमिरे, माधव 'टङ्गाल' (२०६०), *महाकाव्यका न्यौपानेका गौतम बुद्ध,* रचना द्वैमासिक पूर्णाङ्क, ७६, बैशाख-जेष्ठ अङ्क काठमाडौं ।

चौलागाई, ध्रुवबहादुर (२०६६), *गौतम बुद्ध महाकाव्यको कृतिपरक अध्ययन,* (अप्रकाशित स्नाकोत्तर तह शोधपत्र), रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौँ ।

त्रिपाठी, वासुदेव (२०५३/०५४), *वाङ्मय,* अनुसन्धानमूलक पत्रिका, अङ्क–७, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

थापा, योगबहादुर (२०६३), *साहित्यकार चन्द्रप्रसाद न्यौपानेको जीवनी, व्यक्तित्त्व र कृतित्त्व*को *अध्ययन,* (अप्रकाशित स्नाकोत्तर तह शोधपत्र), त्रिचन्द्र कलेज, घण्टाघर काठमाडौँ ।

देवकोटा, डिल्लीकुमार (२०६४), *चन्द्रप्रसादको महाकाव्यकारिता,* (अप्रकाशित स्नाकोत्तर तह शोधपत्र), त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

लामिछाने, कपिलदेव (२०७९), नेपाली बौद्ध प्रबन्धकाव्यको अध्ययन, काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

नगेन्द्र, (सन् १९६४), *रस सिद्धान्त,* दिल्ली : नेशनल पब्लिसिङ्ग हाउस ।

न्यौपाने, काशीनाथ (२०६३), *गौतम बुद्ध महाकाव्यलाई नियालेर हेर्दा,* कान्तिपुर दैनिक फागुन ३, कान्तिपुर पब्लिकेशन, काठमाडौं ।

न्यौपाने, चन्द्रप्रसाद (२०५९), *गौतम बुद्ध* महाकाव्य काठमाडौँ : आँखा स्वयंसेवी प्रकाशन ।

पाण्डे, हेमराज (२०६०), *अभागी, कृति समीक्षा,* मधुपर्क कार्तिक, अङ्क, काठमाडौं ।

पौडेल, टीकादत्त (२०६८), *गौतम बुद्ध महाकाव्यमा अलङ्कारको प्रयोग,* (अप्रकाशित स्नाकोत्तर तह शोधपत्र), रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौँ ।

भण्डारी, कृष्णप्रसाद (२०५९), *गौतम बुद्ध महाकाव्य ,* गोरखापत्र दैनिक, वर्ष १०३, अंक ३२, फागुन, काठमाडौं ।

रिमाल, श्याम (२०६९), *गौतम बुद्ध महाकाव्य प्रकाशित,* गोरखापत्र दैनिक, असोज १९, काठमाडौं ।

विश्वनाथ, (२०७९), *साहित्य दर्पण :* (शेषराज रेग्मी, व्याख्याता), बाराणसीः चौखम्बा कृष्णदास अकादमी ।

शर्मा, गोपीकृष्ण (२०६८)*संस्कृत साहित्यको रूपरेखा,* (चतुर्थ संस्क.) काठमाडौँ : शब्दार्थ प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७६), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* (पाँचौं संस्क.) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, विनयकुमार (२०५९), *नेपाली महाकवि र महाकाव्य,* काठमाडौँ : भाभा प्रकाशन ।

शर्मा, सोमनाथ (२०५८). *साहित्य प्रदीप,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सिंह, सत्यव्रत (सम्पा.), (२००७), *साहित्य दपर्ण,* वाराणासी : चौखम्बा विद्याभवन ।